CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सत्यमार्ग

॥ जगद्गुरु भगवान श्री निम्बार्काचार्य्य ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शिक्षाको ज्योतिले अन्धकारलाई नाश गर्दछ ।
धर्मको ज्ञानचक्षुले सन्मार्गमा डोऱ्याउँछ ।
जगद्गुरु भगवान् श्रीनिम्बार्क जयन्तीको
उपलक्ष्यमा
शिक्षा तथा धर्मप्रेमी बन्धुहरूमा
हार्दिक मंगलमय
शुभ–कामना
व्यक्त गर्दछ ।

मोडेल प्राइमरी स्कूल

मानभवन

फोन नं. ५२५९८४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ॐ

श्रीमन्निम्बार्कमहामुनीन्द्राय नमः

सत्य मार्ग

(धार्मिक पत्रिका)

वर्ष १ वि. सं. २०४९ ने. सं. १११३ ई. सं. १९९२ अङ्क १

सम्पादक :

श्री मुकुन्द प्रसाद निरौला

व्यवस्थापक :

महन्त श्री खगेश्वर दास

श्री आशा बहादुर नुगः

सहयोगी :

प्रा. श्री खेमराज कृष्णशरण ज्ञवाली

श्री अर्जुन विष्ट

श्री गोपाल प्रसाद पाठक

श्री गोविन्दमान श्रेष्ठ

आवरण सजावटः- आशाबहादुर नुगः

मूल्यः- १०।-

प्रकाशकः- श्रीनिम्बार्क सेवासमिति, शंखमूल आश्रम, ललितपुर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस प्रकाशनको प्रसाद

	के	कस्को	कहाँ
१	सत्यमार्ग	– आशा	१
२	सर्वव्यापक ॐ	– डा. दुर्गाप्रसाद दवाडी	२
३	आचार्य निम्बार्क र भक्तिदर्शन	– प्रा. चेतोनाथ शर्मा आचार्य	७
४	भगवान् पशुपतिनाथ र पशुपति क्षेत्र परिचय	– डा. गोविन्द टण्डन	११
५	श्रीसम्प्रदाय	– पं. श्री सोमनाथ घिमिरे "व्यास"	१७
६	श्रीवैष्णव (विशिष्टाद्वैत) सम्प्रदायः एक चर्चा	– मधुसूदन रामानुजदास	२०
७	पुरानो साँचो युग कहिले र कस्तो थियो	– हृषिकेश शर्मा	२७
८	संस्कृतमुद्दिश्य किञ्चित्	– अलका आत्रेय	३०
९	भगवत् प्रसन्नताको आधार हो भक्ति	– खेमराज श्रीकृष्णशरण ज्ञवाली	३३
१०	सनातनधर्मको संरक्षणमा भगवान निम्बार्कको योगदान	– प्रा. रामहरि दाहाल	३७
११	गीतामा भक्ति योग	– सहायक रथी डा. ठाकुरनाथ भट्टराई	४१
१२	भक्तिदर्शनको क्षेत्रमा आचार्य निम्बार्क	– अच्युतराज रेग्मी	४४
१३	लं. पु.	– श्याम मलेकू	४६
१४	प्रकाशकीय		४८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सच्चा विकास जनताको पाखुरा, पसीना, मन र मस्तिष्कमा नै अडेको पाइन्छ ।

– श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेव

मन, वचन र कर्मले सेवा गरौं ।

– श्री ५ ऐश्वर्य राज्यलक्ष्मी देवी शाह

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सम्पादकीय

श्रीराधासर्वेश्वरो विजयतेतराम्

यो त निर्विवाद तथा सत्य तथ्य छ कि प्रभुकृपाविना कुनै पनि प्राणीको गति छैन । भगवान्को इच्छा जस्तो हुन्छ त्यस्तै नै गति प्राणीको हुन्छ । यसभन्या पर्तिर मानिसले केही गर्ने इच्छा नै गर्दछ भने त्यो उसको आफ्नै अबूझपना हो ।

मानव समाजलाई स्वधर्मप्रति उत्प्रेरित गर्न वारम्वार भगवान्ले अवतार लिइरहनुहुन्छ; कहिले श्रीकृष्णको रूपमा, कहिले श्रीरामको रूपमा, कहिले बुद्धको रूपमा, कहिले कुन रूपमा र कहिले कुन रूपमा । तर भगवान्का कति हो कति अर्थात् असंख्य अवतारहरू भए तथा भइनैरहेका छन्, त्यो सबै हाम्रो दृष्टि (स्थूल दृष्टि) बाट परको कुरो हो । मुख्य कुरा हो कि सदा सर्वदा सम्पूर्ण प्राणीमा ईश्वरदृष्टिले हेर्दै उनीहरूको भलाइमा लाग्नु नै मानवको मूल कर्तव्य हो । भगवान्को भक्ति अनेक प्रकारले गर्न सकिन्छ । जसरी हुन्छ प्रभुलाई नभुल्नु नै भक्ति हो । तर भगवान्लाई चाहिं नभुल्ने अनि समाजप्रति कुत्सित दृष्टि राख्नेले त्यो पद प्राप्त गर्न सक्दैन, जुन ती भक्तहरूले पाउँछन् जो प्रभुको स्मरण गर्दै समाज भलाइमा निरन्तर लागेका हुन्छन् । जस्तै— कंस पनि हर्दम शत्रुको भावनाले प्रभुको स्मरण गर्दथ्यो तर समाजप्रति ऊ केही भलो गर्ने विचार राख्न सक्दैनथ्यो । जसले गर्दा उसले मर्नुपर्‍यो, तर भक्त ध्रुव निरन्तर समाजको भलाइमा लागेका हुनाले उनले ध्रुवलोक प्राप्त गरे । त्यसकारण जो समाज कल्याणमा समर्पित छ उसले प्रभु भक्ति र जो प्रभुको भक्तिमा मग्न छ उसले समाजहिताय कर्म गर्न अनिवार्य छ र मात्र भक्ति कल्याण दुवै एक आपसमा सार्थक र मजबूत बनेर प्रभुपदसम्म पुऱ्याउन सक्ने हुन्छन् । समाज–कल्याणको प्रयोजन सबैलाई थाह छ— तर भक्तिको प्रयोजन के ?

श्रीरूपगोस्वामीजी भक्तिका छः प्रयोजन बताउनुहुन्छ—

१) क्लेशघ्नी, २) शुभदा, ३) मोक्षलघुताकृत्, ४) सुदुर्लभा, ५) सान्द्रानन्द विशेषात्मा र ६) श्रीकृष्णाकर्षिणी ।

क्लेशघ्नी शुभदा मोक्षलघुताकृत्सुदुर्लभा ।
सान्द्रानन्दविशेषात्मा श्रीकृष्णाकर्षिणी च सा ।।

क्लेशहनन गरी शान्ति प्रदान गर्नु, शुभ कल्याण प्रदान गर्नु, मोक्षलाई पनि सानो स्तरको जानेर नित्य प्रभु भक्ति गर्नु, जस्तोतस्तो मतिद्वारा प्राप्त नहुनु, आनन्दाति आनन्द प्रदान गर्नु र भगवान्लाई भक्तप्रति र भक्तलाई भगवान्प्रति विशेष आकर्षित गर्नु यी सबै भक्तिका प्रयोजन हुन् । प्रभुप्रति प्रीतिको महिमा वर्णन पद्मपुराणले यसरी गरेको छ—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

येनार्चितो हरिस्तेन तर्पितानि जगन्त्यपि ।
रञ्जयन्ति जन्तवस्तत्र जंगमाः स्थावरा अपि ।।

अर्थात् भगवत्सेवा प्रीतिपूर्वक जसले गऱ्यो उसद्वारा सम्पूर्ण जगत तृप्त भयो अथवा हुन्छ तथा यस्ता भक्तहरूका सामु स्थावर, जङ्गम सम्पूर्ण प्राणीहरू अनुरागका पात्र बन्दछन् । भागवतमा पनि व्यासजी भन्नुहुन्छ—

यस्यास्ति भक्तिर्भगवत्यकिञ्चना ।
सर्वैर्गुणैस्तत्र समासते सुराः ।।
हरावभक्तस्य कुतो महद्गुणा ।
मनोरथेनासति धावतो हरिः ।।

अर्थात् जो प्रभुभक्ति गर्दछ त्यसका देहमा सबै देवताहरू निवास गर्दछन् र त्यो देही परम पवित्र हुन्छ तथा भक्ति नगर्नेहरूमा यो सम्भव छैन । किनभने त्यस्ता त असत्य मनोरथकै पछि पछि दौडने हुन्छन्, त्यस कारण महद्गुणहरूले पनि यस्तालाई छाडिदिन्छन् । जसले गर्दा ऊ समाजमा असभ्य, अभद्र बन्न पुग्दछ र अन्त्यमा पनि उसले उत्तम गति प्राप्त गर्न सक्दैन ।

शताब्दियौंदेखि सृष्टिको शुरुदेखि हाम्रा धर्मशास्त्र, नीति शास्त्रहरूले यही भनेका छन्— जो मुक्ति चाहन्छ त्यो प्रभुभक्ति गरोस् । अनन्य प्रभुभक्तले यस संसारमा आइरहनु पर्दैन । संसार भनेको माया हो, यो क्षणिक हो । यसबाट पार पाउनु नै सबभन्दा ठूलो पुरुषार्थ हो । नारदभक्तिसूत्रमा—

कस्तरति कस्तरति मायाम् ?
यः सङ्गास्त्यजति यो महानुभावं सेवते, निर्ममो भवति ! भनिएको छ ।

यो विविक्तस्थानं सेवते, यो लोकबन्धमुन्मूलयति, निस्त्रैगुण्यो भवति, योगक्षेमं त्यजति, कर्मफलं त्यजति कर्माणि सन्यस्यति ततो निर्द्वन्दो भवति वेदानपि संन्यस्यति, केवलमविच्छिन्नानुरागं लभते स तरति, स तरति स लोकांस्तारयति । तर आजको मानव समाज आफ्नो बाटो भूलेर अन्धोपनामा दौडिरहेको छ । यस अवस्थामा हामीले आफ्ना परम्परामा जति पनि आचार्य विभूतिहरू भए उनीहरूको स्मरण गर्दै उनीहरूद्वारा निर्दिष्ट मार्गलाई समाउनु हाम्रो मूल कर्तव्य हो ।

पत्र पत्रिकाको माध्यमबाट सही मार्गमा लाग्ने प्रेरणा दिनका लागि आफ्ना गहन लेखकहरू दिने विद्वान् लेखकहरू तथा प्रकाशनार्थ अर्थदाताहरूमा पनि यसै स्तम्भबाट धन्यवाद नदिई यो समिति रहँदैन ।

— मुकुन्द निरौला शास्त्री

□

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सत्यमार्ग

— आशा

श्रीकृष्णको दर्शन पाउन सदाशिव आउनु भो गोकुलमा ।
योगीको भेषधारी ॐकार श्रीशंकरलाई चिनौं कसरी ? ।।
लामा लामा दाडी हातमा डमरु र त्रिशूल लिएको प्रभु ।
यशोदाजी मायाले वालगोपाल देखाउन डराउनुभयो ।।

।। १ ।।

तिन त्रिभुवनका अधिपति भोलेबावा शिवशंकरले ।
जानीसक्नुभो यशोदाको मनमा के छ कुरा भन्ने ।।
नाना किसिमको मेवा मिष्टान्न थाल भरिको भिक्षा हेरी ।
प्रभु जगदीश्वर अन्तर्यामी भिक्षा माग्न आएका होइनन् हरि ।।

।। २ ।।

बिचरी यशोदालाई के थाहा कृष्ण उनको सन्तानै हो भनी ।
प्रभु जगदीश्वरलाई हेर्ने दिव्य चक्षु यशोदासँग कहाँ छनि ।।
आफ्नो आँगनमा पाल्नुहुने "अतिथिदेवो भव" चिन्न नसक्नु ।
यशोदालाई छोपेको मोहमायाले मोक्ष पाउनु पनि गुमाउनु ।।

।। ३ ।।

वासुदेव बालगोपालको दर्शन गर्नुभै जानु भो हाँसी प्रभु ।
केहि पर पुगेपछि यशोदाको चित्त खोल्यो त्यही हो हरि प्रभु ।।
माया मोहको भुमरीमा परेपछि सदाशिवको दर्शन पाउने कसरी ।
अव त जानौं ज्ञानी नरनारी "अतिथि देव" पुग्छ घरमा दिनहुँ यसैगरी ।।

।। ४ ।।

सदाशिवले पनि दर्शन खोज्ने भगवान् श्रीकृष्णलाई ।
तिम्रै कोठामा एकदिन पाल्नुहुन्छ प्रभु दर्शन दिन भक्तलाई ।।
यस कर्मयुगमा कर्मयोग, ध्यानयोग र ज्ञानयोगवाट पाऔं ।
सत्संगत कहिले नछोडी, "सत्यमार्ग" मा सधैं लागौं ।।

।। ५ ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सर्वव्यापक ॐ

– डा. दुर्गाप्रसाद दवाडी

कठोपनिषद्मा सर्वातीत वस्तु के हो ? यस्तो प्रश्न गर्दै नचिकेताले धर्मराज यमराजसित सोधेका छन्—

अन्यत्र धर्मादन्यत्राधर्मादन्यत्रास्मात्कृताकृतात् ।
अन्यत्र भूताच्च भव्याच्च यत्पश्यसि तद्वदं ।।
(कठ. १।२।१४)

"जुन तत्त्व धर्म अर्थात् शास्त्रप्रतिपादित धर्मानुष्ठान, त्यसको फल तथा त्यसको कारक (कर्ता साधन) इत्यादिबाट भिन्न छ तथा अधर्मबाट पनि भिन्न छ तथा कृत (कार्य, स्थूल र प्रपञ्च) तथा अकृत (स्थूल प्रपञ्चोप कारण, सूक्ष्म प्रपञ्च) बाट पनि पृथक् छ, यति मात्रै हैन जुन भूत (अतिक्रान्तकाल) तथा भव्य (आगामि काल र वर्तमान काल) बाट पनि भिन्न छ, अर्थात् जुन तत्त्वकालत्रयले अपरिच्छिन्न (त्रिकाल बाधित, कालानवच्छिन्न) छ, सम्पूर्ण व्यवहारबाट अतीत जो वस्तु तपाईं देख्नुहुन्छ (जान्नुहुन्छ) त्यो मसित भन्नुहोस !"

यस प्रश्नको उत्तरमा यमराजले भन्नुभएको छ—

सर्वे वेदा यत्पदमामनन्ति तपांसि सर्वाणि च यद्वदन्ति ।
यदिच्छन्तो ब्रह्मचर्यं चरन्ति तत्ते पदं संग्रहेण ब्रवीम्योमित्येतत्
(कठ. १।२।१५)

समस्त वेदहरू जुन पद अर्थात् गमन गर्ने योग्य स्थानको अविभागले (एकरूपले, सबैले समानरूपले) प्रतिपादन गर्दछन् तथा समस्त तपहरू पनि जुन स्थानको प्राप्तिको निमित्त हुन् भन्दछन्, जसको इच्छाले मुमुक्षु जनहरू ब्रह्मचर्यको पालन गर्दछन्, जसलाई तिमी जान्न चाहन्छौ, त्यो म संक्षेपले भन्दछु— त्यो पद "ॐ" यो नै हो । अर्थात् ॐ शब्द वाच्य र "ॐ" नै जसको प्रतीक हो त्यो नै त्यो पद हो जसलाई तिमी जान्न चाहन्छौ ।

नचिकेता पिताको आज्ञाले यमराजको घरमा गए र त्यहाँ यमराज नहुनाले तीन रातसम्म (यमराज फर्केर आएसम्म) अनशन गरेर बसे । यमराजले तीन तीन दिनसम्म एक ब्राह्मण आफ्नो ढोकामा भोकै बसेको प्रायश्चित्तको निमित्त तीन वर दिंदा तेस्रो वरको रूपमा नचिकेताले– "मरेको मनुष्यको विषयमा जो यो सन्देह छ" कुनै ता भन्छन्– "यो रहन्छ", कुनै त भन्छन्– "यो रहदैन ।" तपाईंद्वारा शिक्षित म यसलाई जान्न सकौं, यो मेरो तृतीय (तेस्रो) वर हो भनेका हुन् । त्यसको उत्तरमा नै सैकडौं वर्षको आयु भएको पुत्र पौत्र, धेरै धेरै धन, हात्ती, सुन, घोडा धेरै ठूलो भूमि र (पृथ्वी राज्य) स्वयं पनि दीर्घायुष्य हुने आदि माग, किन्तु मृत्यु विषयक प्रश्न छोडिदेऊ भन्दा पनि नचिकेताले ती जम्मै मृत्यु विषयक प्रश्न गरे र त्यसका उत्तरमा यमराजले आत्मज्ञानको उपदेश गरेर पछि पुनः नचिकेताले उपर्युक्त प्रश्न गरेका हुन् । त्यसको उत्तरमा यमराजले उक्त उत्तर दिएका हुन् । भन्नाको आशय यो हो कि नचिकेताले सोधेको प्राप्त गर्ने योग्य पद "ॐ" नै हो भन्ने कुरा यमराजले बताउनुभयो । त्यस ॐकारको अरू पनि वर्णन उपस्थापित गर्दै यमराजले भन्नुभएको छ –

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एतद्ध्येवाक्षरं ब्रह्म एतद्ध्येवाक्षरं परम् ।
एतदेवाक्षरं ज्ञात्वा यो मदिच्छति तस्य तत् ।।
(कठ. १।२।१६)

यो अक्षर (ॐ) नै अक्षर ब्रह्म हो र यो अक्षर नै परब्रह्म पनि हो । यो अक्षर ती दुवैको प्रतिक हो । यस अक्षरलाई "उपास्य ब्रह्म हो" यस्तो जानेर परब्रह्म प्राप्त गर्छ र जान्न सक्छ । अपरब्रह्म चाहने अपरब्रह्म प्राप्त गर्न सक्छ । त्यसै हुनाले—

एतदालम्बनं श्रेष्ठमेतदालम्बनं परम् ।
एतदालम्बनं ज्ञात्वा ब्रह्मलोके महीयते ।।
(कठ. १।२।१७)

यो ॐकार रूप आलम्बन (ब्रह्मप्राप्तिको सम्पूर्ण आलम्बन) हरूमा श्रेष्ठ हो, प्रशंसनीय हो । पर र अपर ब्रह्मको ज्ञान विषयक हुनाले यो आलम्बन पनि पर र अपर रूप छ । तात्पर्य यो हो कि यस आलम्बनलाई जानेर साधक ब्रह्मलोक अर्थात् परब्रह्ममा स्थित भएर महिमान्वित हुन्छ तथा अपर ब्रह्ममा स्थित भएर ब्रह्म जस्तो उपास्य हुन्छ ।

भन्नाको आशय—

–ॐ" यो शब्द नै परब्रह्म हो, परमेश्वर हो । यसको उपासना तथा जप गरेर साधक ब्रह्म स्वरूप हुन्छ; परमेश्वर स्वरूप हुन्छ ।

यस ॐ कारको उपासनाको निमित्त छान्दोग्योपनिषद्ले भनेको छ—

"ओमित्येतदक्षरमुद् गीथमुपासीत ।
ओमिति ह्युद्गायति तस्योपव्याख्यानम् ।।
(छान्दोग्य १।१।१)

"उद्गीथ शब्दवाच्य ॐ यस अक्षरको उपासना गर्नु, "ॐ" यो अक्षर परमात्माको समीपवर्ती अत्यन्तै समीप (नजीक) भएको नाम हो । त्यसको उच्चारण गरेमा परमात्मा प्रसन्न हुन्छ, जस्तै साधारण मनुष्य पनि आफ्नो प्रियनाम उच्चारण गरेमा प्रसन्न हुन्छन् । उद्गाताहरू "ॐ" यस्तो भनेर मात्र उद्गान गर्छन्; त्यसो हुँदा "ॐ कार" उद्गीथ हो ।"

वाक् र प्राण तथा ऋक् र सामको मिथुन हुन्छ । यस्तो त्यहाँ नै बताइएको छ—

वागेवर्क् प्राणः सामोमित्येतक्षरमुद्गीथः ।
तद्वा एतन्मिथुनं यद्वाक् च प्राणश्चर्क् च साम च ।।
(छान्दोग्य १।१।५)

"वाक् नै ऋक हो, प्राण नै साम हो र यो अक्षर ॐ" उद्गीथ हो र यी परमेश्वरमा मिथुन (जोर) हुन् । वाक् र प्राण क्रमशः ऋक र सामका कारण भएकोले वाक् नै ऋक् हो साम नै प्राण हो यस्तो भनिन्छ । यो मिथुन "ॐ" मा संसृष्ट छ—

तदेतन्मिथुनमोमित्येतस्मिन्नक्षरे संसृज्यते यथावै मिथुनौ समागच्छत आमयतो वै तावन्योन्यस्य कामम् ।।
(छान्दोग्य १।१।६)

त्यो यो (वाक् र प्राण तथा ऋक् र सामको) यो ॐ यसै अक्षरमा संसृष्ट हुन्छ । जब मिथुन परस्पर संसृष्ट हुन्छन् (जोरिन्छन्) त्यस वेलामा दुवै परस्परमा एक दोस्राको कामना प्राप्ति गराउने हुन्छन् । यसैगरी उद्गीथ दृष्टिले ॐकारको उपासना गर्ने पनि—

आमयिता हवै कामानो भवति य एतदेव विद्वानक्षरमुद्गीथमुपासते ।। (छान्दोग्य १।१।७)

उद्गीथ रूप अक्षरको उपासना गर्ने सम्पूर्ण कामनाको प्राप्ति गराउने हुन्छ ।

यो ॐकार समृद्धि गुणवान् पनि छ—

तद्वा एतदनुज्ञाक्षरं यद्धि किञ्चानुजानात्योमित्येव ।
तदाह एषा एव समृद्धिर्यदनुज्ञा ।।
समर्धयिता ह वै कामानां भवति यः ।
एतदेव विद्वानक्षरमुद्गीथमुपासते ।।
(छान्दोग्य १।१।८)

त्यो यो ॐकार नै अनुज्ञा (अनुमति सूचक) अक्षर हो । (लोकमा) कुनै विद्वान् वा धनी पुरुष जब कुनै ज्ञान वा धनको निमित्त अनुमति दिन्छ त्यो "ॐ" (होस् वा हुन्छ) भनेर नै अनुमति दिन्छ । यो अनुज्ञा नै समृद्धि हो । जुन यस्तो (कुरो) जान्ने विद्वान् पुरुष यस उद्गीथ अक्षरको उपासना गर्छ त्यो सम्पूर्ण कामनाको समृद्धि गर्ने हुन्छ ।

ओमित्येतदक्षरमुद्गीथमुपासीतो-
मिति ह्युद्गायति तस्योपव्याख्यानम् ।।
(छान्दोग्य १।४।१)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सर्वव्यापक ॐ

– डा. दुर्गाप्रसाद दवाडी

कठोपनिषद्मा सर्वातीत वस्तु के हो ? यस्तो प्रश्न गर्दै नचिकेताले धर्मराज यमराजसित सोधेका छन्—

अन्यत्र धर्मादन्यत्राधर्मादन्यत्रास्मात्कृताकृतात् ।
अन्यत्र भूताच्च भव्याच्च यत्पश्यसि तद्वद ।।
(कठ. १।२।१४)

"जुन तत्त्व धर्म अर्थात् शास्त्रप्रतिपादित धर्मानुष्ठान, त्यसको फल तथा त्यसको कारक (कर्ता साधन) इत्यादिबाट भिन्न छ तथा अधर्मबाट पनि भिन्न छ तथा कृत (कार्य, स्थूल र प्रपञ्च) तथा अकृत (स्थूल प्रपञ्चोपकारण, सूक्ष्म प्रपञ्च) बाट पनि पृथक् छ, यति मात्रै हैन जुन भूत (अतिक्रान्तकाल) तथा भव्य (आगामि काल र वर्तमान काल) बाट पनि भिन्न छ, अर्थात् जुन तत्त्वकालत्रयले अपरिच्छिन्न (त्रिकाल बाधित, कालानवच्छिन्न) छ, सम्पूर्ण व्यवहारबाट अतीत जो वस्तु तपाईं देख्नुहुन्छ (जान्नुहुन्छ) त्यो मसित भन्नुहोस !"

यस प्रश्नको उत्तरमा यमराजले भन्नुभएको छ—

सर्वे वेदा यत्पदमामनन्ति तपांसि सर्वाणि च यद्वदन्ति ।
यदिच्छन्तो ब्रह्मचर्यं चरन्ति तत्ते पदं संग्रहेण ब्रवीम्योमित्येतत्
(कठ. १।२।१५)

समस्त वेदहरू जुन पद अर्थात् गमन गर्ने योग्य स्थानको अविभागले (एकरूपले, सबैले समानरूपले) प्रतिपादन गर्दछन् तथा समस्त तपहरू पनि जुन स्थानको प्राप्तिको निमित्त हुन् भन्दछन्, जसको इच्छाले मुमुक्षु जनहरू ब्रह्मचर्यको पालन गर्दछन्, जसलाई तिमी जान्न चाहन्छौ, त्यो म संक्षेपले भन्दछु— त्यो पद "ॐ" यो नै हो । अर्थात् ॐ शब्द वाच्य र "ॐ" नै जसको प्रतीक हो त्यो नै त्यो पद हो जसलाई तिमी जान्न चाहन्छौ ।

नचिकेता पिताको आज्ञाले यमराजको घरमा गए र त्यहाँ यमराज नहुनाले तीन रातसम्म (यमराज फर्केर आएसम्म) अनशन गरेर बसे । यमराजले तीन तीन दिनसम्म एक ब्राह्मण आफ्नो ढोकामा भोकै बसेको प्रायश्चित्तको निमित्त तीन वर दिंदा तेस्रो वरको रूपमा नचिकेताले– "मरेको मनुष्यको विषयमा जो यो सन्देह छ" कुनै ता भन्छन्– "यो रहन्छ", कुनै त भन्छन्– "यो रहदैन ।" तपाइँद्वारा शिक्षित म यसलाई जान्न सकौं, यो मेरो तृतीय (तेस्रो) वर हो भनेका हुन् । त्यसको उत्तरमा नै सैकडौं वर्षको आयु भएको पुत्र पौत्र, धेरै धेरै धन, हात्ती, सुन, घोडा धेरै ठूलो भूमि र (पृथ्वी राज्य) स्वयं पनि दीर्घायुष्य हुने आदि माग, किन्तु मृत्यु विषयक प्रश्न छोडिदेऊ भन्दा पनि नचिकेताले ती जम्मै मृत्यु विषयक प्रश्न गरे र त्यसका उत्तरमा यमराजले आत्मज्ञानको उपदेश गरेर पछि पुनः नचिकेताले उपर्युक्त प्रश्न गरेका हुन् । त्यसको उत्तरमा यमराजले उक्त उत्तर दिएका हुन् । भन्नाको आशय यो हो कि नचिकेताले सोधेको प्राप्त गर्ने योग्य पद "ॐ" नै हो भन्ने कुरा यमराजले बताउनुभयो । त्यस ॐकारको अरू पनि वर्णन उपस्थापित गर्दै यमराजले भन्नुभएको छ –

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एतद्ध्येवाक्षरं ब्रह्म एतद्ध्येवाक्षरं परम् ।
एतदेवाक्षरं ज्ञात्वा यो मदिच्छति तस्य तत् ।।
(कठ. १।२।१६)

यो अक्षर (ॐ) नै अक्षर ब्रह्म हो र यो अक्षर नै परब्रह्म पनि हो । यो अक्षर ती दुवैको प्रतिक हो । यस अक्षरलाई "उपास्य ब्रह्म हो" यस्तो जानेर परब्रह्म प्राप्त गर्छ र जान्न सक्छ । अपरब्रह्म चाहने अपरब्रह्म प्राप्त गर्न सक्छ । त्यसै हुनाले—

एतदालम्बनं श्रेष्ठमेतदालम्बनं परम् ।
एतदालम्बनं ज्ञात्वा ब्रह्मलोके महीयते ।।
(कठ. १।२।१७)

यो ॐकार रूप आलम्बन (ब्रह्मप्राप्तिको सम्पूर्ण आलम्बन) हरूमा श्रेष्ठ हो, प्रशंसनीय हो । पर र अपर ब्रह्मको ज्ञान विषयक हुनाले यो आलम्बन पनि पर र अपर रूप छ । तात्पर्य यो हो कि यस आलम्बनलाई जानेर साधक ब्रह्मलोक अर्थात् परब्रह्ममा स्थित भएर महिमान्वित हुन्छ तथा अपर ब्रह्ममा स्थित भएर ब्रह्म जस्तो उपास्य हुन्छ ।

भन्नाको आशय—

–ॐ" यो शब्द नै परब्रह्म हो, परमेश्वर हो । यसको उपासना तथा जप गरेर साधक ब्रह्म स्वरूप हुन्छ; परमेश्वर स्वरूप हुन्छ ।

यस ॐ कारको उपासनाको निमित्त छान्दोग्योपनिषद्ले भनेको छ—

"ओमित्येतदक्षरमुद् गीथमुपासीत ।
ओमिति ह्युद्गायति तस्योपव्याख्यानम् ।।
(छान्दोग्य १।१।१)

"उद्गीथ शब्दवाच्य ॐ यस अक्षरको उपासना गर्नु, "ॐ" यो अक्षर परमात्माको समीपवर्ती अत्यन्तै समीप (नजीक) भएको नाम हो । त्यसको उच्चारण गरेमा परमात्मा प्रसन्न हुन्छ, जस्तै साधारण मनुष्य पनि आफ्नो प्रियनाम उच्चारण गरेमा प्रसन्न हुन्छन् । उद्गाताहरू "ॐ" यस्तो भनेर मात्र उद्गान गर्छन्; त्यसो हुँदा "ॐ कार" उद्गीथ हो ।"

वाक् र प्राण तथा ऋक् र सामको मिथुन हुन्छ । यस्तो त्यहाँ नै बताइएको छ—

वागेवर्क् प्राणः सामोमित्येतत्क्षरमुद्गीथः ।
तद्वा एतन्मिथुनं यद्वाक् च प्राणश्चर्क् च साम च ।।
(छान्दोग्य १।१।५)

"वाक् नै ऋक हो, प्राण नै साम हो र यो अक्षर ॐ" उद्गीथ हो र यी परमेश्वरमा मिथुन (जोर) हुन् । वाक् र प्राण क्रमशः ऋक र सामका कारण भएकोले वाक् नै ऋक् हो साम नै प्राण हो यस्तो भनिन्छ । यो मिथुन "ॐ" मा संसृष्ट छ—

तदेतन्मिथुनमोमित्येतस्मिन्नक्षरे संसृज्यते यथावै मिथुनौ समागच्छत आमयतो वै तावन्योन्यस्य कामम् ।।
(छान्दोग्य १।१।६)

त्यो यो (वाक् र प्राण तथा ऋक् र सामको) यो ॐ यसै अक्षरमा संसृष्ट हुन्छ । जब मिथुन परस्पर संसृष्ट हुन्छन् (जोरिन्छन्) त्यस वेलामा दुवै परस्परमा एक दोस्राको कामना प्राप्ति गराउने हुन्छन् । यसैगरी उद्गीथ दृष्टिले ॐकारको उपासना गर्ने पनि—

आमयिता हवै कामानो भवति य एतदेवं विद्वानक्षरमुद्गीथमुपासते ।। (छान्दोग्य १।१।७)

उद्गीथ रूप अक्षरको उपासना गर्ने सम्पूर्ण कामनाको प्राप्ति गराउने हुन्छ ।

यो ॐकार समृद्धि गुणवान् पनि छ—

तद्वा एतदनुज्ञाक्षरं यद्धि किञ्चानुजानात्योमित्येव ।
तदाह एषा एव समृद्धिर्यदनुज्ञा ।।
समर्धयिता ह वै कामानां भवति यः ।
एतदेव विद्वानक्षरमुद्गीथमुपासते ।।
(छान्दोग्य १।१।८)

त्यो यो ॐकार नै अनुज्ञा (अनुमति सूचक) अक्षर हो । (लोकमा) कुनै विद्वान् वा धनी पुरुष जब कुनै ज्ञान वा धनको निमित्त अनुमति दिन्छ त्यो "ॐ" (होस् वा हुन्छ) भनेर नै अनुमति दिन्छ । यो अनुज्ञा नै समृद्धि हो । जुन यस्तो (कुरो) जान्ने विद्वान् पुरुष यस उद्गीथ अक्षरको उपासना गर्छ त्यो सम्पूर्ण कामनाको समृद्धि गर्ने हुन्छ ।

ओमित्येतदक्षरमुद्गीथमुपासीतो-
मिति ह्युद्गायति तस्योपव्याख्यानम् ।।
(छान्दोग्य १।४।१)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ॐ यो अक्षर उद्गीथ हो। यस प्रकारको उपासना गर्नु। ॐ यस्तो उच्चारण गरेर नै (यज्ञमा) उद्गाताले (सामको) उद्गान उच्चस्वरले गान गर्छ। त्यस विषयको आख्यान पनि छ —

देवा वै मृत्यो बिभ्यतस्त्रयी विद्यो प्राविशंस्ते छन्दोभिराच्छादयन्छदोभिरच्छादयस्तच्छन्दसो छन्दस्त्वम् ॥

(छान्दोग्य १।४।२)

एकवार मृत्युसित भय मानेर देवताहरूले त्रयीविद्यामा (वेदमय प्रतिपादित कर्ममा) प्रवेश गरे। वैदिक कर्मलाई नै मृत्युबाट बच्ने साधनसम्म सम्झेर त्यसैको आरम्भ गरेर तथा कर्ममा जुन मन्त्रको विनियोग छैन ती मन्त्र (छन्द) ले जप होमादि गर्दै उनीहरूले आफूलाई कर्मान्तरहरूबाट आच्छादित गरे। देवताहरूले आफूलाई आच्छादित गरे त्यसै हुनाले मन्त्रहरूलाई छन्द पनि भनिन्छ—

तानु तत्र मृत्युर्यथा मत्स्यमुदके परिपश्येदेवं पर्यपश्यदृचि साम्नि यजुषि। तेनु विदितोर्ध्वा ऋचः साम्नो यजुषः स्वरमेव प्राविशन् ॥ (छान्दोग्य १।४।३)

जस्तै— माछा मार्नेले पानीमा भित्र बसेका माछालाई पनि देखिहाल्छ त्यस्तै कर्मले आफूलाई छोपेका पनि देवताहरूलाई मृत्युले देख्यो। तब त देवताहरूले ऋग् यजुः साम सम्बन्धी कर्मबाट निवृत्त भएर (कर्मको त्याग गरेर) स्वर अर्थात् ॐ यस अक्षरमा नै प्रवेश गरे अर्थात् ॐकारको उपासना गर्ने थाले। यो ॐकार स्वर हो किन भने। जब उपासक उपासनाद्वारा ऋक्लाई प्राप्त गर्छ त्यस वेला "ॐ" यस्तो भनेर नै ठूलो आदरसाथ उच्चारण गर्छ। यसै गरी साम र यजुः लाई पनि प्राप्त गर्छ ॐ उच्चारण गरेर नै। यो जो ॐ अक्षर छ त्यो अन्य स्वर वर्ण जस्तो स्वर नै हो। यो अमृत र अभय रूप हो। त्यस ॐ मा प्रवेश गरेर देवता पनि अमृत र अभय भए।

यदा वा ऋचामाप्नोत्योमित्येवगतिस्वरत्येकं सामैवं यजुरेव उ स्वरो यदेतदक्षरमेतदमृतमभयं तत्प्रविश्य देवा अमृता अभया अभवन्

(छान्दोग्य १/४।४)

स य तत्तदेवं विद्वानक्षरं प्रणौत्येतदेवाक्षरं सारममृतमभयं प्रविशति ता प्रविश्य यदमृता देवास्तदमृतो भवति ॥

(छान्दोग्य १।४।५)

ती देवताहरूका सदृश नै जो विद्वान उपासक यस ॐ अक्षरलाई यसै प्रकारले अमृत अभय गुण विशिष्ट जानेर त्यसको स्तुति गर्छ, उपासना गर्छ त्यो पनि त्यसै प्रकारले ती देवता सदृश नै यस अमृत र अभयरूप अक्षर (ॐ) मा नै प्रवेश गर्छ। त्यसमा प्रवेश गरेर पनि कुनै राजकुलमा प्रवेश गर्ने सदृश अन्तरङ्ग वा बहिरङ्ग जसको हुँदैन। किन्तु जुन अमृतत्वले देवगण अभय भएका थिए त्यसै अमृतत्व विशिष्ट भएर त्यो उनीहरू जस्तै अमर हुन्छ, त्यसको अमृतत्वमा न्यूनता पनि हुँदैन र अधिकता पनि हुँदैन।

यस आख्यायिका र त्यसको उपसंहारले ॐ कारको महत्व स्पष्ट भएको छ। वास्तवमा यो सम्पूर्ण विश्व (प्रपञ्च मात्रै) प्रणव (ॐ) बाट नै अभिव्यक्त भएको हो यो जति जे देखिन्छ त्यो प्रणव स्वरूप नै हो।

यद्यपि यस विषयमा दर्शनभेद छ, मतभेद छ, कि भने वेदका अर्थवादरूप वाक्यहरूको आश्रय लिएर स्वतप्तबुद्धिबाट उत्पन्न प्रवाहहरू (दर्शनहरू) एकत्ववादी र बहुत्ववादी उसका भिन्नभिन्न छन्।

तस्यार्थवादरूपाणि निश्चित्य स्वविकल्पजाः
एकत्विनां द्वैतिनाञ्च प्रवादा बहुधामताः।

(वाक्यपदीय ब्रह्मकाण्ड ८)

किन्तु —

सत्या विशुद्धिस्तत्रोक्ता विधैवैक पदागमा।
युक्ता प्रणव रूपेण सर्ववादा विरोधिनी ॥

(वाक्य-ब्रह्म. ९)

विशुद्धि (रागद्वेषले रहित्) एकपदागमरूप एकपद प्रणवरूप आगम (बोधक) (एकं पदं प्रणवरूपमागमो वा बोधक यस्याः सा वा, विधा ब्रह्मरूपा एकत्व बोधक श्रुति र्वा एव, द्वैतं द्वैतश्रुतिर्वा सत्य) छ जसको यस्तो। प्रणव (ॐ कार) को रूपमा सर्ववादको विरोधले रहित विद्या नै युक्त छ, त्यो नै सत्य छ। अर्थात् ॐ कारले जसलाई अभिव्यक्त गर्न सक्छ त्यो ब्रह्मरूप विद्या नै सत्य हो। त्यसको कुनै वादसित विरोध छैन। अन्यवादहरूको परस्परमा विरोध हुन सक्छ, किनभने तार्किकले परमाणु-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लाई जगत्कारण मानला, सांख्यले प्रकृतिलाई बौद्धले शून्य अथवा क्षणिक ज्ञानलाई । किन्तु यी जम्मै द्वैती हुन् यिनीहरूको परस्परमा विरोध अपरमार्थ (प्रातिभासिक व्यावहरिक) विषयक हो ।

स्वसिद्धान्त व्यवस्थासु द्वैतिनो निश्चिता दृढम् ।
परस्परे विरुध्यन्ते तैरिमे न विरुध्यते ।।
अद्वैतं परमार्थो हि द्वैतं तद्भेद उच्यते ।
तेषामुभयथा दैवं तेनाऽयं न विरुध्यते ।।

(माण्डूक्योपनिषद्गौडपादकारिया ३–१७, १८)

स्वसिद्धान्त व्यवस्थामा आफ्नो आफ्नो सिद्धान्तको रचनाको नियममा कपिल कणाद बौद्ध जैन आदिहरू निश्चित छन्, तिनीहरूको परस्परमा विरोध छ तिनीहरूसित यो अद्वैतवादको विरोध छैन । अद्वैत परमार्थ हो, द्वैत त अद्वैतको भेद हो, कार्य हो । द्वैतवादीहरूको परमार्थ र अपरमार्थ दुवैमा द्वैत मात्र छ, अद्वैतवादीको र त (व्यवहारमा द्वैत भए पनि) परमार्थमा अद्वैत भएकाले विरोध छैन । मिथ्या द्वैतसँग परमार्थ अद्वैतको के विरोध ?

वास्तवमा त सम्पूर्ण विद्याको भेद त्यस प्रणव स्वरूप वेदबाट नै भएको हो । त्यो प्रणव दुई प्रकारको छ– परप्रणव र अपरप्रणव । परप्रणव ब्रह्मरूप हो, अपरप्रणव शब्दात्मक हो । प्रणवको सम्बन्धमा श्रीमद्भागवतमा भनिएको छ–

समाहितात्मनो ब्रह्मन् ब्रह्मणःपरमेष्ठिनः ।
हृद्याकाशादभून्नादो वृत्तिरोधाद् विभाव्यते ।।

यदुपासनया ब्रह्मन् योगिनोमत्रमात्मनः ।
द्रव्यक्रियाकारकाख्यं धूत्वा नान्त्यपुनर्भवम् ।।
ततोभूत्त्रिवृदोङ्कारो योऽव्यक्त प्रभवः स्वराट् ।
यत्तल्लिङ्गं भगवतो ब्रह्मण परमात्मनः ।।
शृणोति य इमं स्फोटं सुप्तक्षेत्रे च शून्यदृक् ।
येन वाग्व्यज्यते यस्य व्यक्तिराकाश आत्मनः ।।
स्वधाम्नो ब्रह्मणः साक्षाद् वाचकः परमात्मनः ।
स सर्वमन्त्रोपनिषद् वेदबीजं सनातनम् ।।
तस्मा ह्यासंस्त्रयोवर्णा अकाराद्या भृगूद्वह
धार्यन्ते यैस्त्रयोभावा गुणनामार्थवृत्तय ।।

ततोक्षर समाम्नायमसृजद्भगवानजः ।
अन्तःस्थोष्मस्वरस्पर्शह्रस्वदीर्घादिलक्षणम् ।।४३।।
तेनासौ चतुरोवेदाश्चतुर्भिर्वदनैर्विभुः ।
सव्याहृतिकार सोङ्कारांश्चातुर्होत्रविवक्षया ।।

ब्रह्मन् ! जब परमेष्ठी ब्रह्माजी (पूर्व सृष्टिको ज्ञानको निमित्त) एकाग्र चित्त (समाहितात्मा) हुनुभयो, तब उनको हृदयाकाशमा (कण्ठतालु आदि स्थानको सङ्घर्षरहित, एउटा अत्यन्त विलक्षण, अनाहत) नाद उत्पन्न भयो । जीवले आफ्नो मनोवृत्तिलाई रोध गरेमा (रोकेमा) (त्यस अनाहत नादको) अनुभव हुन्छ । ब्रह्मन् ! (ठूलाठूला) योगीहरू (त्यस अनाहत) नादको उपासनाद्वारा आफ्नो (अन्तकरणको) द्रव्य (अधिभूत) क्रिया (अध्यात्म) कारक (अधिदैव) (रूप) मललाई पखालेर (नष्ट गरेर) (परमगति रूप) मोक्ष प्राप्त गर्छन् (जसमा जन्म मृत्युरूप संसार चक्र छैन । उसै (अनाहत) नादबाट र अकार उकार मकाररूप) तीन मात्रा भएको त्यो ॐकार प्रकट भयो । जुन अव्यक्त (प्रकृति) को कारण हो (त्यसैबाट अव्यक्त प्रकृतिको उत्पत्ति हुन्छ, प्रकृति अव्यक्त रूपबाट व्यक्त रूपमा परिणत हुन्छिन्, (त्यो ॐकार परमात्मारूप हुनाले) स्वराट् (स्वप्रकाश) पनि हो । जुन (परम वस्तु) भगवान् ब्रह्म अथवा परमात्मा नामले बुझिन्छ, त्यसको स्वरूपको बोध पनि ओङ्कारद्वारा नै हुन्छ । जब श्रवणेन्द्रिय (कान) को शक्ति सुप्त (लुप्त) हुन्छ तब पनि यस ॐकारको समस्त तत्व (अर्थ) को प्रकाशित गर्ने स्फोटतत्वलाई जसले सुन्दछ र सुषुप्ति र समाधि अवस्थामा सबैको शून्य (अभाव) लाई पनि जान्दछ त्यो नै परमात्माको विशुद्ध रूप हो । त्यो नै ॐकार परमात्माबाट हृदयकाशमा प्रकट भएर (वेदरूपा) वाणीलाई अभिव्यक्त गर्छ । त्यो ॐकार आफ्नो ब्रह्म परमात्माको साक्षात् वाचक हो र ॐकार नै सम्पूर्ण मनमा उपनिषद् वेदको सनातन बीज हो । हे भृगूद्वह ! त्यस ॐकारका अकारादि (आकार उकार मकार) तीन वर्ण छन्, यी तीन वर्णले (ऋक् यजुःसाम) यी तीन नाम (भूर्भुवःस्व) यी तीन अर्थ र जाग्रत, स्वप्न, सुषुप्ति) यी तीन वृत्तिलाई धारण गर्छन् यसपछि भगवान् अज (ब्रह्म) ले ॐकारबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नै अन्तःस्थ (य र ल व) उष्म (श ष स ह) स्वर (अ आ इ ई आदि स्वर वर्ण) स्पर्श (क देखि मसम्मका) तथा ह्रस्व दीर्घ आदि लक्षणले युक्त अक्षर समाम्नाय (वर्णमाला) को रचना गर्नुभयो। त्यसै (वर्णमाला) द्वारा नै वहाँ (ब्रह्माजी) ले आफ्ना चारै मुखबाट (होता अध्वर्यु, उद्गाता, ब्रह्मा यी चार) ऋत्विज्हरूको कर्म बुझाउनको निमित्त ॐकार र व्याहृति सहित चार वेद प्रकट गर्नु भयो।

(भागवत् ११।६।३७– ४४)

प्रणव (ॐकार) दुई प्रकारको मान्नुपर्छ— परप्रणव र अपरप्रणव। पर ब्रह्मात्मक प्रणव र अपर शब्दात्मक प्रणव। पर ब्रह्मात्मक प्रणव सच्चिदानन्द (ज्ञानस्वरूप) परता तत्व हो। प्रकर्षेण नव (सदैव नवीन) नै रहने हुनाले प्रणव भनिन्छ। नव=नवीन—सम्पूर्ण विकारले रहित, कूटस्थ हुनाले परब्रह्म प्रणव हो भने प्रकर्षेण नवको हेतु (प्राप्ति) जसबाट हुन्छ त्यस्तो शब्द पनि प्रणव नै भनिन्छ। प्रकर्षेण नव (प्राप्यते) यस्मात् प्रणवः) त्यो ॐकार शब्द तीन मात्राको छ अकार, उकार र मकार। अ, उ, म को तीन मिलेर ॐ बन्दछ। मार्कण्डेय पुराणमा भनिएको छ–

तत्प्राप्तये महत्पुण्यमोमित्येकाक्षरं जपेत्।
तदेवाध्ययनं तस्य स्वरूपे शृण्वतः परम्॥

अकारश्च तथोकारो मकारश्चाक्षरत्रयम्।
एता एव त्रयो मात्रा सात्त्वराजस तामसाः॥

(मार्कण्डेय पु. ४२। ३– ४)

त्यस परब्रह्मको प्राप्तिको निमित्त अतिपुण्यस्वरूप ॐ यस अक्षरको जप गर्नु। त्यस परस्वरूपको श्रवण गर्नु नै त्यसको अध्ययन हो। अकार, उकार र मकार यी तीन अक्षर (ॐमा छन्) यी तीन नै मात्रा सत्त्वगुण रजोगुण तमोगुण (विष्णु, ब्रह्मा, शिव) रूप हुन्। यो ॐ तीन वेद तीन लोक तीन अग्नि हो। विष्णु, ब्रह्मा र शिव हो। ऋक् साम र यजु हो। यसमा साढे तीन मात्रा छन्।

ओमित्येतत्त्रयो वेदास्त्रयोलोकास्त्रयोऽग्नयः।
विष्णुर्ब्रह्माहरश्चैव ऋक् सामानि यजूंषि च।
मात्राः सार्द्धश्चि तिस्रश्च विज्ञेयाःपरमात्मनः॥

(मार्कण्डेय पुराण ४२।८– ९)

यस रीतिले यो ॐकार व्यापक तथा अमृतत्व प्राप्ति गराउने हो भन्ने कुरा उपनिषद्हरूमा नै बताइएको छ। वास्तवमा यो ॐकार नै सर्वत्र सर्वव्यापक रूपमा विद्यमान छ। जब सबै प्राणीहरूको नियतकालमा फल दिने कर्महरूको फल भोगद्वारा एकसाथ नाश हुन्छ र अवशिष्ट कर्महरूको प्रलयपछिको कालमा भोग हुने अवस्था आउँछ। अर्थात् ब्रह्माजीको दिनको समाप्ति भएर रात्रि प्रारम्भ हुन्छ त्यसवेलामा भौतिक प्रलय हुन्छ। त्यसवेलामा सम्पूर्ण प्राणीहरूको मायामा लय हुन्छ र मायाको ईश्वरमा लय हुन्छ। यो लय भनेको अन्तःकरण आदिको वासनाको साथमा सूक्ष्म रूपमा कार्य प्रवृत्ति तिरोधानपूर्वक अविद्यामा रहनु हो। (माया) को लय भनेको परमेश्वरमा सूक्ष्म रूपमा रहनु हो। प्रलयको अर्थ सर्वथा नाश (प्रध्वंसाभाव) होइन किन्तु सुतेको जस्तो गरेर रहनु हो। यसरी ब्रह्माजीको त्यो रात व्यतीत भएपछि प्राणीहरूका अपक्व कर्मको परिपाक भएर फलोन्मुख भएको वेलामा भगवान् परमेश्वरको अज्ञानपूर्वक सृष्टि हुन्छ र माया र पुरुषको प्रादुर्भाव हुन्छ। माया भनेको परमेश्वरको सिसृक्षात्मिका वृत्ति हो। त्यस मायाबाट बिन्दुरूप अव्यक्त त्रिगुण (त्रिगुणात्मिका प्रकृति) को उत्पत्ति हुन्छ यो बिन्दु नै शैव दर्शनमा शक्तितत्त्व भनिन्छ–

यदेकलो न शक्नोषि रन्तु स्वैरञ्चर प्रभो।
तदिच्छ तव योत्पन्ना सैषाशक्तिरभूत्तव॥
त्वमेको द्वित्वमापन्नः शिवशक्ति प्रभेदतः॥

त्यस बिन्दुका तीन अंश हुन्छन् चित्, अचित् र चिदचिन्मिश्र। चिदंश बिन्दु नै भनिन्छ, अचिदंश बीज भनिन्छ र चिदचिन्मिश्र अंश नाद भनिन्छ, अचित् भन्नाले शब्द र अर्थको उभय सस्काररूप अविद्या भनिन्छ। काशी खण्डमा यही नै भनेको छ।

□

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आचार्य निम्बार्क र भक्तिदर्शन

प्रा. चेतोनाथ शर्मा आचार्य

आचार्य शंकरबाट वेदान्त सूत्रमा अद्वैतपरक शारीरिक भाष्य निर्माण भयो । आचार्यबरले आफ्ना रचनाहरूमा मायावादलाई प्रश्रय दिएको पाइन्छ । यद्यपि शङ्कर स्वयं मायावादका प्रथम प्रयोक्ता वा उद्भावक होइनन्, किनभने उनका परमगुरु गौडपादाचार्यले 'माण्डूक्यकारिका' मा यसको प्रयोग गरिसकेका थिए । तर मायावादको विस्तृत वाख्या गर्ने काम शङ्करबाट भयो । मायावादी दर्शनअनुसार एक मात्र ब्रह्म सत्य हो । जगत् मायिक याने मायाजन्य हो, अयथार्थ हो । सत्ताका पारमार्थिक, व्यावहारिक र प्रातिभासिक भेत गरी तीन स्वरूप हुन्छन् । यिनमा पहिलो पारमार्थिक सत्ता सदा-सर्वदा समानरूपले विद्यमान रहन्छ । उसको उपचय वा अपचय उत्पत्ति या विनाश केही हुँदैन । अविनाशी ब्रह्म नै पारमार्थिक सत्ताको एक मात्र उदाहरण हो ।

व्यावहारिक सत्ता व्यवहार कालमा यथार्थ रूपले भान हुने सत्ता हो । यो दृश्यमान जगत् नै त्यसको उदाहरण हो । किनभने व्यवहार कालमा जगत् भनौ या त्यस अन्तर्गतका वस्तु मायिक या अयथार्थ नभएर बिल्कुल सत्य एवं यथार्थ लाग्दछन् । तर त्यो यथार्थता व्यावहारिककालसम्म मात्र सीमित रहन्छ, सत्य प्रतीत हुन्छ ।

विज्ञानवादी बौद्ध पनि जगत्लाई मिथ्या वा असत्य नै भन्छन् र मान्दछन् । त्यसो भए पनि मायावादी अद्वैत मतमा प्रसिद्ध असत्य र विज्ञानवादी बौद्ध मतमा मानिने असत्य भिन्न हो, अलग रूप हो । त्यसैले आचार्यबाट विज्ञानबादी मतमा मानिने असत्यको युक्तियुक्त खण्डन गरेको पाइन्छ । एतावता असत्यको अर्थ अलक याने हुँदै नभएको भन्ने होइन । सिपीलाई चाँदी अर्थात् एकथोकलाई अर्कोथोक ठान्नुलाई भनिन्छ प्रातिभासिक सत्ता । यो प्रातिभासिक सत्ता भन्ने कुरा पनि शून्य वा बिल्कुलै केही नहुनु होइन, एकथोकलाई अर्को थोक ठान्नु मात्र हो ।

भूमिका रूपमा अद्वैत मतबारेको यो छोटो चर्चा गर्नुको अर्थ के हो भने वैष्णव दार्शनिकहरूको मत शंकरद्वारा प्रतिपादित अद्वैत मतभन्दा केही भिन्न छ, फरक छ । यस्ता वैष्णव दार्शनिकमा विशिष्टा द्वैतका समर्थक रामानुज, द्वैताद्वैतका समर्थक निम्बार्क, यसै गरी द्वैत मतका समर्थक मध्व र शुद्धाद्वैतका समर्थक बल्लभका अतिरिक्त अचिन्त्य भेदाभेदका प्रतिपादक बलदेव विद्याभूषणको विशेष स्थान मानिन्छ ।

यद्यपि यी पाँचै मत वेदान्त दर्शनसितै सम्बन्ध राख्ने भएकाले वेदान्त नै भनिन्छन् । तर त्यसो भनिए तापनि जीव र ईश्वर सम्बन्धमा यी मतहरू बीच ऐकमत्य नभएर भिन्नता छ, अलगपन छ । यसरी मूलमा भिन्नता भए पनि कतिपय कुरामा समता पनि छ । त्यस्ता समतालाई सूचनात्मक रूपले यसरी गणना गर्न सकिन्छ–

क) मोक्षको साधक हो एक मात्र भक्ति ।

ख) ब्रह्म नै ईश्वर हो, जुन ईश्वर अनन्त शुभ गुणको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

खानी छ ।

ग) चेतन जीव र जड जगत् पनि ईश्वर जत्तिकै सत्य हो ।

घ) अज्ञानावस्था होस् या ज्ञानावस्था ईश्वर र जीवमा एकता कहिल्यै हुँदैन । पृथक् अस्तित्व रही नै रहन्छ ।

ङ) जीव स्वरूपतः व्यापक नभएर अणु छ र संख्याको रूपमा धेरै याने अनन्त छ । ज्ञान शक्ति तथा क्रिया शक्ति उसमा भरपूर छ ।

च) ईश्वर भन्नु पनि अरू नभएर विष्णु या उनको अवतार नै हो ।

एतावता विष्णु या उनका अवतार यस मतमा उपास्य मानिन्छन् । त्यस अनुसार रामानुज र माध्वमतानुयायी लक्ष्मीनारायणलाई उपास्य देव देवी रूपमा मान्दछन् भने निम्बार्क, वल्लभ तथा चैतन्य राधाकृष्णलाई । रामानन्दीहरूमा सीतारामको उपासना प्रसिद्ध छ ।

वैष्णव दर्शन र दार्शनिकहरूको यो सामान्य परिचय पछि आचार्य निम्बार्क बारेको केही विशेष परिचय गराउने प्रयास यहाँ गरिन्छ । राधा कृष्णको मान्यतामा दार्शनिक रूपले समेत प्रेरक मानिने निम्बार्कको जीवन सम्बन्धी परिचायक सामग्री अनि रचना पनि कमै भेटिन्छन् । त्यसरी मिलने सीमित सामग्रीको आधारअनुसार उनको जन्म दक्षिण भारतको गोदावरी तट वैदूर्यपत्तनको नजीक अरूणाश्रममा अरूणमुनिकी पत्नी जयन्तीदेवीको गर्भबाट भएको थियो । उनको प्रारम्भिक नाम हो नियमानन्द । कर्ता पिताको नाम जगन्नाथ पनि भनिएको छ । जन्म शताब्दी भनी या समयबारे चाहिं एकरूपता नभएर अनेकता भेटिन्छ ।

निम्बार्क मतानुयायी एकथरी भक्त उनलाई द्वापरको भनेर मान्दछन् भने अर्कोथरी पाँचौ शताब्दीको । तर ऐतिहासिकहरूले चाहिं उनलाई रामानुज र माध्वभन्दा पछि तेह्रौं शताब्दीमा गनेका छन् । वैष्णव मतको प्रचार प्रसारको दृष्टिबाट यही समय उपयुक्त देखिन्छ । तर आफ्नो जन्मथलोबाट यी कहिले भगवान् कृष्णको लीलाभूमि ब्रज अन्तर्गतको गोवर्धन नजीक ध्रुव क्षेत्रमा आए, कहाँ के कति अध्ययन गरे भन्ने कुराको त्यति जानकारी पाइँदैन । जहाँसम्म अवतार परम्पराको कुरा छ रामानुजीहरू उनलाई शेषावतारको रूप मान्दछन् भने निम्बार्क मतानुयायी उनलाई सुदर्शन चक्रको अवतार भन्दछन् । गोपाल मन्त्रको दीक्षा उनलाई देवर्षी नारदबाट मिलेको थियो भन्ने कुरा चाहिं यस मतका अनुयायीमा प्रसिद्ध हुनुको साथ यिनको पनि 'अस्मद् गुरवे नारदाय' भन्ने वचन भाष्यमा प्रयोग गरेर साबित गरेका छन् । स्वयं प्रत्युत्पन्नमतिका विद्वान् एवं भक्त साधक त थिए नै । यसको अतिरिक्त यिनले त्यति वेलासम्म प्रसिद्ध उपनिषद् गीता र ब्रह्मसूत्र गरी तीन प्रस्थान प्रसिद्ध रहेकोमा भागवत्लाई समेत थपी चार प्रस्थान कायम गरे । निम्बार्क, वल्लभ तथा चैतन्य सम्प्रदायमा भागवत्लाई प्रामाणिक आकरग्रन्थमा लिइन्छ ।

नियमानन्द यो प्रारम्भिक नामबाट निम्बादित्य या निम्बार्क नामले यिनको प्रसिद्धि हुनमा एउटा घटनालाई प्रेरक कारण मानिएको छ । घटना यस प्रकारको थियो—

विद्वान्, सिद्ध, साधु सन्त कहाँ अन्य सिद्ध सन्त साधु आउनु, सत्सङ्ग चल्नु स्वाभाविक हो । त्यसैअनुसार एक दिन यिनीकहाँ दण्डी महात्मा आएका थिए । दुवैबीच आत्मचर्चा सम्बन्धी छलफलमा व्यस्त रहँदा सूर्यास्त भैसकेछ । भोजनको वेला भयो, आश्रममा आएका साधुलाई भोजन नगराई आफूले खाने त कुरा आएन, तर दण्डी महात्माको भने सूर्यास्त भएपछि भोजन लिने चलन थिएन । त्यसो हुँदा असमञ्जसको स्थिति आइलाग्यो । पाहुनालाई भोजन नगराई नियमानन्द नखाने, अनि पाहुनाचाहिं आफ्नो नियम छोड्न तयार नहुने । यस विषम स्थितिलाई अन्त्य पार्न उनले आफ्नो योगशक्ति प्रयोग गरी आश्रम अगाडि रहेको नीमको वृक्षमा प्रकाशमान सूर्यबिम्ब प्रकट गरिदिए । अनि महात्मा दण्डीले भोजन लिन कुनै आपत्ति मानेनन् । खुवाउने खाने दुवैले आनन्दपूर्वक भोजन लिए । यसरी नीमको वृक्षमा सूर्य बिम्ब प्रकट गराएकोले नियमानन्दको नाम निम्बादित्य या निम्बार्क रूपले प्रसिद्ध भयो । सूदर्शन अवतार उनीमा योगशक्तिको यो प्रभाव सबैले अनुभव गरे अथवा उनले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आफ्नै मूल रूप चक्रबिम्ब त्यहाँ प्रकट गराए ।

आचार्यले अरू निकै ग्रन्थ रचना गरेको भनिए पनि वेदान्त सूत्रमा 'वेदान्त पारिजात' नामको लघुभाष्य र वेदान्त कामधेनु दशश्लोकी नामको ग्रन्थ मात्र अहिले प्राप्त छन् । यिनीहरूका अतिरिक्त गीताभाष्य, कृष्णस्तवराज, गुरुपरम्परा, वेदान्त तत्त्वबोध, वेदान्त सिद्धान्त, प्रदीप, स्वधर्माध्वबोध, ऐतिह्य तत्त्व सिद्धान्त, राधाष्टक आदि यिनका अन्य ग्रन्थ थिए भन्ने सुनिन्छ । निम्बार्कका प्रसिद्ध शिष्य भए श्रीनिवासाचार्य । यिनले आपना गुरुद्वारा रचित 'वेदान्त पारिजात' नामक भाष्यमा 'वेदान्त कौस्तुभ' नामको व्याख्यात्मक ग्रन्थ लेखेका छन् । जहाँसम्म दार्शनिक सिद्धान्त सम्बन्धी कुरा छ वैष्णवका प्रमुख चार सम्प्रदायमा द्वैताद्वैत नामको निम्बार्क सम्प्रदाय पनि एक हो । यसको अर्थ यो मत भनौं या सिद्धान्त थतिखेरदेखि नै मात्र प्रचारमा आयो वा आएको भन्ने कुरा होइन । किनभने भागवत सम्प्रदाय धेरै पुरानो हो । त्यसरी प्राचीन कालदेखि सामान्य रूपमा चलेको सम्प्रदायलाई निम्बार्काचार्यजीले आपनो परिष्कृत बुद्धि वैभव र स्फूर्त प्रतिभाद्वारा उज्ज्वल तुल्याई जनसमुदाय बीच प्रचार प्रसारमा ल्याए, जसको प्रतिफल यो द्वैताद्वैत नामको सम्प्रदाय उनकै नामसित सम्बन्ध भई निम्बार्क सम्प्रदाय नामले प्रसिद्ध भयो । जसबाट उनको योगदान अविस्मरणीय बनी कायम रह्यो ।

द्वैताद्वैत मतको दार्शनिक सिद्धान्तलाई छोटकरी रूपमा यसरी परिचित गराउन सकिन्छ– ब्रह्म सर्वशक्तिमान छन् र उनको निर्गुण नभै सगुण भाव नै मुख्य छ । सगुण ब्रह्मको परिणति नै जगत् हो तर त्यसरी जगत् रूपमा परिणत भए पनि रहन चाहिं ऊ निर्विकार नै रहन्छ । यस जगत्को सृष्टि, स्थिति र लय उनैबाट सञ्चालित हुन्छ । जगत्सित असम्बन्ध अतीत रूप हो निर्गुण ।

उत्पत्तिमा निमित्त र उपादान रूप दुई कारण हुन्छन् वा छन् । उपादान कारण कार्यसित अभिन्न रूपले सम्बन्ध रहन्छ भने निमित्त चाहिं त्यसको योजक मात्रा। उदाहरण रूपमा माटो घटको उपादान कारण हो भने कुमाले चाहिं निमित्त । यसैगरी धागो पट (कपडा) को उपादान हो र धुरी, वेमा, हात लगाउने जुलाहा आदि निमित्त कारण ।

द्वैताद्वैत दर्शनमा ब्रह्म या ईश्वर नै निमित्त एवं उपादान दुवै कारण हुन्छ या छ । किन कि जगत् भन्ने कुरा अरू अलग नभए र उही ब्रह्मको परिणाम हो, ऊ स्वयं चाहिं अविकृत परिणामी हो । जीव अणुरूप र ब्रह्मको अंश हो । ब्रह्म चाहिं अंशरूप जीव र जडरूप जगत्भन्दा अत्यन्त नै पृथक् या अलग हो भने अपृथक् या एक रूप पनि त्यसैले द्वैताद्वैत नामले प्रसिद्ध भयो । ब्रह्मको परिणाम रूप जीव ब्रह्म जस्तै नित्य हो, अविनाशी हो ।

उद्देश्य या लक्ष्य रूपमा यो सृष्टि चक्रको प्रयोजन के हो त भन्दा अज्ञानबद्ध जीव सजगता एवं विवेकको प्रयोग गरी भगवन्लाई प्रसन्न तुल्याओस् र उनको दर्शन प्राप्त गरोस् । किन भने भगवत्प्रसाद या दर्शन विना जीव समस्त क्लेशहरूको निवृत्ति पूर्वक परमानन्दलाभ गर्न सक्तैन । यस मतमा ब्रह्मका साथ जीवरूप आफ्नो र जगत्को अभिन्नत्व अनुभव नै मुक्तावस्था हो ।

यस किसिमको मुक्तावस्था भगवत्प्राप्तिबाट मात्र सम्भव हुन्छ । ब्रह्म या भगवत् प्राप्तिको उपाय हो उपासना, आराधना । यस किसिमको उपासना आराधनाको माध्यम हो भक्ति । विचारको रूपमा भन्ने हो भने ब्रह्मको निर्गुण-सगुण दुवै रूप विचार गर्न सकिन्छ तर मुक्तिको साधन भने भक्ति शिवाय अरू हुँदैन र छैन । सत्कर्म एवं सदाचारद्वारा जब चित्त शुद्ध हुँदैजान्छ अनि भगवान्को कथा, गाथा, गुणगानको श्रवण आदि उपायद्वारा उनलाई प्रसन्न पार्ने भाव जाग्रत बन्छ । यस किसिमको जागरणलाई सार्थक तुल्याउन मुमुक्षुसाधक प्रबुद्ध सद्गुरुको शरण ग्रहण गर्छ र गुरुद्वारा उपदिष्ट मार्ग अनुसार उपासना गर्दैजान्छ । यस किसिमको उपासना गर्दै जाँदा शुद्ध चित्तमा जब भगवत्भक्ति प्रकट हुन्छ कालान्तरमा गएर यसै भक्तिले जीवलाई मुक्त तुल्याउँछ । संक्षेपमा द्वैताद्वैत दर्शन भनौ या मतको सार संक्षेप यही हो ।

यसरी आचार्य निम्बार्कले पनि आफूभन्दा पूर्वका आलवार (यामुनाचार्य) रामानुज र माध्वले जस्तै जीव को आत्यन्तिक सुख भनौ या मुक्तिको लागि अनन्य भक्ति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एकमात्र कारण मानेको देखिन्छ । वैष्णव दार्शनिक मात्र नभै अद्वैत मतका प्रवल समर्थक आचार्य शंकरले पनि भक्तिलाई अनास्थाको दृष्टिले उपेक्षा गरेको कतै पाइ-दैन । जसको केही उदाहरण भनी प्रश्नोत्तरीमा प्रश्न उठाइएको छ– मुमुक्षुणा किं त्वरितं विधेयम् अर्थात् मुक्त हुन चाहनेले तुरुन्त गर्नु पर्ने कुरा के हो ? उत्तरमा भनि-एको छ– सत्सङ्गतिर्निर्ममतेशभक्तिः । अर्थात् सत्सङ्गति र निष्काम भक्ति । अरूका लागि मात्र नभै आफ्नी आमा विशिष्टादेवीलाई पनि जगद्गुरुले निष्काम कृष्ण भक्ति नै एक मात्र आश्रयणीय छ भनेर बताएको पाइन्छ– जस्तो

काम्योपासनयार्थयन्त्यनुदिनं किंचित्फलंस्वेप्सितं
केचित् स्वर्गमथापवर्गमपरे योगादि यज्ञा दिभिः ।
अस्माकं यदुनन्दनांघ्रियुगल ध्यानावधानार्थिनां
किं लोकेन दमेन किं नृपतिना स्वर्गापवर्गैश्च किम् ॥

यसबाट भक्तिको मान्यता अद्वैत मतमा पनि दृढरूप मा स्वीकारिएको देखिन्छ ।

□

जगद्गुरु श्रीनिम्बार्काचार्य जयन्तीको उपलक्ष्यमा

सम्पूर्ण ॐकारभित्रका भक्तजनहरूमा

हार्दिक शुभ–कामना

सनातनधर्म सेवासमिति

ललितपुर शाखा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भगवान् पशुपतिनाथ र पशुपतिक्षेत्र परिचय

– डा. गोविन्द टण्डन

हिन्दूधर्ममा भगवान् पशुपतिनाथको अत्यन्त सम्मानित स्थान छ। भगवान् शिवका अनेकौं नामहरू छन् त्यसमध्ये "पशुपति" पनि एक हो। वैदिक साहित्य उनको गरिमा र महिमाले भरिएको छ। हिन्दू शास्त्रहरूले भगवान् पशुपतिनाथलाई सबै जीवात्माहरूको उत्पत्ति, पालन र संहार गर्ने परमात्माको रूपमा सम्मान र आदर गर्छन्। पशु र पति यी दुई शब्द मिली "पशुपति" शब्द बनेको छ। पशुको दुई अर्थ हुन्छ— पहिलो "सर्वान् विशेषेण पश्यतीति पशुः" अर्थात् सबै जीवात्माहरूलाई अन्तर्भूत भएर देख्नेवाला र दोश्रो "सर्वान् अविशेषेण पश्यतीति पशुः" अर्थात् कार्य व्यवहारले भिन्न रूपमा देख्ने र देखोउनेवाला। यसप्रकार 'पशु' शब्दको एउटा अर्थ चराचर जगत्का सबै प्राणीहरू भन्ने हुन्छ भने अर्को अर्थ सर्वव्यापक परमात्मा भन्ने हुन्छ। 'पति' शब्दको अर्थ स्वामी वा जगतनियन्ता परमात्मा भन्ने हुन्छ। पशु काम अर्थात् इच्छा, अज्ञान र मोह जस्ता विषयरूपी मृत्युपाशद्वारा बाँधिएको हुन्छ। त्यस्ता बन्धनबाट पशुलाई मुक्ति वा त्राण दिलाउने परमपति, परमेश्वर नै पशुपति हुनुहुन्छ। यसैले अमृतात्मरूपी अमर, देवाधिदेव मृत्युको पनि मृत्यु महाकाल, संहार शक्तिरूपी मृत्युञ्जय रुद्र नै अर्को अर्थमा पशुपति हुनुहुन्छ। चैतन्य परब्रह्म परमात्मा नै उनको सच्चा स्वरूप हो। पाशले बद्ध जीवात्मालाई मुक्त गर्न सक्ने, निग्रह अनुग्रह जस्ता सर्वशक्ति सामर्थ्ययुक्त परमेश्वर नै पशुपति हुनुहुन्छ भनी हिन्दूशास्त्रहरूले भलिभांति प्रकाश पारेका छन्।

भगवान् पशुपतिलाई कलामा विविध स्वरूपमा देखाइएको पाइन्छ। ती सबैका आ-आफ्ना सांकेतिक अर्थ छन्। विशेष गरी भगवान् पशुपतिनाथलाई मूर्ति तथा लिङ्गको रूपमा स्थापना गरिएको पाइन्छ। हुन त लिङ्गलाई जननेन्द्रियको प्रतीकको रूपमा लिई उर्वरता अर्थात् सृष्टिको संकेत हो भनी कसै-कसैले मानेको पनि पाइन्छ। हो, लिङ्गका अनेक अर्थ छन्, तीमध्ये जननेन्द्रिय पनि एउटा हो। तर हिन्दू धर्ममा प्रचलित लिङ्गमा जननेन्द्रियको संकेत नभएको कुरालाई कैयन ग्रन्थहरूले पुष्टि गर्दछन्। जननेन्द्रिय पूजाको प्राचीन परम्पराको इतिहास देख्ने, सुन्नेहरूले त्यही कुरा शिवलिङ्गमा घटाउन खोज्नु अस्वाभाविक होइन। हिन्दू धर्ममा शिवलिङ्ग परमात्मा, परब्रह्म परमेश्वरको बोधक छ, एकत्वको सूचक छ, अनि अग्नितत्वको बोधक पनि छ। ईश्वर एक छन् भन्ने कुरालाई शिवलिङ्गले छर्लङ्गयाउँछ। जति पनि प्राचीन शिवलिङ्ग छन् ती मुहारविहीन नै प्राप्त भएकोले पनि त्यस कुरालाइं पुष्टयाइं गर्दछ। कालान्तरमा शिवलिङ्गलाई कलात्मक एवं आकृतियुक्त बनाई पूजा-आराधना गर्ने परिपाटी चल्यो। त्यसैले सादा तथा मुखलिङ्ग दुवै प्रकारका शिवलिङ्गहरू बनाउने तथा पूजा गर्ने चलन व्यापक हुन गयो।

नेपाली शैलीको भव्य दुईतले छाना भएको मन्दिरभित्र पञ्चमुखयुक्त भगवान् पशुपति हुनुहुन्छ। भगवान्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पशुपतिको पूर्व मुहारलाई 'तत्पुरुष' भनिन्छ जुन परम-पुरुषको वाचक छ। दक्षिणपट्टिको मुहारको नाम 'अघोर' हो जुन घोर छैन, अर्थात् शान्तस्वरूप नै अघोरको अर्थ घोराघोररूपी हो। उहाँ दक्षिण दिशाका अधिपति साक्षात् कालाग्निरुद्र यमराज हुनुभएकोले उग्र पनि मानिन्छ। पशुपतिको उत्तर मुहारको नाम 'वामदेव' हो। उत्तर दिशाका अधिपति सोम नै वामदेव हुन्। पश्चिम दिशाका मुहारको नाम 'सद्योजात' हो। यी पश्चिम दिशाका अधिपति वरुण हुन्। सद्योजातको अर्थ भर्खर पैदा भएको भन्ने हुन्छ। यसैले मूर्तिकलामा यो मुहार-लाई कलाकारले अबोध बालकको जस्तो आकृति भएको बनाउने गरेको पाइन्छ। उर्ध्वमुखको नाम ईशान हो। ईशानलाई सबै विद्याको अधिपति मानिन्छ। यो मुहार-लाई पशुपतिको प्रधानस्वरूप मानिन्छ। भगवान् पशुपतिका उपर्युक्त स्वरूपहरू बारे वेद, उपनिषद्, पुराण एवं तन्त्रसम्बन्धी ग्रन्थहरूमा विशद् व्याख्या उपलब्ध छन्। हिमवत्खण्ड, नेपाल महात्म्य एवं पशुपति पुराण आदि ग्रन्थहरूमा पनि नेपालका कतिपय धार्मिक महत्त्व भएका देव-देवी एवं तीर्थस्थलहरूको व्याख्यानको क्रममा भगवान् पशुपतिनाथको प्रादुर्भाव, महिमा आदि विषय-हरूमा विस्तृत चर्चा गरिएका छन्। हिमवत्खण्डमा 'जम्बुद्वीपमा काशी र पशुपतिपुरी भगवान् शङ्करले आश्रय गरिएका छन्। धर्म, अर्थ, काम र मोक्ष आदि चारै कुराहरू पाइने हुनाले काशीभन्दा पशुपतिपुरी चौगुना फलदायी छ। काशीमा जन्तुले मात्र मोक्ष पाउँ-छन् तर महेश्वरपुरी अर्थात् पशुपति क्षेत्रमा चतुर्वर्गले नै मोक्ष पाउँछन् भनिएको छ।

भगवान् पशुपतिको मन्दिर रहेको क्षेत्र गङ्गाजीको उत्तर हिमालयको काखमा रहेको हुनाले 'उत्तरकाशी' हो भनेर पवित्र तीर्थस्थलको रूपमा हिमवत्खण्डमा वर्णन गरिएको छ। भगवान् पशुपतिनाथको मन्दिर रहेको पवित्रतम क्षेत्रको दर्शन-स्पर्शन्ले मात्र पनि पुण्य प्राप्त हुने कुरा नेपाल महात्म्य, पशुपति पुराण एवं हिमवत्-खण्डमा उल्लेख गरिएका छन्। पशुपति क्षेत्रमा जन्मनु, बस्न पाउनुलाई व्यक्तिको अहोभाग्य मानिएको छ। स्वर्गका देवी-देवताहरू पनि पशुपति क्षेत्रमा बस्न उत्कट इच्छा राख्छन् भनी त्यहाँको महत्ताको वर्णन गरिएको पाइन्छ।

हिमवत्खण्ड, नेपाल महात्म्य एवं पशुपति पुराण आदि नेपालमा प्रचलित ग्रन्थहरूमा भगवान् श्रीपशुपति-नाथको प्रादुर्भावको सम्बन्धमा कथाहरू दिएको पाइन्छ। यद्यपि त्यहाँ दिइएका कथाहरू अलग-अलग छन् तर निष्कर्ष भने झण्डै एक प्रकारको छ। तिनीहरूमध्ये भगवान् शिव कैलाशबाट मृगस्थलीमा आई मृगको रूप धारण गरी विविध लीला गरेको तथा कैलाशमा भगवान् शिवलाई नदेखी ब्रह्मा, विष्णु र इन्द्र यहाँ आई खोजेको एवं तीनै जनाको सल्लाहले मृगको वथानमा विचरण गरिरहेका शिवरूपी मृगको सिंग समात्दा तीन टुक्रा गरी भाँचिएको तथा भगवान् शिवको आज्ञा अनुसार ब्रह्मा, विष्णु र इन्द्रले आ-आफ्नो लोकमा स्थापना गरेको कुरा-लाई बढावा दिएको पाइन्छ। भगवान् शिवले पशु रूपमा मृगस्थली आई लीला गरेको हुनाले 'पशुपति' नामबाट प्रसिद्ध भएको चर्चा पनि पाइन्छ। भगवान् पशुपति-नाथको प्रादुर्भावको सम्बन्धमा नेपालमा प्राप्त सबैभन्दा पुरानो वंशावली जसलाई गोपालराज वंशावली भनिन्छ त्यसमा पनि केही वर्णन गरिएको छ। काठमाडौं उपत्यका जब वस्तीयोग्य भयो तब गोपालहरू रहन थाले। तिनीहरूमध्ये एक जना 'नेप' नाम गरेका ग्वाला-सित 'बहुह्री' नाम गरेकी एक अत्यन्त दुधालु कैली गाई थिइन्। तिनी दिनकादिन बाग्मतीको तीरमा गई त्यहाँ रहेको एउटा प्वालमा दूधको धारा बगाउने गर्न लागिन्। तीं गाईले दूध सेचन गरेको ठाउँ गोपालले देखे। कौतुहलतावश त्यहाँ के रहेछ भनी खनेर हेर्दा भगवान् पशुपतिको प्रादुर्भाव भएको कुरा गोपालराज वंशावली-मा बताइएको छ। हिमवत्खण्डमा ज्योतिर्लिङ्ग प्रकट भएको सो स्थलमा भगवान् विष्णुले जलधारी सहितको रत्नमय पाषाणको पाँच मुहारयुक्त शिवलिङ्ग स्थापना गरेको उल्लेख छ।

हिन्दू जगत्मा भगवान् श्रीपशुपतिनाथको अत्यन्त महत्वपूर्ण स्थान छ। नेपालका मात्र होइन भारतका हिन्दूधर्मावलम्वीहरूको निम्ति पनि भगवान् पशुपतिनाथ एवं पशुपति क्षेत्र प्रमुख तीर्थस्थलको रूपमा रहेको छ। अझ भारतमा भएको प्रसिद्ध केदारनाथलाई भगवान्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शिवको पिठ्यूं र नेपालको देवपत्तनमा रहेको पशुपतिनाथलाई शिर मान्ने धार्मिक जनविश्वास भएकोले भारतका तीर्थस्थलहरूको दर्शन-पूजन गरेर त्यसको पूर्णता र समाप्तिको लागि भगवान् पशुपतिनाथको दर्शन अनिवार्य रूपले गर्नुपर्छ भन्ने व्यापक धारणा रहेको पाइन्छ । त्यसैले गर्दा पशुपतिनाथको दर्शन गर्न आउनेको घुँइचो प्रतिदिन प्रशस्तको संख्यामा देखिन्छ ।

शताब्दियौंदेखि पशुपतिनाथको मन्दिर र पशुपति क्षेत्र धार्मिक, आध्यात्मिक दृष्टिले श्रद्धा, भक्ति र आदरको स्थल रहंदै पवित्र तीर्थस्थलको रूपमा पूजिंदै आएको मात्र नभई नेपाली मात्रमा स्वधर्मप्रति निष्ठा, सम्प्रदाय-सम्प्रदाय बीच सद्भाव र राष्ट्रिय एकतामा अभिमुख गराउने काममा समेत जुन योगदान प्राप्त हुंदै आएको छ, त्यो अविस्मरणीय र अनुकरणीय छ । पशुपति क्षेत्रलाई धार्मिक, आध्यात्मिक दृष्टिले जुन महत्ता विभिन्न ऐतिहासिक कालहरूमा प्रदान गरियो तिनै कारणहरूले गर्दा त्यहाँ मठ, मन्दिर, स्तूप, विहार जस्ता साधनास्थलहरू-निर्माण तथा धर्मशाला, पाटी, पौवा, ढुंगेधारा जस्ता लोकोपकारी कीर्तिहरूको स्थापना हुन गयो ।

हिन्दूधर्मावलम्बीहरूको लागि मात्र पशुपतिनाथको मन्दिर र यसले चर्चेको पशुपति क्षेत्र परम श्रद्धा र आस्थाको केन्द्र नभई युनेस्कोले निर्धारण गरेको "विश्व सांस्कृतिक सम्पदा सूची" मा नेपालका सात निधिहरू-मध्ये पशुपतिनाथ मन्दिर क्षेत्र पनि परेकोले कला, वास्तु-कला, इतिहास आदि संस्कृतिप्रेमी सबैको लागि समान चासोको विषय र संरक्षण, सम्बर्धनलायक निधिको रूपमा रहेको छ । के वैदिक, के बौद्ध, के सिक्ख हिन्दूधर्म संस्कृति अन्तर्गतका सबैजसो प्रमुख मत तथा सम्प्रदाय का मूर्ति, आराध्य र मन्दिरहरू स्थापित भएकोले पशुपति क्षेत्र धार्मिक सद्भावको अनुपम संगमस्थलको रूपमा शताब्दियौंदेखि प्रसिद्ध हुंदै आएको छ । भगवान् शिवका अनेक स्वरूपका मूर्ति तथा लिङ्गहरू, विष्णु, गणेश, देवी, सूर्य आदिका विभिन्न भावभङ्गीका स्थानक, आसन र नृत्य मुद्राका मूर्तिहरूदेखि लिएर बुद्ध, लोकेश्वर आदिका उत्कृष्ट प्रस्तर मूर्तिहरू तथा नानक मठ, उदासी मठ, जस्ता सिक्ख मतसँग सम्बद्ध आराधनास्थल लगायत वैरागी, सन्यासी, जोसमनी सम्प्रदायका साधु-सन्तहरूको आश्रयका लागि विभिन्न अखडाहरू पशुपति क्षेत्रमा छन । नेपालको लिखित इतिहासदेखिका शिलालेखहरू, मूर्तिहरू तथा त्यसपछिका सबै कालका मूर्ति, मन्दिर तथा अनगिन्ती शिलालेखहरू त्यहाँ छन् । लिच्छविकालका मात्रै बत्तीसवटा शिलालेखहरू छन् । एउटै क्षेत्रमा यसरी यत्राविधि लिच्छविकालका शिलालेखहरू छरिएर रहेको नेपालमा अन्यत्र छैनन् । पशुपति क्षेत्रमा बाटो, दोबाटो, चोक तथा गल्लीहरूमा मूर्ति, मन्दिर तथा कलाकृतिहरू यत्रतत्र प्रशस्त छरिएर रहेका छन् ।

विश्वमा पेगोडा शैलीको नामबाट परिचित नेपाली शैलीका भव्य र आकर्षक मन्दिरहरू, शिखर वा ग्रन्थकूट शैली नामले प्रसिद्ध ढुंगे मन्दिरहरू तथा गुम्बज शैलीका साना-ठूला मन्दिरहरू पशुपति क्षेत्रमा प्रशस्त छन् । कुटुवहिल, चाविहार नामका दुई बौद्ध विहार, "धन्जो चैत्य" नामको ठुलो बौद्ध स्तूप पशुपति क्षेत्रमा पर्दछ । धन्जो चैत्यका निर्माता लिच्छवि राजा मानदेव प्रथमका बाबु धर्मदेव थिए भन्ने शिश्वास गरिन्छ । संक्षिप्तमा भन्दा पशुपति क्षेत्र श्रद्धावान धार्मिक व्यक्तिहरूको लागि पवित्र तीर्थस्थल, कला, वास्तुकलाका पारखीहरूको आँखामा धार्मिक, सांस्कृतिक सम्पदाले युक्त महत्वपूर्ण पुरातात्विक स्थल तथा जनसामान्यको लागि मन्दिरैमन्दिर भएको मनमोहक स्थलको रूपमा परिचित छ । पशुपति क्षेत्र मोहनजोदाडो, हडप्पा, बेबिलोन जस्ता मृतभग्नावशेषहरूले ओतप्रोत भएको क्षेत्र नभई शताब्दियौंदेखि शृङ्खलाबद्ध रूपमा श्रद्धा-आस्था, भक्ति, मूल्य र मान्यताको जीवन्त परम्परा तथा चाडपर्व, यात्रा, कला-वास्तु-कलाको अविछिन्न परम्परा समेटेको जीवित धार्मिक सांस्कृतिक सम्पदा सम्पन्न महत्त्वपूर्ण ऐतिहासिक स्थल हो ।

पशुपतिक्षेत्रको प्राचीनकालदेखि नै जनजीवनमा अत्यधिक महत्व भएकै कारण अनगिन्ती मूर्ति, शिवलिङ्ग तथा मन्दिरहरू स्थापना गर्न उदारमना श्रद्धालुहरूले रुचाए । "किरांतेश्वर" नामको शिवलिङ्गले किरांत कालको संकेत दिन खोजेको पाइन्छ । स्मरणीय रहोस् किरांतकाल महाभारत कालको समकालिक मानिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

माघ महिनामा यहाँ दर्शन गर्न आउने भक्तजनको ठूलो घुंइचो लाग्छ । नेपालको तिथि-मिति सहितको पहिलो मूर्ति लिच्छवि राजा मानदेव प्रथमले वि. सं. ५२४ मा स्थापना गरेका त्रिविक्रम विष्णुको मूर्ति पशुपतिक्षेत्रमा नै छ । तिनीहरूको अतिरिक्त नेपालको प्रतिनिधि स्वरूपका प्रस्तर मूर्तिहरू प्रशस्त छन् । कतिपय त्यस्ता मूर्तिहरू सुरक्षाको अभावमा चोरिए, नासिए । आर्यघाटको जमीनमा आधा गाडिएको बुद्धको मूर्ति, गोरखनाथ क्षेत्र तथा धन्जो चैत्य नजीकको पद्मपाणि बोधिसत्वका शिवलिङ्गहरू पनि त्यहाँ प्रशस्त छन् । वि. सं. ५३४ को रत्नेश्वर, वि. सं. ५३७ को प्रमुकेश्वर, वि. सं. ५४८ को जयेश्वर, वि. सं. ५६२ को विजयेश्वर, वि. सं. ५९० को भद्रेश्वर, नाथेश्वर, स्थितेश्वर, शुभेश्वर, रवीश्वर, वि. सं. ५९७ को अनुपरमेश्वर, वि. सं. ६०२ को नाथेश्वर आदि लिच्छविकालको शिलालेख सहितका प्रमुख शिवलिङ्गहरू हुन् । त्यस्तै गरी एकमुखे शिवलिङ्गहरू जुन उच्च कालिगडीयुक्त छन् तिनीहरू त्यस क्षेत्रमा छन् । वनकाली नामले प्रसिद्ध भगवतीको मूर्ति, जयवागीश्वरी नामले सम्बोधित श्वेत सरस्वतीको पादुका पनि लिच्छविकालिक हुन् । गरूड नारायण, शंकर नारायण, नटराज, उमामहेश्वर, विष्णु आदिका लिच्छविकालका उत्कृष्ट मूर्तिहरू कुनै मन्दिरभित्र, कुनै मन्दिरबाहिर रहेका छन् । पोलेको माटोले बनाएका अनन्तनारायणको मूर्ति आफ्नै किसिमको छ । लोकोक्ति अनुसार बनेपाका एकजना कुमाले पशुपति क्षेत्रमा एउटा मूर्ति कीर्तिको रूपमा स्थापना गर्न चाहन्थे तर काठमाडौं र भक्तपुरको आपसी मनमुटावको कारण उनलाई स्थापना गर्न दिइएन । त्यो देखी आवश्यक सबै कुरो तयार पारी कसैले थाहा नपाउने गरी आफूले चाहाएको ठाउँमा एकै रातमा मूर्ति तयार पारिदिए ।

पशुपति क्षेत्रमा लिच्छविकालदेखिकै मन्दिरहरू प्रशस्त छन् । लिच्छविकालको भव्य मन्दिरहरू त बच्न सकेको छैन तर चारस्तम्भयुक्त एउटा लघु मन्दिर अद्यापि छ । प्रस्तरका ठूला मन्दिरहरूका अवशेषहरू भने त्यहाँ प्रशस्त छरिएका पाइन्छन् । नेपाली छाना शैलीका मन्दिरहरू जयवागीश्वरी, ताम्रेश्वर, भुवनेश्वरी, वत्सलेश्वरी, चन्द्रविनायकका मन्दिरहरू छन् भने गुम्वज शैलीका मन्दिरहरूमा पञ्चदेवल, विश्वरूप, त्रैलोक्य मुक्तेश्वर, पृथ्वीप्रकाशेश्वर, त्रिभुवन प्रकाशेश्वर र विष्णु मन्दिर प्रसिद्ध छन् । त्रैलोक्यमुक्तेश्वरको स्थापना श्री ५ त्रैलोक्य वीर विक्रम शाहको नाममा स्थापना गरिएको हो भने पृथ्वी प्रकाशेश्वरको स्थापना श्री ५ पृथ्वी वीर विक्रम शाह एवं त्रिभुवन प्रकाशेश्वरको स्थापना श्री ५ त्रिभुवन वीर विक्रम शाहले गरिवक्सेको हो । साना किसिमका गुम्वज शैलीका मन्दिरहरू यहाँ प्रशस्त छन् । त्यस्ता मन्दिरहरू अधिकांश शिवलिङ्गको स्थापनाको लागि प्रयोग गरेको पाइन्छ । शिखर शैलीका मन्दिरहरूमा पशुपतिनाथ प्राङ्गणमा रहेको ब्रह्माको मन्दिर विशेष उल्लेख्य छ । नवाली टोलमा भएको सात घोडाले तान्न लागेको रूपमा निर्मित प्रस्तरको सूर्य मन्दिर, धन्वन्तरीको मन्दिर तथा लक्ष्मीनारायणको मन्दिर विक्रमको सोह्रौं शताब्दिका कीर्तिहरू हुन् । प्राचीनकालदेखि नै सो स्थलमा अनेक किसिमका मूर्ति मन्दिरहरू भएकोले होला यहाँको नाम नै 'देवग्राम रह्यो । कालान्तरमा देवग्राम "देवपत्तन" हुन पुग्यो । त्यही देवपत्तन अपभ्रंश भई 'देवपाटन' को रूपमा प्रचलनमा रहेको छ । नेवारी भाषामा भने यस क्षेत्रलाई 'ग्वल' भनिन्छ ।

पशुपतिनाथको मन्दिर रहेको देवपाटनक्षेत्रमा बस्तीहरू पनि छन् । त्यसैले प्रतिवर्ष धार्मिक महत्वका कतिपय यात्रा चाडपर्व धुपधामसँग मनाउने प्रचलन छ । गुह्येश्वरी यात्रा, देशाद्धार पूजा, भीमसेन यात्रा, वत्सलेश्वरी यात्रा, ब्रजेश्वरी यात्रा, गणेश यात्रा, गाई यात्रा आदि यहाँ मनाइने प्रमुख यात्राहरू हुन् । ती यात्राहरूको सञ्चालनको लागि गुठीको आयश्रोतबाट चलने व्यवस्था गरिएको पाइन्छ । स्थानीय सबैको सहभागिताबाट ती यात्राहरू चलने गरेको छ ।

हाल गरिएको सर्वेक्षणअनुसार प्रतिदिन पशुपतिनाथ मन्दिरको दर्शन–पूजन गर्न सरदर ७००० देखि १०००० दर्शनार्थीहरू आउँछन् । शनिवार तथा विशेष तिथिको अवसरमा दर्शनार्थीको संख्या बढ्छ । एकादशी, गुरुपूर्णिमा, नागपञ्चमी, ऋषि तर्पणी, श्रीकृष्णजन्माष्टमी, ऋषि पञ्चमी, नवरात्र, वैकुण्ठ चतुर्दशी, स्वस्थानी व्रतारम्भ, स्वस्थानी व्रत समाप्ति, शितलाष्टमी, राम नवमी,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चन्द्र ग्रहण, सूर्य ग्रहण, गङ्गादशहरा, अक्षय तृतीया आदि जस्ता पर्व विशेषहरूमा दर्शनार्थीहरूको विशेष घुँइचो लाग्दछ । त्यस्तै गरी प्रत्येक सोमबार र श्रावण महिनाभरि नै स्थानीय श्रद्धालु भक्तजनहरू बागमतीमा स्नान गरी भगवान् पशुपतिनाथ एवं त्यहाँका देवीदेवताका मन्दिरहरूमा दर्शन–पूजन गर्छन् । महाशिवरात्रि, शतवीजारोपण एवं तीज बढी दर्शनार्थीहरू आउने पर्वहरू हुन् ।

स्वदेश तथा विदेशका दर्शनार्थी एवं तीर्थयात्रीहरू आई भगवान् पशुपतिनाथमा पूजा अर्चना गर्ने विशेष पर्वको रूपमा शिवरात्रीलाई लिइन्छ । मोहरात्रि, कालरात्रि, सुखरात्रि र शिवरात्रिको वैदिक धर्ममा विशेष महत्त्व छ । ती रात्रिहरूमा विभिन्न देवी–देवताहरूको विशेष पूजा–आजा हुन्छ । उदाहरणको रूपमा मोहरात्रीमा श्रीकृष्ण कालरात्रीमा नवदुर्गा, सुखरात्रीमा लक्ष्मी तथा शिवरात्रिमा शिवको विधि विधान साथ पूजा-आजा गरिन्छ । शिवरात्रिलाई त अझ महत्ता दिई "महाशिवरात्रि" भनिन्छ । शिवरात्रिको व्रतलाई व्रतहरूमा श्रेष्ठ बताइएकोले शिव पुराणमा "व्रतराज" को संज्ञा दिइएको छ । छिमेकी भारतबाट आएका तीर्थयात्रीहरू त्यो दिन आ-आफ्नो क्षेत्रको तीर्थस्थलबाट ल्याएका जल चढाउने गर्छन् । वैरागी, उदासी, सन्यासी, नागा आदि सम्प्रदायका साधु-सन्तहरूको संख्या पनि कम हुँदैन ।

पशुपतिमा सम्पन्न हुने बढी दर्शनार्थीहरू भेला हुने मेला–पर्वमा शतवीजारोपण पनि एउटा हो । यो मंशीर-कृष्ण चतुर्दशीमा पर्दछ । यसैले यसलाई बालाचतुर्दशी भनी भनिन्छ । भगवान् शिव मृगस्थलीमा मृग रूपमा अवतरण हुँदा उहाँले जहाँ-जहाँ घुम्नुभयो, हिंड्नुभयो, विहार गर्नुभयो त्यसलाई पुण्य क्षेत्र मानी सो दिन ती ठाउँमा सप्तधान्य छर्ने चलन पाइन्छ । सतवीज सो वर्ष मरेका आफन्तहरूको आत्माको शान्ति र पुण्यको कामनाले छरिन्छ । पहिलो वर्ष सद्वीज छर्नु अघिल्लो दिन बेलुका पशुपतिनाथको मन्दिरमा "महाद्वीप" बालेर जाग्राम बस्छन् । दोस्रो वर्ष समापनको लागि यज्ञ गर्छन् । त्यसलाई "चतुर्थी यज्ञ" भन्ने चलन छ । शतवीजारोपणको दिन एक गेडा अन्न छरेको पनि सुवर्ण अर्पण गरे जस्तो हुन्छ भनी हिमवत्खण्डमा बताइएको छ ।

यसप्रकार पशुपतिनाथ मन्दिर रहेको क्षेत्र धार्मिक सांस्कृतिक दृष्टिकोणले केन्द्रस्थलको रूपमा शताब्दियौं-देखि रहेको पाइन्छ । यसैले पशुपति क्षेत्रको संरक्षण, सम्वर्धनमा नेपालका सबै ऐतिहासिककालहरूमा राजा र प्रजाको समझदारी, संलग्नता र सहयोग रहेको देखिन्छ । जनजीवनमा प्रचलित धारणा, मान्यता र विश्वासहरू पनि त्यसमा सहयोगी बने । पशुपति क्षेत्रमा त्यत्राविधि मूर्ति, मन्दिर तथा अन्य कीर्तिहरू स्थापना हुनुको पछिल्तिर त्यही कारण रहेको छ ।

पशुपति क्षेत्रको समष्टिगत सम्वर्धनमा वि.सं. १८७० को दशक उल्लेखनीय मानिन्छ । किनभने श्री ५ गीर्वाण-युद्ध वीर विक्रम शाहले पशुपति क्षेत्रको निश्चित सीमा तोकी त्यसभित्रका वितर्ा, जागीर वा अन्य कुनै गुठीसंग सम्बन्धित जग्गा बाहेक अरू बाँकी जग्गाहरू पशुपतिनाथलाई अर्पण गरेपछि त्यहाँका कतिपय कार्यहरू पशुपति अमालकोट कचहरीका अमालीको जिम्मा दिइयो । त्यसले गर्दा नियत गरिएका पूजा-आजा बाहेक ती कार्य गरी बाँकी भएको रकमले देवपाटनका मानिसहरूको सहयोगबाट भत्के-बिग्रेको मठ, मन्दिर, बाटोघाटो वा आवश्यक मर्मत जिर्णोद्धारका कार्यहरू गरी कमसेकम धार्मिक सांस्कृतिक महत्त्वका कीर्तिहरू स्याहार-सम्भार-द्वारा धार्मिक वातावरणलाई प्रतिकूल हुनबाट बचाउन खोजेको पाइन्छ ।

पशुपति लगायत त्यस क्षेत्रका अन्य मन्दिरहरूमा पूजा-आजा, रेखदेख तथा सुरक्षा जस्ता आवश्यकीय कुराहरू गर्न गराउन संस्थागत सङ्गठन उहिल्यैदेखि भएको छ । "पशुपति अमालकोट कचहरी" पशुपति भण्डार तहबिल "पशुपति गोश्वरा" यसका नमूना हुन् । अन्दाजी वि. सं. १८७० मा स्थापित पशुपति अमालकोट कचहरी नेपालको एउटै मात्र प्रारम्भिक शाहकालतिरको प्रशासनिक इकाईको नमूना हो । पशुपति अमालकोट कचहरीको मुख्य काम वि. सं. १८७० मा श्री ५ गीर्वाणयुद्ध वीर विक्रम शाहले गुठी राखिबक्से अनुसारका जग्गाहरूको कुत उठाई, गुठीका रै-रकमीहरूलाई पशुपतिनाथको काममा रूजु गराई राखी त्यहाँको कुनै पनि कामहरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नअड्काउनु रहेको देखिन्छ । सो कचहरीले पशुपति क्षेत्रको मुद्दा छिन्ने, स्थानीय कर, भैंसी भन्सार महसूल, भुवहाल उठाउनुको साथै त्यस क्षेत्रको वेवारिश लाशको तायदात गरी जिन्सी सामानहरूको लिलाम गराई पशुपतिनाथको भण्डार राख्नु थियो । पशुपति क्षेत्रको वनमा घाँस काट्ने घँसिया तथा पत्कर सोहर्ने तथा दाउरा भाँच्ने वा काट्नेहरूलाई सजाय दिनु पशुपति क्षेत्रको जङ्गल मासिनुबाट रोक्नु पनि यसैको काम थियो । अमालको मुख्य व्यक्तिलाई अमाली भनिन्छ । पशुपति अमालकोट कचहरीमा पहिले अमाली अरू नै हुन्थे वि. सं. १८७० देखि भने पशुपतिनाथका मूल पूजारीलाई नै अमालीको अधिकार र कर्तव्य दिएको पाइन्छ । समयको क्रम अनुसार अहिले अमालकोट कचहरीको केही काम बाहेक अरू सबै अवरुद्ध भैसकेका छन् ।

पशुपतिनाथ मन्दिरको व्यवस्थापन पक्षसँग सम्बन्धित अर्को निकाय पशुपति भण्डार तहविल हो । यसको स्थापना वि. सं. १८२७ भन्दा अगाडि भएको अनुमान हुन्छ । पशुपति भण्डार तहविलको मुख्य काम "दुकाविर्ता" अर्थात् दाताबाट प्राप्त जग्गाको उठती पुठती गरी त्यस अन्तर्गत नियत गरिएका कामहरू गर्नु हो । त्यसरी प्राप्त जग्गाको वाली उठाई जग्गाको रक्षा गर्नु तथा दाताले नियत गरिदिएका पूजा गर्नु तहविलको दायित्व हो । पशुपतिनाथमा प्रतिदिन बालभोग, भोग, आरती आदि गर्न आवश्यक पर्ने सामग्रीहरू जुटाउने काम पशुपति भण्डार तहविलले नै गर्छ ।

पशुपति गोश्वरा आर्को इकाई हो । पहिले यसको कार्यक्षेत्र व्यापक थियो । तर अहिले खास काम केही छैन । गुठी संस्थानको स्थापना पश्चात पशुपति क्षेत्रमा गुठी संस्थानको तर्फबाट गर्नुपर्ने कामहरूको रेखदेख गर्ने, आवश्यक सामग्रीहरू उपलब्ध गराउन सहयोग गर्ने, साक्षी बस्ने जस्ता कामहरू अहिले पशुपति गोश्वराले गर्छ ।

जगद्गुरु श्रीनिम्बार्क जयन्तीको पावन उपलक्ष्यमा

सम्पूर्ण धर्मप्रेमी भक्तजनहरूमा हार्दिक

मंगलमय शुभ–कामना

व्यक्त गर्दछ

ओरियण्टल एक्सप्रेस

लगनखेल, थसिखेल

ल. पु. चक्रपथ फो. ५२६४६६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रीसम्प्रदाय

– पं. श्री सोमनाथ घिमिरे "व्यास"

सृष्टिस्थितिलयाध्यक्ष अरूपो विश्वरूपधृक् ।
वैदिक वेद्यः सर्वात्मा श्रीमन्नारायणः स्मृतः ॥

नारायणात्परतरं नहि किञ्चिदस्ति ।

नरको जन्म नै नारायणप्राप्तिको निमित्त हो । परमात्मालाई मान्यता गर्न वर्तमान चार प्रकारका समाज देखिन्छन् ।

१) नास्तिक, २) अर्धनास्तिक, ३) छद्म आस्तिक "कुकृत्यलाई कसैले पनि देखेन भन्ने" र ४) आस्तिक ।

१) नास्तिकः– ईश्वरलाई सर्वथा नमान्ने, जस्तैः– चारवाक, लोकायत, कम्युनिष्ट, सोशलिष्ट इत्यादि ।

२) अर्धनास्तिकः– ईश्वर निराकार मात्र छ । साकार छैन, सर्वशक्तिमान छ तर अवतार लिन सक्तैन, सर्वव्यापक छ तर मूर्ति प्रतिमामा छैन । ईश्वरको अस्तित्व-विषयमा आधामा भने मान्ने आधामा नमान्ने, जस्तै– ईसाइ, मुसलमान, आर्यसमाजी, प्रससमाजी आदि ।

३) छद्म आस्तिकः– कुनै कुनै समाज यस्ता छन् कि मुखले भने ईश्वरलाई खुब मान्ने, सभामा समाजमा ईश्वरको शपथ खाने तर भित्र भित्र दिन रात पापै पाप गर्ने । हजारौं आँखा भएका अन्तर्यामीले मेरो कुकृत्यलाई देखेकोछ भन्ने नसम्झने ।

४) आस्तिकः– मनसा वाचा कर्मणा सर्वथा सर्वदा सर्वत्र ईश्वरै ईश्वर देखेर व्यवहार गर्ने । यस्ता ४ प्रकार देखिन्छन् ।

नास्तिकहरूको भनाइ छ– ईश्वर छ भन्ने के प्रमाण छ ?

दार्शनिक महर्षिहरूले अनेक युक्ति प्रमाणको संगति लगाएर बताउन बाँकि राखेका छैनन् । परन्तु त्यो यथार्थ बुझाई बताउने विद्वान्को आज अभाव हुँदै गयो, कारण देववाणीको अध्ययन र अध्यापनमा शिथिलता आयो । ईश्वरको सत्तामा के प्रमाण भन्ने प्रश्नकर्तासँग सोधौं तपाई हुनुहुन्छ भन्ने पनि के प्रमाण छ ? प्रश्नकर्तालि जब आफ्नो जीविका जाति देश आदिको विशेषण दिदै भन्नु होला "म ब्राह्मण हुँ अथवा वैद्य हुँ नेपाली हुँ साहूजी हुँ" इत्यादि । प्रश्न कर्तासँग हामी सोधौं कि तपाई कहाँ हुनुहुन्छ ? उहाँ भन्नु होला तिम्रा अगाडि खडा छु । साढे तीन हातको शरीरधारी देख्तैनौं के अन्धा त हैनौ ? अब हामी भन्छौं साँच्चै साढे तीन हातका हौ त ? हातका औंलाले उसका जिउमा छुँदै सिरदेखि पाउसम्म एकाएक गरेर सोधौं, उनी यो सिर हो, यो पेट हो, यो खुट्टा हो, इत्यादि इत्यादि भन्दै जान्छन् । त्यसमा भनौं यी त सब पृथक् पृथक् तपाईंका अग भए, तपाईं भनेको को हो ? जस्तै मेरो घरभन्दा म स्वयं घर हुन सक्तिन, मेरा सत्ता घरदेखि भिन्न हुन्छ, स्वतन्त्र हुन्छ । त्यस्तै तिमी साढे तीन हातका हौ भनेर कसरी मान्नु ? हो, तिम्रो अंग साढे तीन हातको हुन सक्दछ । उनीलाई अब आफ्नो विषयमा चिन्ता हुन थाल्दछ । अन्त्यमा उनले भन्नै पऱ्यो कि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शरीर जब मेरो हुन्छ भने यो शरीरमा भएको चेतन पनि त मै हुँ। अब हामीले उनले आफैंले स्वीकार गरेको मान्नु पर्‍यो। किन भने अनन्तत्व जस्तो मनुष्यको शरीर म भन्ने व्याप्त चेतनको अस्तित्वको बलीयो प्रमाण भयो।

मनुष्यको शरीर जड र स्थूल छ, उसमा रहनेवाला जीव चेतन र सूक्ष्म हुन्छ। त्यस्तै यो ब्रह्माण्ड जड र स्थूल छ त्यसमा व्यापक परमात्मा चेतन र सूक्ष्म छ। यसमा फरक यति छ कि साढे तीन हातको मांसपिंडमा रहनेवाला चेतनको नाम जीव आत्मा अनन्तत्व एक योजनावाला ब्रह्माण्डमा बस्ने चेतनको नाम परमात्मा, एउटाका साथ जीवको विशेषण लाग्यो जीव + आत्मा = जीवात्मा भयो। दोश्राका साथ परम विशेषण लाग्यो, परम + आत्मा = परमात्मा भयो। यदि दुवै थरिको विशेषण हटाइदिने हो भने अण्डपिण्ड दुवैको समानता हुन्छ। यो नै विशमता द्वैतको मौलिक रहस्य हो। त्यसैले हामी भन्छौं ईश्वर छ भन्ने के प्रमाण छ भन्ने प्रश्नवालालाई आफ्नै स्वत्वमा पनि सन्देह रहेछ। ईश्वर सद्भावे किं प्रमाणम् ? को उत्तर "ईश्वर सद्भावे त्वमेव प्रमाणम्" भन्नुपर्‍यो।

ईश्वर कहाँ रहन्छन् ?

यो प्रश्नवालासंग हामी भनौं कि तिमी कहाँ रहन्छौ ? जान्नेले उसले भन्छ "म नामक मेरो चेतन मेरा शरीरमा सर्वत्र रहन्छ।" अब उसलाई भनौं जस्तो तिमी यो पिण्ड शरीरमा सर्वत्र छौ त्यस्तै ईश्वर पनि यो ब्रह्माण्डमा सर्वत्र कपडाको धागो तनौटो वनौटो व्याप्त भएझैं संसारमा व्याप्त छ।

ईश्वर कस्तो छ ?

जस्तो शरीरका दृष्टिले जड, जीवका दृष्टिले चेतन तिमी छौ। शरीर जड, आत्मा चेतन छ यी दुवै मिलेपछि म हुन्छ। ठीक त्यस्तै प्रकारले यो ब्रह्माण्ड जड हो यसमा रहेको व्यापक परमात्मा चेतन हो। यी दुवैको संयुक्त नाम ईश्वर हो। हरिरेव जगज्जगदेव हरिः ईश्वर यस्तै छ। यस्तै प्रकारले स्थूल सूक्ष्म विपरिणामी शाश्वत् अनित्य नित्य आदि समस्त विशेषणहरूको पिण्डका जस्तै ब्रह्माण्डमा जीवकाझैं परमात्मामा घटाउनुपर्छ अनि ईश्वर स्वतः जनिन्छ।

ईश्वर किन देखिंदैन त ?

जस्तो मान्छेको शरीर पिण्ड देखिन्छ त्यसका भित्र व्यापक रूपले रहेको चेतना देखिंदैन। देखिएन भनेर शरीरभित्रको चेतनका उपर कहिल्यै सन्देह हुँदैन। शरीरको नानाप्रकारको चेष्टालेनै भित्र रहेको चेतनाको ज्ञान हुन्छ। तेस्तै ब्रह्माण्डका अनेकन अमानवीय चत्मकार द्वारा त्यसमा रहेका चेतनको अस्तित्व सिद्ध हुन्छ। वेदान्तमा भनिन्छ न तत्र चक्षुर्गच्छति। न्याय दर्शनमा भनिन्छ जो प्रत्यक्ष देखिंदैन तर अनेकन अनुमानद्वारा पक्का सिद्ध गरिन्छ त्यो पदार्थलाई छैन हैन भन्न मिल्दैन त्यसलाई छ हो भन्न करै लाग्छ यसरी ईश्वर देखिन्छ।

ईश्वरको रूप रंग तौल नाप के छ त ?

जस्तो मान्छेका जिउको रूप रंग नाम वजन सबै गरिन्छ परन्तु त्यो भित्र रहेका चेतनको न रूप न रंग न नाप न तौल केही गर्न सकिंदैन। रंग रूप तौल गर्न सकिएन भनेर त्यो चेतनको अभाव मान्न सकिंदैन त्यसको रूप रंग तौल नाप सबै यही मान्नु पर्दछ।

परमात्मा निराकार हो कि साकार हो ?

जस्तो मनुष्य आदि जीवको साकार शरीर हुन्छ, निराकार जीव हुन्छ ती दुवै मिलेर म अथवा तँ भन्ने देह खडा हुन्छ। त्यस्तै साकार ब्रह्माण्ड र व्यापक निराकार चेतन दुई मिलेर भगवान् नारायण परमात्मा बन्नु हुन्छ। यसमा अन्तर यत्ति छ कि अल्पशक्तिवाला सबै साधारण जीव आफ्नो नानाथरि रूप बनाउन असमर्थ हुन्छ। परन्तु परमात्मा सर्वशक्तिमान हुनाले जुन वेलामा जस्तो रूप रंग बनाउन पनि सक्नुहुन्छ। हुन्त जीव पनि योग साधनाद्वारा परमात्माको नजिक पुग्यो भने लोकान्तर गमन, परकाय प्रवेश, अनेकथरि रूप बन्ने सबै शक्ति पाउन नसक्ने होइन, सक्दछ।

एक किसिमले निराकार भन्ने शब्दले नै परमात्मालाई साकार बनाउने प्रमाण हो भन्नुपर्छ। किनभने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निराकार शब्दको अक्षरार्थ यस्तो हुन्छ– निर्गत आकारो यस्मात् निकलेको छ, आकार जसबाट । व्याकरणले सिद्ध गर्दा– निराध्यः क्रान्ताप पञ्चम्याः प्र. निर आदि उपसर्ग क्रान्त आदि अर्थमा पञ्चमी विभक्ति सबै समस्त हुन्छ । यो व्याकरणका नियमका अनुसार आकार तब पृथक् हुन सक्दछ जब पहिले विद्यमान थियो भने । जस्तै नाङ्गै हिंड्ने मान्छेलाई यसको कपडा खोस भन्न सकिंदैन त्यो कुरा उपहास हुन्छ । त्यस्तै परमात्माको कुनै आकारै थिएन भने उनलाई पृथक्हुने भन्न कसरी मिल्छ ? त्यसैले परमात्मा पहिले साकार बनेर पछि निराकार पनि हुन सक्नुहुन्छ ।

सृष्टि हुनुभन्दा पहिले ब्रह्माण्डका सबै पदार्थका परमाणुहरू परमात्मामा मिलेका हुन्छन् त्यसैले त्यस वेलालाई साकार भनिन्छ । जब सृष्टि हुन थाल्छ अनि त्यो सब आकारका परमाणुहरू पृथक् पृथक् भएर ब्रह्माण्डका रूपमा विभक्त हुन्छन् ।

"पादोस्य विश्वाभूतानि त्रिपादस्यामृतंदिवि"

का अनुसार सोह्रआना नारायणबाट चार आना समस्त ब्रह्माण्ड बन्छ । बाह्र आनामा स्वयं बनिरहनुहुन्छ । निराकार मात्र छ साकार छैन हैन भन्ने व्यक्तिलाई निराकार शब्दको अक्षरार्थको अनभिज्ञता भन्नेमा शङ्का भएन । उभयं वा एतत्प्रजापतिः ।

परमात्मा एक छ कि धेरै छ ?

धेरै जसो सम्प्रदायवादीहरू एक ईश्वर मान्दछन् । परन्तु वैदिक सनातन धर्मावलम्बीहरू ब्रह्म, ईश्वर, ब्रह्मा, विष्णु, महेश, देवी देवता सबैलाई ईश्वर मान्दछन् । सनातन धर्म एक मात्र परमात्माको सच्चा धर्म हो । अनभिज्ञका दृष्टिमा गाड, अल्ला, खुदा भनेकै परमात्मा ईश्वर आदि शब्दलाई पर्याय वाचक मानिन्छ । परन्तु सनातन वैदिक धर्ममा भने एउटै परमात्माका भिन्न भिन्न नाम मात्र होइन कि यावत नामहरू सर्व शक्ति सत्ताका परिचायक पारिभाषिक नाम मानिन्छन् । यस स्थितिमा परमात्मालाई एक मानेर पनि दार्शनिक विवेचनानुसार ब्रह्म र ईश्वरको समान पर्यायवाची शब्द नमानेर विभिन्न सत्ताका परिचायक मानिन्छन् । यो समस्यालाई समाधान गर्न लौकिक दृष्टान्तपट्टि विचार गरौं । जस्तै– श्री ५ को सरकार नेपालको शासन गर्ने राजसत्ता भनेको एक समष्टि नाम भयो । परन्तु प्रधान मन्त्री, प्रधान सेनापति, अर्थ, यातायात, न्याय, गृह आदि विभाग छुट्टै मानिन्छन् । श्री ५ को सरकार भनिने समष्टिलाई व्यष्टि नामकरण गरेर आफ्नो परिभाषाका अनुसार विभिन्नताको परिचय दिइन्छ । समष्टि दृष्टिले श्री ५ को सरकार भनेर सबैलाई भनिए पनि व्यष्टि दृष्टिले प्रधानमन्त्रीलाई अर्थ मन्त्री न्यायाधीशलाई स्वास्थ्य मन्त्री आदि भन्न सकिंदैन । त्यसैले ब्रह्म ईश्व र विष्णु रुद्र इन्द्र वरुण यम आदि एकै परमात्माका निर्विषेश नाम हुन् । तथापि जुन अवस्थामा हामी परमेश्वरलाई ब्रह्मा भनेर स्मरण गर्छौं त्यसवेला विष्णु भनेर काम चल्दैन । त्यसैले ब्रह्म ईश्वर एकै हुन् भन्ने दार्शनिक दृष्टिले भन्न सकिंदैन । पृथक् पृथक् मान्नै पर्दछ । यसैलाई भनिन्छ विशिष्टाद्वैत ।

अनुग्रहाय भूतानां मानुषं देहमास्थितः ।
भजते तादृशी क्रीडा याः श्रुत्वा तत्परो भवेत् ।।

अर्थः– प्राणीमात्रमा अनुग्रह गर्नका निमित्त नै भगवान् अनेकन लीला गर्नुहुन्छ, जुन लीलाहरूको श्रवणपछि मानिसहरू आ–आफ्नो मति अनुसार भगवान्लाई भजून् ।

– भागवत

□

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रीवैष्णव (विशिष्टाद्वैत) सम्प्रदाय : एक चर्चा

– मधुसूदन रामानुजदास

हिन्दूधर्म अन्तर्गत अनेकौं सम्प्रदाय तथा मतहरू छन् । ती सबैको साधना एवं मार्गहरू फरक भए पनि साध्य वस्तु एउटै हो 'ईश्वर' । तिनमा वैष्णव धर्मको आफ्नै किसिमको विशिष्टता छ । वैष्णव धर्मको उद्गम-स्थान अनन्तकल्याणगुणनिकेतन भगवान् नारायण हुनु-हुन्छ । वैष्णव धर्ममा चार सम्प्रदाय छन्— १) श्री सम्प्रदाय, २) ब्रह्म सम्प्रदाय, ३) रुद्र सम्प्रदाय र ४) सनक सम्प्रदाय । यिनमा श्रीसम्प्रदायका प्रवर्तक श्री रामानुजाचार्य, ब्रह्म सम्प्रदायका श्रीमध्वाचार्य, रुद्र सम्प्र-दायका श्रीविष्णुस्वामी तथा सनक सम्प्रदायका श्री निम्बार्काचार्य हुनुहुन्छ । वैष्णव धर्मका यी सम्प्रदायहरू-मा श्रीसम्प्रदाय सबैभन्दा पुरातन छ । यसका अनुयायी-हरूलाई श्रीवैष्णव भनिन्छ । यस मतका आचार्यहरूको मान्यता छ कि भगवान् नारायणले आफ्नो शक्ति श्री अर्थात् लक्ष्मीलाई अध्यात्म ज्ञान दिनुभयो । त्यसपछि लक्ष्मीले त्यो अध्यात्म ज्ञान विष्वक्सेनलाई र विष्वक्सेनले नम्मालवारलाई दिए । यही आचार्य परम्पराबाट काला-न्तरमा श्रीरामानुजाचार्यले सो आध्यात्मिक ज्ञान प्राप्त गर्नुभयो । फलस्वरूप श्रीरामानुजाचार्यले श्रीवैष्णव मत-को प्रतिष्ठापित गरेर यसको प्रचार–प्रसार गर्नुभयो । भारत, नेपाल लगायत संसारका विभिन्न मुलुकहरूमा यस मतका अनुयायी छन् ।

ईस्वीको सातौं शताब्दीमा दक्षिण भारतको तमिल प्रान्तमा वैष्णव मतका अनुयायी पन्तहरूको संख्या क्रमशः बढ्दै गएको थियो । 'उपदेशरत्नमाला' मा श्रीरङ्गनाथ भगवान्ले ती भक्तहरूलाई 'आलवार' को संज्ञा दिनु-भएको छ । वस्तुतः 'आलवार' तमिल शब्द हो जसको अर्थ हुन्छ भक्तिसागरमा डुबेका नारायणका भक्त । आल-बारहरू भगवान् नारायणका सच्चा भक्त थिए र सबै स्वतन्त्ररूपबाट आफ्नो भक्तिमय जीवन बिताउँदथे । ती आलबारहरूले सातौं शताब्दीदेखि नवौं शताब्दीको झण्डै २०० वर्षको अवधिभर आफ्नो अथक प्रयासबाट भक्ति र शरणागतिलाई आधार बनाई श्रीवैष्णव सम्प्रदायको प्रचार गरे । दशौं शताब्दीतिर यस सम्प्रदायका आचार्य-हरूले आलबारहरूको भक्तिको अनुरूप अनेक धार्मिक एवं दार्शनिक ग्रन्थहरूको रचना गरे, जुन ग्रन्थहरूले पछि गएर वैष्णव धर्मको आधारस्तम्भको काम गरे । श्रीवैष्णव-धर्मको प्रचार–प्रसार एवं विकासमा श्रीनाथमुनि (सन् ८२४–९२४), श्री यामुनाचार्य (सन् ९१८–१०३८), श्रीरामानुजाचार्य (सन् १०१७–११३७), श्री वेदान्तदे-शिकाचार्य (१२६८–१३६९), श्रीलोकाचार्य (सन् १३२७)) आदिको महत्त्वपूर्ण योगदान रहेको छ । तिन-मा श्रीरामानुजाचार्यको महत्त्व उहाँले "विशिष्टाद्वैत दर्शन" को प्रतिपादन गर्नु भएको वैष्णव दर्शनमा एक नवीन धारा प्रवाहित गर्नु भएकोले अझ बढी रहेको छ ।

श्रीरामानुजाचार्यले आफ्नो सिद्धान्तमा तीन तत्वहरू– चित्, अचित् एवं ईश्वरलाई मान्नुभएको छ । यिनमा चित्को अर्थ हो जीव, अचित्को अर्थ हो प्रकृति या जड

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तत्व तथा अन्तर्यामी तत्व ईश्वर हो । ईश्वर चित् एवं अचित् दुवै तत्वहरूभन्दा विशिष्ट छ तथा चित् एवं अचित् दुवै ईश्वरको अधीन छन् । ईश्वर प्रधान हुनुहुन्छ, उहाँ नियामक हुनुहुन्छ, अतः ईश्वर शेषी हुनुहुन्छ, यसको विपरीत जीव एवं जगत् गौण छ, नियाम्य छ अतः यसलाई शेष भनिन्छ । यसप्रकार ईश्वर एवं चिदचिद्को बीच शेष-शेषीको भाव विद्यमान छ ।

जब प्रलयावस्थामा जीव एवं जगत् सूक्ष्मरूपापन्न हुन्छ तब ईश्वर त्यसको सूक्ष्मावस्था आफूमा धारण गर्नुहुन्छ । यस्तो अवस्थामा ईश्वर सूक्ष्मचिदचिद्विशिष्ट रूपमा हुन्छ । यस स्थितिमा यसलाई कारणावस्थ ब्रह्म भनिन्छ । यसै गरी सृष्टिको समयमा स्थूलरूप धारण गर्दा स्थूलचिदचिद्विशिष्ट भएर ईश्वरको कार्यावस्था ब्रह्म कहलाइनुहुन्छ । यसप्रकार श्रीरामानुजाचार्यको सिद्धान्तमा ब्रह्म प्रलयावस्थामा एवं सृष्टिकालमा पनि चित् एवं अचित्भन्दा विशिष्ट रहन्छ । यही विशिष्टताको कारण यस सिद्धान्तलाई "विशिष्टाद्वैत" भनिन्छ ।

"विशिष्टं (सूक्ष्मचिद्विशिष्टं) च विशिष्टं (स्थूलचिद्विशिष्टं च इति विशिष्टे, विशिष्टयो अद्वैतम् (एकस्मिन् श्रीमन्नारायणे ब्रह्मणि) इति विशिष्टाद्वैतम्" यहाँ विशिष्ट अर्थात् चित्-अचित्भन्दा विशिष्ट ब्रह्म नै अद्वैत शिद्धान्तरूपबाट मान्य छ; यसैले रामानुज वेदान्त "विशिष्टाद्वैत दर्शन" को नामबाट प्रसिद्ध छ ।

श्रीरामानुज दर्शनमा सृष्टि, जीवजगत्, ईश्वर एवं मोक्ष आदिको मीमांसा मुख्यतः उपनिषद्हरूको सिद्धान्तमा आधारित छ । सृष्टिको विषयमा श्रीरामानुजाचार्य श्वेताश्वतर उपनिषदमा वर्णित प्रकृतिलाई स्वीकार्नुहुन्छ । उहाँ मान्नुहुन्छ कि प्रकृति एक छ, अनादि छ, ईश्वरको एक अंश हो तथा ईश्वरद्वारा संचालित छ । अतः ईश्वर यस जगत्का निमित्त कारण तथा उपादान कारण पनि हुनुहुन्छ ।[1] यो सिद्धान्त सगुण ब्रह्मको उपासक हो, जसमा ईश्वर तत्व वैकुण्ठाधिवासी शङ्ख, चक्र, गदा, पद्मधारी भू-नीला-महालक्ष्मीका स्वामी सर्वज्ञ, समस्त कल्याण गुणले सम्पन्न श्रीमन्नारायण हुनुहुन्छ ।

श्रीरामानुजाचार्यको मान्यता छ कि जीव नियाम्य हो, ब्रह्म नियामक; जीव आधेय हो, ब्रह्म आधार । यस्तो स्थितिमा जीव ईश्वरमा पूर्णतया आश्रित छ तथा ईश्वरको शरणमा नगइकन जीवको कल्याण हुँदैन । ईश्वर अशेष गुणहरू तथा दयाको सागर हुनुहुन्छ । अतः दुःखबाट पीडित जीवको लागि ईश्वर नै एक मात्र शरण्य हुनुहुन्छ । यसबाट श्रीरामानुजाचार्यको मतमा 'शरणागति' या 'प्रपत्ति' अर्थात् भगवान् श्रीनारायणको शरणमा जानु नै जीवको आध्यात्मिक उन्नतिको सर्वश्रेष्ठ साधन भनिन्छ । वैष्णव धर्मका दीक्षित भक्त करुणानिधान, दयाका सागर, भक्तवत्सल भगवान्को समक्ष निष्कपट भावबाट प्रार्थना गर्दछ "म समस्त अपराधहरूको आलय हुँ, अकिंचन तथा निराश्रय हुँ । अतः हजूर नै मेरो मुक्तिको उपाय हुनुहुन्छ ।"

वैष्णव धर्ममा जो कोही समाश्रय हुन सक्छ । हिन्दूधर्ममा वर्ण एवं जातजातिको भेदभावलाई त्यागेर परतत्त्व नारायणमा समर्पित हुन सिकाउने धर्महरूमध्येमा उदार एवं विशाल धर्मको रूपमा वैष्णव धर्म पनि पर्दछ । यस कुराको स्पष्ट प्रमाण श्रीमद्भागवतमा नै पनि पाइन्छ–

किरातहूणान्ध्र पुलिन्दपुल्कसा
आभीरकङ्का यवनाःखसादयः ।
येऽन्ये च पापा ददुपाश्रयाश्रयाः
शुध्द्यन्ति तस्मै प्रभविष्णवे नमः ।

श्रीमद्भागवत् २।४।१८

अर्थात् वैष्णवधर्मको समाश्रय ग्रहण गरेर किरात, हूण, आन्ध्र, पुलिन्द, पुल्कस, आभीर, कङ्क, यवन र खस आदि तथा अरू जातिहरू जुन भगवान् श्रीहरिका चरण शरण लिएर परम शुद्ध भए ती भगवान् विष्णुलाई नमस्कार छ ।

श्रीमद्भागवतमा उल्लिखित सो परम्परालाई श्री वैष्णव धर्ममा समाहित गरी हिन्दूधर्मको वर्ण व्यवस्थामा

---

१) स्थूलसूक्ष्मचिदचित्प्रकारकं ब्रह्मैव कारणं चेति ब्रह्मोपादानं जगत्— श्रीभाष्य ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री निम्बार्क जयन्ती, शुभ दीपावली

एवं

ने. सं. १११३ नयाँ वर्षको शुभ-उपलक्ष्यमा

हार्दिक मंगलमय शुभ-कामना

व्यक्त गर्दछौं ।

नेपाल उल ट्रेडिङ कं. (प्रा.) लि.

पो. अ. बक्स नं. ६० ललितपुर

पुल्चोक, ललितपुर

फो. नं. ५-२४४०९

टेलेक्स २७११ NEWTCO, NP.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तल्लो जातका मानिने कैयौं जातजातिहरूलाई वैष्णव धर्मको द्वार खोली विधर्मी हुनुबाट बचाएका उदाहरण अनेकौं छन् ।

वैष्णव को हो ? वैष्णव कसलाई भनिन्छ ? यस विषयमा श्रीनारदपाञ्चरात्रमा भनिएको छ–

वैष्णवानां त्रयं कर्म दया जीवेषु नारद ।
श्रीगोविन्दे पराभक्तिस्तदीयानां समर्चनम् ॥

अर्थात् जीवमाथि दया, श्री गोविन्दमा पराभक्ति तथा मानव मात्रको सेवा नै वैष्णवका तीन कर्महरू हुन् । यस्तै भगवान् विष्णुले ब्रह्माजीलाई वैष्णवहरूको लक्षण बताउने क्रममा पद्म पुराणमा उल्लेख पाइन्छ–

कामक्रोधविहीना ये हिंसादम्भविवर्जिताः ।
लोभमोहविहीनाश्च ज्ञेयास्ते वैष्णवा जनाः ॥
अमत्सरा दयायुक्ताः सर्वभूतहितैषिणः ।
सत्योक्तिभाषिणश्चैव विज्ञेयास्ते च वैष्णवाः ॥

अर्थात् जो काम क्रोध आदिबाट रहित, हिंसा, दम्भ (पाखण्ड) बाट हटेको, लोभ तथा मोहबाट रहित छ त्यसैलाई वैष्णव सम्झनु पर्दछ । ईर्ष्या रहित, दयायुक्त सबै जीवहरूका हितैषी तथा सत्यवक्ता मनुष्य नै वैष्णव हुन् ।

श्रीरामानुजाचार्यद्वारा विशिष्टाद्वैत सिद्धान्तको प्रतिपादन भएको झण्डै एक सय वर्षपछि श्रीवैष्णव धर्ममा दुई सम्प्रदायको जन्म भयो । यिनमा एउटा "तमिल वेद" लाई प्रमाण मान्दथ्यो भने अर्को "तमिल वेद" तथा संस्कृत वाङ्मयलाई पनि आधार मान्दथ्यो । तिनमा पहिलोका अनुयायीहरू "तेनकलै" (दक्षिणका) तथा दोस्रोका अनुयायीहरू "वडकलै" (उत्तरका) नामबाट जानिन्छन् । मोक्ष प्राप्तिको उपायको सम्बन्धमा तेनकलैको मत छ कि "यसको लागि जीवलाई कर्म गर्ने आवश्यकता छैन, भगवान्को शरणमा आफूलाई समर्पित गरिदिएपछि नारायणले नै उसको सुरक्षा गर्नुहुन्छ" भनी मान्दछन् । "जसरी बिरालोको बच्चा आफ्नो आमाको अगाडि निश्चेष्ट रहन्छ र बिराली स्वयं क्रियाहीन शरणागत बच्चाहरूलाई रक्षा गर्दछे, त्यसै गरी ईश्वर पनि क्रियाहीन शरणागत भक्तहरूको रक्षा गर्नुहुन्छ" भन्ने भनाई तेनकलैमा छ । यसको बिपरीत 'वडकलै' हरूको के मत छ भने "भक्तहरू शरणागतिमा पनि सक्रिय रहनुपर्दछ । जसरी बाँदरको बच्चा शरणागत भएर पनि जब त्यसले आफ्नी आमाको छातीलाई बेस्सरी समात्दछ तब नै आमाले बच्चाको सुरक्षा गर्न सक्छिन् ।" यस प्रकार "वडकलै" मतानुसार भक्तहरू शरणागतिको लागि कर्मानुष्ठानमा पनि संलग्न रहनुपर्दछ । यी दुई मार्ग क्रमशः "मार्जार न्याय" एवं "मर्कट न्याय" को नामबाट प्रसिद्ध छन् । उपर्युक्त विवाद हुँदाहुँदै पनि ती दुई मतको सिद्धान्त छ कि मोक्षको लागि भगवान् नारायणको अनुकम्पा हुनुपर्दछ । अतः भक्तले भक्ति भावबाट भगवच्चरणारविन्दको शरणागत हुनुपर्दछ ।

विशिष्टाद्वैत संप्रदायका मुख्य-मुख्य सिद्धान्तहरू

१) चित्, अचित् र ईश्वर यी तीन मूल तत्त्व हुन् ।

२) 'चित्' जीवलाई भनिन्छ । "अचित्' प्रकृतिको नाम हो । यो प्रकृतिको नामान्तर हो "माया" "अविद्या" इत्यादि ।

३) यी तीन तत्त्व सत्य र नित्य छन् ।

४) सबै जगत्को जन्म, स्थिति, संहार आदिको कारण परब्रह्म हुन् ।

५) ब्रह्म नै जगत्को 'उपादान कारण' र 'निमित्त कारण' हुन् । सबै कार्यका दुई कारण हुन्छन् (१) उपादान कारण र (२) निमित्त कारण । माटोको घडाको उपादान कारण माटो हो तथा निमित्त चाहिं कुह्याले ।

६) जीव, प्राकृत पञ्चभूतादि रूपी पदार्थ तथा ब्रह्म यी तीन पदार्थहरूको समुदायलाई नै जगत् भनिन्छ ।

७) परब्रह्ममा कुनै पनि दुष्ट गुण अर्थात् हेय गुण छैन र उहाँ सर्वकल्याण गुणहरूबाट परिपूर्ण हुनुहुन्छ ।

८) परब्रह्म ज्ञानानन्द स्वरूप हुनुहुन्छ । उहाँ ज्ञान, शक्ति, बल, ऐश्वर्य, वीर्य, तेज आदि अनन्त गुणवान हुनुहुन्छ । उहाँ सर्वज्ञ हुनुहुन्छ, सर्वशक्तिमान हुनुहुन्छ । तथा सर्वव्यापी हुनुहुन्छ ।

९) जीव, ज्ञानानन्द स्वरूप छ; ज्ञान गुणवान् छ, अनन्त छ । त्यसको परिमाण 'अणु' छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१०) जीव अनादि अविद्या (अज्ञान) हुँदै सञ्चित जो पुण्य पाप रूप कर्म हो, त्यो कर्महरूको कारण प्रकृति, सम्बन्ध (शारीरिक सम्बन्ध) रूप संसारलाई प्राप्त गर्दछ। उनको स्वाभाविक स्वरूप ज्ञानानन्दात्मक छ। प्रकृतिको सम्बन्धबाट उसको स्वाभाविक स्वरूप तिरोहित (आच्छादित) छ।

११) प्रकृति, सत्वरजस्तमोगुणमयी त्रिगुणात्मिका छ। त्यो सर्वदा परिमाणलाई समेट्दछ। विभिन्न विकारहरूलाई त्यसले उत्पन्न गर्दछ। मूल प्रकृति एक र नित्या छ।

१२) असत् (अविद्यमान) पदार्थको उत्पत्ति हुँदैन। एक प्रकारको अवस्थाबाट युक्त एक पदार्थको अन्य प्रकारको अवस्थामा प्राप्त हुनुलाई नै उत्पत्ति भनिन्छ। यसको अवस्थान्तर हुनु नाश हुनु हो। मृत्तिका रूप एक वस्तु प्रथम पिण्डत्वावस्थायुक्त रहन्छ। त्यसवेला त्यसलाई पिण्ड भनिन्छ। त्यही विद्यमान मृतिकामा पेट, घाँटीबाट युक्त घटत्वावस्थालाई प्राप्त गर्दछ। तब त्यही मृत्तिकाको गाग्रो बन्दछ र त्यो मृत्तिका घटत्वावस्थालाई त्यागेर चूर्णत्वावस्थालाई प्राप्त गर्दछ। यसरी एकै माटोको विभिन्न अवस्था हुन्छ। घडाको उत्पत्ति मृत्तिकामा अवस्थान्तरको प्राप्ति हो, अर्थात् त्यही अवस्था त्यसको उत्पत्ति हो त्यस घडाको नाश चूर्णत्वावस्थाको प्राप्ति हो अर्थात् चूर्णत्वावस्था हो। यही उदाहरण अन्यत्र पनि लागू हुन्छ।

१३) सृष्टिको पूर्व प्रलय अवस्थामा चित् (जीव) र अचित् (प्रकृति) दुवै नै सूक्ष्म अवस्थामा हुन्छन्। जस्तो कि सृष्टि हुँदा प्रकृतिको पृथ्वी, जल आदि विभिन्न नाम र रूपमा हुन्छ त्यस्तो प्रलय अवस्था हुँदैन। जीवहरूको पनि यस्तै अवस्था सम्झनु पर्दछ। त्यो सूक्ष्मावस्था कारणावस्था कहिन्छ। सृष्टि समयमा यी दुवै स्थूल अवस्थामा हुन्छन् र विभिन्न प्रकारका नाम हुन्छन्। यसप्रकार स्थूल अवस्था प्राप्त हुनु नै यसको उत्पत्ति हो। यो स्थूल अवस्थालाई कार्यावस्था पनि भन्दछन्।

१४) परिमाणशीला प्रकृतिको सूक्ष्म तथा स्थूल अवस्था हुनु मृत्तिकाको पिण्डत्वावस्था र घटत्वावस्था हुनु समान हो। सूक्ष्मावस्थायुक्त प्रकृति स्थूल रूपमा परिणत हुन्छ। जीव स्वरूप परिणाम रहित छ। अतएव त्यसको स्थूलावस्था र सूक्ष्मावस्था परिणामको कारण हुँदैन। किन्तु प्रलय अवस्थामा जीव शरीरादि शून्य हुनाको कारण त्यसको ज्ञान संकुचित रहन्छ, सृष्टिकालमा स्थूल शरीर प्राप्त हुनाको कारण ज्ञानको विकास हुन्छ। यसरी ज्ञानको संकोच र विकास जीवको सूक्ष्म र स्थूल अवस्थाको कारण हो अर्थात् संकुचित ज्ञानवान हुनु सूक्ष्मावस्था र विकसित ज्ञानवान हुनु स्थूलावस्था हो। यिनै दुई अवस्थाहरूको कारण जीवहरूमा उत्पत्ति र विनाशको व्यवहार हुन्छ। जीव स्वरूप त नित्य निर्विकार छ।

१५) चिदचिदात्मक समस्त प्रपञ्च परब्रह्मको शरीरभूत छ। जस्तो कि पाञ्चभौतिक हात खुट्टायुक्त पिण्ड जीवको शरीर हो त्यस्तै चेतन र अचेतन परब्रह्मको शरीर हो। शरीरको भित्र जीवको सत्ताबाट जसरी शरीरको धारण हुन्छ त्यस्तै नै चेतन र अचेतन पदार्थहरूमा परमात्माको सत्ताबाट त्यसको धारण हुन्छ। परब्रह्म सम्पूर्ण पदार्थहरूमा अन्तर्भूत भएर त्यसको नियमन धारण आदि गर्नुहुन्छ।

१६) उत्पत्ति र नाश अवस्था विशेषमा प्राप्त हुनु नै छ। परब्रह्ममा पनि सृष्टि र प्रलयका अवस्थाहरूमा भिन्न-भिन्न स्थितिहरू हुन्छन्। प्रलय अवस्थामा परब्रह्म सूक्ष्म अवस्थाले युक्त, प्रकृति र जीवहरूमा अन्तर्यामी रूपले रहनुहुन्छ। सृष्टि अवस्थामा स्थूल रूपले युक्त प्रकृति र जीवहरूमा अन्तर्यामी भई रहनु हुन्छ। सूक्ष्मावस्थायुक्त जीव र प्रकृति (चित, अचित्) को आत्मा हुनु एक अवस्था हो तथा स्थूलावस्थायुक्त जीव र प्रकृतिको आत्मा हुनु दोस्रो अवस्था हो। यिनमा पहिलो कारणावस्था र दोस्रो कार्यावस्था हो जस्तो कि एकै मृत्तिका पिण्डत्वावस्थाबाट युक्त रहेको "कारण" र घटत्वावस्थाबाट युक्त हुनु "कार्य" कहलाउँछ। यसै गरी परब्रह्म पनि माथि उल्लिखित पहिलो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अवस्थाबाट युक्त रहनु "कारण" र दोस्रो अवस्था-युक्त हुनु "कार्य" हुन्छ। अतएव ब्रह्म नै जगत्को कारण र ब्रह्म नै जगत् हो।

१७) स्थूल अवस्थाबाट युक्त चित् (जीव) र अचित् जड पदार्थ प्रकृति यी दुवै परब्रह्मका शरीर हुन्। यसरी शरीर हुनाले यो परब्रह्मको विशेषण हो, यर्थात् यहाँ यी दुवै पदार्थहरूको परब्रह्मको प्रति शरीर हुनु नै विशेषणत्व हो। यी दुवै प्रदार्थहरू-को परब्रह्म आत्मा हो। अतएव यी दुवै विशेषणहरू (जीव र प्रकृति) बाट त्यो युक्त छ, यस प्रकार विशेषणहरूबाट युक्त हुनुलाई 'विशिष्टता' भनिन्छ। यसै कारणले परब्रह्मलाई 'चिदचिद्विशिष्ट' भनिन्छ। यसको तात्पर्य– चित् र अचित्बाट मुक्त भएर रहनु अर्थात् चित् (जीव) र अचित् (प्रकृति) को साथ अन्तरात्मा भएर सम्बद्ध रहनु नै परब्रह्मको चिदचिद्वैशिष्ट्य हो। चित् र अचित्का दुई अवस्थाहरू अर्थात् सूक्ष्म र स्थूल अवस्थाबारे माथि वर्णन गरिसकियो, यी दुवै अवस्थाहरूमा ती दुवै पदार्थ परब्रह्मको शरीर हो। अतएव परब्रह्म स्थूलावस्थायुक्त चिदचिद्विशिष्ट (चिदचिच्छरीरक) र सूक्ष्मावस्थायुक्त चिदचिद्विशिष्ट हो। परब्रह्म एक छ। अतएव यो सिद्ध भयो कि स्थूलावस्थायुक्त चिदचिद्विशिष्ट ब्रह्म र सूक्ष्मावस्थायुक्त चिदचिद्वि-शिष्ट ब्रह्म यी दुवैमा अद्वैत अभेद छ। यो नै विशिष्टाद्वैत शब्दको अर्थ हो।

१८) देव मनुष्य आदि नाना शरीरहरूमा रहँदा जसरी जीवमा शरीरगत दोषहरूको सम्बन्ध हुँदैन त्यस्तै नै चिदचिदात्मक (जीव र प्रकृति) समस्त प्रपञ्च-हरूमा परब्रह्म अन्तर्यामी रूपबाट रहँदा जीव र जड दुवैबाट परब्रह्मको सम्बन्ध हुँदैन अर्थात् पर-ब्रह्ममा त्यसको दुर्गुणहरूको असर पर्दैन।

१९) जीवहरूको अनादि अविद्यासंग सञ्चित कर्मको सम्बन्धबाट स्वाभाविक स्वरूप तिरोहित अर्थात् आच्छादित हुन्छ। कर्म सम्बन्धबाट छुटकारा हुँदा स्वाभाविक स्वरूपको आविर्भाव हुन्छ। यस्तो प्रकृति मण्डलको बाहिर जाँदा हुन्छ। प्रकृतिलाई नाघेर अप्राकृत परमपदमा पुग्दा नै स्वाभाविक-स्वरूपको आविर्भाव हुन्छ, तब परब्रह्मको अनुभव हुन्छ। यस प्रकार प्रकृतिमण्डल छोडेर अप्राकृत लोकमा पुगेर स्वाभाविक स्वरूपको आविर्भाव भएर परब्रह्मको अनुभव प्राप्त हुनु नै मोक्ष हो।

२०) मोक्षकाप्राप्तिको उपाय भक्ति वा उपासना हो। जब तेलको धाराको समान अविच्छिन्न परब्रह्मको ध्यान गरिन्छ र त्यो ध्यान अनवरत भावनाको कारण प्रत्यक्षको समान हुन्छ तथा परब्रह्ममा अत्यन्त प्रीतिको कारण अत्यन्त प्रिय हुन्छ तब त्यसलाई भक्ति भनिन्छ। प्रतिदिन फलको कामना तथा कर्तृत्वलाई त्यागेर नित्य नैमित्तिक कर्महरूको अनुष्ठान गर्नाले भक्तिको सिद्धि हुन्छ। त्यो भक्ति-बाट परब्रह्मको प्राप्ति अर्थात् मोक्ष प्राप्ति हुन्छ।

भक्तिको अभावमा ब्रह्म प्राप्ति तथा संसार बन्धन-बाट छुटकारा पाउने कुरा असम्भव प्रायः छ। भक्तिको विविध साधना या उपायमा विवेक, विमोक, अभ्यास, क्रिया, कल्याण, अनवसाद तथा अनुद्धर्ष– यी प्रधान रूपमा गनिन्छन्। काम्य विषयहरूमा अनाशक्तिको नाम हो विमोक। दोहोऱ्याई–दोहोऱ्याई गरिने प्रयत्न 'अभ्यास' हो। शक्ति अनुसार पञ्चमहायज्ञहरूको अनुष्ठान 'क्रिया' हो। सत्य, दया, सरलता आदि गुणहरूको नाम 'कल्याण' हो। चित्तको ऐकान्तिक प्रसन्नताको नाम 'अनवसाद' हो एवं अति सन्तोषको अभावको नाम अनुद्धर्ष हो। वर्ण तथा आश्रमोचित कर्म चित्त शुद्धिको सहायक हुनाले ज्ञानको अनुकूल छ। किन्तु पुण्य र पाप ज्ञानोत्पत्तिको विरोधी कर्म हो, किनकि यो रजोगुण र तमोगुणलाई बढाएर सत्वगुणको न्यूनतालाई बढावा दिन्छ यसैले यो सर्वथा हेय छ।

□

प प नं. 297

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री निम्बार्क जयन्ती, शुभ दीपावली

एवं

ने. सं. १११३ नयाँ वर्षको शुभ–उपलक्ष्यमा

हार्दिक मंगलमय शुभ–कामना

व्यक्त गर्दछौं ।

जावलाखेल हाण्डीक्राफ्ट सेण्टर (प्रा.) लि.

जाउलाखेल, ललितपुर

फो. नं. ५२५२३७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुरानो साँचो युग कहिले र कस्तो थियो

– हृषिकेश शर्मा

सच्चा युगको विश्लेषण गर्दा सिद्ध हुन्छ कि त्यस समयका मानिसहरूको शारीरिक बनावट आधुनिक मानिसको जस्तै थियो। तर मानसिकतामा, स्वभावमा प्रयासमा धेरै फरक थियो। त्यस वेलाका मानिसहरू धेरै परिश्रमी र साहसी थिए। यदि त्यस्ता थिएनन् भने जङ्गलले भरिएको तल माथि भएको प्रकृतिको भू-भागलाई सुव्यवस्थित बनाएर कसरी विकसित समतल भूमि बनाउन सक्थे! पहाड खोल्सो आदिलाई खनेर सम्म मिलाएर कसरी खेत बनाए! जङ्गललाई हटाएर कसरी उद्यान बगैंचा बनाए! वनका पशुहरूमध्येमा वन गाई, भैंसी, घोडा, ऊँट, हात्ती जस्तालाई पक्रेर कसरी तिनीहरूलाई वशमा गर्न सके! भेडा, बाख्रा, कुकुर, बिरालो आदिलाई आफ्नो सहयोगी कसरी बनाए! प्रतिकूल प्रकृति भएका मानिसहरूलाईसम्म पनि अनुकूल बनाउन सकिन्छ भने जसले भू-खण्डहरू, घना वनहरू, अज्ञानी पशुहरूलाई सहयोगी बनाउनमा सफलता प्राप्त गरे भने तिनीहरू कति धैर्यशील, कति बलिया र बुद्धिमान थिए होलान्; यसको सजिलै अनुमान गर्न सकिन्छ। संयमसँग बस्नु र उदार सहयोगको तिनीहरूको आफ्नो स्वभाव बनेको थियो। त्यसैले परिवारको बसोबासको व्यवस्था गर्ने र समाजको सुव्यवस्थित व्यवस्था अनि रीति प्रचलनमा ल्याउन समर्थ भए। धर्म, दर्शन, तत्त्वज्ञान, अध्यात्मविचार जस्ता विषयहरूको संरचना गरेर निर्धारण गर्न कति कठिन छ त्यस कुराको ज्ञान त्यस वखतमात्र हुन्छ, जब कसैलाई परम्पराबाट हटाएर नयाँ तत्त्व ज्ञान नयाँ रूपबाट सिर्जना गर्नको लागि भनिन्छ।

पुरानो साँचो युगका महामानव वैज्ञानिक पनि थिए। नत्र भने अग्निको प्रज्वलन, कृषि, लुगा तयार गर्ने शीप, भांडाकुंडा अस्त्रशस्त्र, घर आदि बनाउन सक्नु त्यस समयमा कति दुःख भयो! जुन समयमा सृष्टिका मनुष्यहरू बाँदरको समान निर्वाह गर्दथे! गुफाहरूमा टाउको लुकाउनको लागि ठाउँ खोजेर हिंड्दथे! पक्षिका गुणहरू मौरीका घारहरूबाट प्रेरणा लिएर तिनीहरूले वास्तुकलाविकास गरे। बोल्न र लेख्न सृष्टिका अरू कुनै प्राणीले पनि जान्दैनन् जबकि मानिस चिरकालदेखि यी कलाहरूमा प्रवीण भएको छ। सामुहिक रूपबाट बस्दा उत्पन्न हुने भलाई खराबीलाई सम्मानित र ताडना गर्ने जुन शासन व्यवस्था बन्यो, त्यसको लागि कति दूरदर्शी विचार समावेश हुनुपर्‍यो। यसलाई कल्पना मात्र गर्न सकिने छ। उत्पादन गर्नु जस्तै विनिमय गर्नु पनि कठिन हुन्छ। यसै कारणले वाणिज्यका शाखा प्रशाखाहरूको विकास र यातायातको स्थल र जलका साधन निर्माण गर्नमा कति समझदारी र मेहनत गरेर साधन जुटाउनलाई आवश्यकता पर्‍यो। तिनीहरू सबैलाई सम्पन्न र सफल बनाउनमा कति प्रचण्ड पुरुषार्थ गर्नुपर्‍यो र समाधान भयो? यसको आज सर्वत्र सरलताले भरिएको युगमा कल्पना गर्नसम्म कठिन छ। तर यतिसम्म सजिलै अनुमान हुन्छ कि अभावहरू र विपन्नताको वातावरणमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जसले सुविधायुक्त साधनहरूको निर्माण र निर्धारण गर्न सक्यो, तिनीहरू कति ठूला पराक्रमी; पुरुषार्थी, तत्पर, तन्मय प्रकृतिका थिए। कति उच्चस्तरको साहस र धैर्य तिनीहरूले देखाए। प्रारम्भिक कला र कौशलता प्रकट गर्न कति धेरै क्षमता तिनीहरूमा थियो। त्यसैले आफ्नो समयका हाम्रा पूर्वजहरू निश्चयनै महामानव थिए। नत्र भने यत्रो समृद्धि, सम्पदा, प्रगति र सुव्यवस्थाको नमूना यस प्रकार खडा गर्न सम्भव हुने थिएन।

साँच्चो युगका पूर्वजहरूको प्रयास परायणताको सराहना गर्नु मात्र पर्याप्त छैन। तर तिनीहरूको संयमशीलता एवं उदारतालाई अझै पनि धेरै श्रेय दिनुपर्दछ। साधारणतया स्वार्थको उद्देश्य यो हुन्छ कि जसले कमाउँछ त्यसले खान्छ। जसमा बल हुन्छ त्यसले धेरै कमाउन सक्छ। वनका पशुहरूमा जङ्गलको कानून लाग्छ। समर्थहरूमा "जसको लाठी उसैको भैंसी" यो भनाई चरितार्थ भैरहेको छ। मध्यकालका लुटेराहरू, आक्रमणकारीहरू र सामन्तीहरूमा यो प्रवृत्ति ठूलो विकराल रूपमा भएको त्यस समयका इतिहासहरूले पनि बताएका छन्। ठग र डाकु आफ्नो चलाखीले यस्तो घिनलाग्दो बुद्धि उपयोग गरिरहेका हुन्छन्। तर पुरातन समयको साँचो प्रचलन सर्वथा अर्कै प्रकारको रहेको छ। त्यस समयका महामानवहरूले उत्पादनलाई धेरै असाधारण रूपमा गरे। तर त्यसको उपयोगमा संकोच पनि मानेका थिए। तिनीहरू संयमी बनेर अर्काको ग्रहण नगर्ने भएर रहे। थोरैभन्दा थोरैले आफ्नो काम चलाए र बचतको सम्बन्धमा यही सोच्दै रहे कि यसबाट पछि परेकालाई अगाडि बढाउन र अज्ञानीलाई प्रवीण बनाउने कार्य हुन सकोस्। यस किसिमको सोचाई मात्र तिनीहरूले गरेका होइनन् तर त्यस सोचाईलाई कार्य रूपमा परिणत गरेर पनि देखाइदिए। उपार्जन गरेर जुन सफलता प्राप्त भएको छ। त्यसलाई अर्काको उपकार र अनुदानहरूमा अर्पण गर्दै रहेका थिए। जहाँसुकै बसे पनि मिलेर बाँडेर खाए। पछि परेकालाई उठाउनको लागि विशेष प्रयास भयो र असमर्थहरूको सहायताको लागि प्राणको बाजी लगाएर जाँगर साथ खडा भए। त्यसैले मानवको गरिमा, सभ्यता, संस्कृतिको विकास भएको थियो। जसको कारणबाट त्यस समयका भावनाहरूलाई र व्यवहारिक कार्यहरूलाई सम्झंदा देवता भनेर मानिसलाई भनिएको पूर्णरूपबाट यसको श्रेय र सम्मान उपलब्ध हुन सकेको देखिन्छ।

मानिस एक ठाउँमा बस्तछ भने त्यसका सहयोगी सम्बन्धीहरू पनि त्यहाँ बस्न थाल्छन्। उत्पादनको जुन सिलसिला बनिएर कठिनतापूर्वक प्रयोग हुन्छ, त्यसको सुविधाजनक प्रतिफल केही समयपछि मात्र मिल्छ। यस्ता सबै कुराहरूलाई जानेर पनि जसको मनले आफूले पाएको सुबिधाद्वारा अर्कालाई पनि लाभ हुने कार्य गरेर जुन ठाउँमा बसिएको छ, त्यस ठाउँलाई अरूलाई नै अर्पण गरी आफू फेरि नयाँ ठाउँमा गएर ठुप्रो बनाएर नयाँ समाज तयार गरेर नयाँ रूपबाट प्रगतिको र संस्कृतिको आरम्भ गरी हिंड्ने त्यस समयका उच्च मानसिकताहरूलाई बारम्बार प्रशंसा गर्न आवश्यक छ। सिंहले आफ्नो सन्तान ठूलो भएपछि त्यस क्षेत्रलाई त्यस सन्तानलाई छोडेर आफू कुनै अर्को क्षेत्रलाई अधिकारमा लिएर त्यहीं गएर बस्छ। यसै परम्परालाई अपनाएर साँचो युगको पुरानो समयको अवधिमा महापुरुषहरूले पनि आफ्नो रीति, थीति र नीतिको निर्धारण गर्दै रहेका हुन्। तिनीहरूले सर्वश्रेष्ठ मनोरञ्जनले भरिएको पुरुषार्थ गर्नलाई यस कारणले त्याग गरिदिएका थिए कि जसबाट त्यस समयमा त्यसले समाजको उद्धार नहुने देखिएको थियो। यस कारणले तिनीहरूले त्यस मनोरञ्जनको प्रक्रियालाई तीर्थ यात्राको नाम दिएर ठूलो उत्साह र संवेदनापूर्वक अपनाए। रामायण कालमा सुमित्रा माता र उर्मिला पत्नीले आफ्नो लक्ष्मणलाई वनवासको लागि कठिनाईहरूले भरिएको क्षेत्रमा पठाइदिएका थिए। पुरानो साँचो युगको समयमा प्रत्येक परिवारहरूमध्येमा न्यूनतम एक सदस्य समाज सेवाको लागि समर्पित गर्ने प्रचलन थियो।

मध्यकालमा यही परम्पराले शासनको आदेशमा घर घरबाट एउटा सिपाही भर्ना गर्ने चलन थियो। आफ्नो क्षेत्रलाई सुव्यवस्थित गरिसकेपछि अरू अरू पिछडिएका क्षेत्रहरूलाई खोजेर त्यहाँ गएर त्यस समयसम्म बस्ने गरेको थियो कि जबसम्म त्यस ठाउँमा प्रगति र समृद्धिको लक्षण प्रत्यक्ष देखिँदैनथ्यो। यही

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यो पद्धति थियो जसको असल उपयोग हुँदै गरेको कारण-बाट आर्यावर्तमा उत्पन्न भएका छोटा छोटा बगैंचाहरूको बीउ संसारभरि फैलिएर त्यहाँ पनि उम्रिएर ठूलो वृक्ष-को रूपमा फुलेर फलेर रहेका हाम्रा पूर्वज आर्यहरू छन् ।

अति प्राचीन कालको परिस्थितिहरूको परिचय कहिले कहिले जतासुकै पाइएका यस्ता भग्नावशेषहरू-द्वारा प्राप्त हुन्छ । जुन पाइएका पनि असल रूपमा पाउन सकिएका हुन्नन् । परन्तु जे जति सामाग्री खोज गर्न सकियो त्यसले यही सिद्ध गर्दछ कि साँचो युगका मानवको पराक्रम र बुद्धिको कौशलता चरम सीमा-सम्म पुगेको थियो । थोते मात्र नभएर तिनीहरूको उदारता र सहकारिताको भावना पनि ज्यादै उच्च थियो । त्यसवेलाभा प्रतिभावनाहरूको महत्त्वाकांक्षा एउटै केन्द्रमा केन्द्रित भयो कि तिनीहरूले विरानु अविकसित क्षेत्रलाई कुन प्रकारले आवादी गरेर देखा-उन सकियोस् । आफ्नो सम्पूर्ण प्रतिभाले यसै प्रयोजनको पूर्तिको लागि कुन प्रकारले वीजन लगाउन सकौं । तिनीहरूको तीर्थ यात्रा यसै उद्देश्यको पूर्तिको लागि थियो र सधैं तीर्थ यात्रा गतिशील रूपमा भइरहन्थ्यो । त्यही क्रम आजसम्म संसारमा चलेर आएको छ । साँचो युगका मानिसहरूको धन सम्पत्ति र प्रतिभा त्यसैको लागि समर्पित थियो कि जसमा सहयोग र सहकारिता-को भावना जोडिएको हुन्छ । त्यसैले गर्दा संसार भरिमा विभिन्न क्षेत्र विकसित देशहरूको रूपमा उन्नतिशील हुन पुगेका हुन् । आज संसारमा जे जति वैज्ञानिक उन्नति र सबै क्षेत्रमा समुन्नत भएको प्रायः गरी देखिन्छन् यी हाम्रा पौराणिक कालका आधारले मात्र हुन सकेका हुन् । हिन्दूहरूका धर्मग्रन्थ वेदहरू यसका प्रमाणित छन् र कैलाश पर्वतहरू यसका साक्षी हुन् । अझै पनि उपरोक्त वर्णन अनुसारका यीनै प्रचलनहरू साँचो युगको आगमनको निमित्त उदाहरण बन्न सक्दछन् । जब यस्तो महाउद्देश्यको लागि जीवित रहने ब्रह्मनिष्ठ बन्नमा शुरू हुन्छ, त्यसवेला ज्ञात हुन थाल्छ कि अब फेरि सत्य-युग आइसक्यो ।

□

श्रीनिम्बार्क जयन्ती, दीपावली

तथा

नेपाल सम्बत ११११३ नयाँ वर्षको

शुभ–कामना

जय गुरु गणेश धनराशी फिर्ता योजना

चपट, सुन्धारा ललितपुर

फोन नं. ५२४१६४, ५२५५५५ र ५२६०५९ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संस्कृतमुद्दिश्य किञ्चित्

– अलका आत्रेय

न केवलं राष्ट्रे घटितानां घटनानामेव, अपि तु भाषा–धर्म संस्कृतीनामपीतिहासो भवति यो देशस्य देशवासीनाञ्चोन्नतावनत्योरभिन्नाङ्गं भवति । वयं नैपालकाः हिन्दू राष्ट्रे निवसन्तः स्वकीयस्य राष्ट्रिये इतिहास्य सिंहावलोकनं कुर्वन्तोऽतीव गौरवान्विताः भवामः– "अस्माकं देशोऽधुना यावत् न कस्यापि दोसतांअस्वीकरोति इति ।" यतो हि नैपालकाः वीराः स्वभिमानिनश्च वर्तन्ते अत एव तु तेषां सर्वोन्नतः शिरः सुगरमाथा शिखरमिव शोभायमानं विराजते । एवञ्चायमेव विषयोः नैपालकानां कृते गौरवास्पदमिव

परं दुःखं तु इदं स्मारं स्मारं जायते यत् स्वकीयस्य धर्मस्य संस्कृतेः इतिहासस्य, शिक्षापद्धतेश्च स्वतन्त्रमस्तित्वं भाजमानोऽयं देशः अतो देशवासीनामेव विपरीतावधारणया उपरितनेषु विषयेषु परतन्त्राभिमुखीव सञ्जातः । आशङ्क्यते– अद्य स्वकीयस्य देशस्य संस्कृतेः वाङ्मयस्य चेतिहासमेव वयं आगामिनीं सन्ततीं बोधयितुमक्षमाः ।

विश्वस्य सर्वेषु धर्मेषु संस्कृतिषु सर्वश्रेष्ठः हिन्दू धर्मः हिन्दू–संस्कृतिश्च । अस्माभिः तादृशस्य धर्मस्य संस्कृतेश्चान्तरिकं मर्म विस्मृतम् । स्वकीयेन धर्मेण संस्कृत्या एव समृद्धा अपि वयमधुना स्वकीयमस्तित्वं विस्मृत्य किमर्थं वैदेशिकस्य धर्मस्य भाषायाः संस्कृतेश्च आश्रयिणः ? किमर्थं वयं स्वकीयं विशिष्टमस्तित्वं स्थापयितुमशक्ताः ? कथमस्माभिः स्वतः एव परतन्त्राभिमुखिर्भूयते, यदा एतादृशाः प्रश्नाः उत्पद्यन्ते अस्माकं अन्तर्मनोऽस्मान् धिक्कुरुते ।

स्वकीयस्य धर्मस्य स्वसंस्कृते च रक्षार्थं मस्माभि रस्येतिहासोऽवलोकयितव्यः । अस्माकं धर्म– संस्कृत्यादयः पुराणेषु धर्मग्रन्थेषु वेदेषूपनिषत्सु च यत्रतत्र विच्छुरिताः सन्ति । अस्माकं इतिहासेऽपि आद्यमेव यत् खलु लिपिबद्धं संस्कृते । एतदर्थमेव स्वकीयस्य धर्मस्य संस्कृतेः मूलज्ञानार्थं एवञ्च तस्य संरक्षण–संवर्द्धनपूर्वकं स्वकीयस्य स्वाभिमानस्य रक्षार्थं संस्कृतभाषायाः ज्ञानमावश्यकम् ।

मानवजीवने यथा ग्रासस्य वासस्य कार्पासस्य चावश्यकता भवति तथैव तस्यावश्यकतायां भाषा अपि अभिमत । भाषा भावानां परस्परमादानप्रदानस्यैकं माध्यमम् । भाषा विहीनस्य संसारस्य तु कल्पनैव कर्तुं न शक्यते । कथ्यरूपेण लेखरूपेण च भाषा द्विविधा भवति । संस्कृतभाषायाः लेखरूपमेव बहुधा प्राप्यते । अधुना कथ्य स्वरूपं तु युगधर्मव्यतया स्वल्पमेवोपलभ्यते । भारोपीयभाषापरिवारस्य सदस्यभूतास्माकं राष्ट्र भाषा नेपाली च स्वकीयं जीवने संस्कृतादेव गृह्णाति । संस्कृतेन विना नेपाली भाषायाः समीचीनमस्तित्वमपि वयं न विभावयामः ।

संस्कृत भाषा विश्वस्य प्राचीनतमा भाषा । अस्याः भाषायाः ध्वनि सिद्धान्ताः प्रायः सर्वासु भाषासु समान रूपेण उपलभ्यन्ते । संस्कृतभाषा स्वयं अद्य लोकभाषा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नास्ति । अथाऽपि अस्याः समृद्धात् शब्द-भाण्डागारात् सहस्रशः शब्दाः तत्सम-तद्भवरूपाः भाषान्तरैः सहर्षं गृहीताः । भारोपीयभाषापरिवारे तु संस्कृत शब्दा एव प्रायशः प्रयुज्यन्ते । एवञ्च संस्कृत-शब्दानां प्रयोगं विना नेपाली भाषायाः स्तरीयताऽपि न सम्भवति । अत एव तु संस्कृतं सामान्यानामपिजनानां मुखेभ्यो नज्ञातोऽप्युच्चरितं भवति । संस्कृतं लोके व्यवहारतो न दृश्यते अतएव केचन संस्कृत भाषां मृता भाषेति प्रलपन्ति । अथाऽपीदं वाङ्मयममरतया विराजते । स्वकीये जीवने अयं भाषाणां उत्थानं पतनं च पश्यति परं स्वयं अविकृतं वह्नां अविकलं च तिष्ठति ।

स्वकीयस्य धर्मस्य-संस्कृतेः गौरवमय्याः परम्परायाः संरक्षणायमस्माभिर्दत्तचित्तैर्भाव्यम् । अद्यत्वे वैदेशिकानामनुसरणेन स्वकीय मस्तित्वमेव विस्मर्यमाणानुच्छृङ्खलानस्मान् दर्शं दर्शं मन्ये अस्माकं राष्ट्र देवता च विद्यते देशं प्रति, मातरं प्रति,पितरस्य प्रति एवं च धर्मं । संस्कृतोपरि श्रद्धा अस्माकं कृतेऽधुनानावश्यकोः भार इव सञ्जातः । "सत्यं वद, धर्मं चर, स्वाध्यायान्मा प्रमद, मातृदेवो भव, पितृदेवो भव, अतिथिदेवो भव एतादृशानामुपनिषदवाक्यानामनुपयोगितेव दृश्यतेऽद्यत्वे । संस्कृतस्योपरि एतादृशः प्रहारोः भवति चेत् राष्ट्रभाषायाः नेपाल्याः दशा शनैः शनैः हीयमाना भविष्यति । स्वकीयस्य अमूल्यनिधेः संस्कृतवाङ्मयस्य कुक्षौ पालितस्य पोषितस्य च स्वधर्मस्य स्वसंस्कृतेः स्वगौरवस्य संरक्षण-संवर्द्धनपूर्वकं जीवनं यापयितुमद्य नैपालकैः सर्वैरालस्यं न विधेयम् ।

संस्कृत भाषा संगणकयन्त्रस्य कृते श्रेष्ठतमा । यस्मिन् विषये कार्यमितस्ततो जायमानमस्ति । अस्य विशुद्धं आपतितां विपरीतावधारणामविगणय्या अस्याः उपयोगिताया मननमस्माभिः कर्तव्यम् । नेपालः संस्कृतस्य कृते केन्द्रीयनिधि वर्तते प्रथम, अतोऽपि नेपालस्य किञ्चित् कर्तव्यं भवति यत् संस्कृतस्य सर्वथा संरक्षणं कुर्यात् इति शिवम् ।

□

नगर सफा राख्नु
नगर वासीको कर्तव्य हो ।
हामी सबै मिलेर नगर सफा राखौं
सफा नगरमा बसी स्वस्थ नागरिक बनौं ।

आफ्नो घर दैलोको फोहर, मैला "नगरपालिका" बाट तोकेको समय र स्थानमा फालौं ।

ललितपुर नगरपालिका
मंगलबजार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ॐ कार भित्रका सम्पूर्ण धर्मावलम्बी भक्तजनहरूमा

जगद्गुरु श्रीनिम्बार्काचार्य जयन्ती तथा दीपावली

एवं

नेपाल संम्बत ११११३ नयाँ वर्षको शुभ–उपलक्ष्यमा

हार्दिक मंगलमय शुभ–कामना

टक्र्याउँदछ ।

श्रीलक्ष्मी महालक्ष्मी काष्ठ उद्योग

(विभिन्न साइजका काठ र काठबाट बन्ने बिभिन्न किसिमका फर्निचरहरूको निर्माता एवं विक्रेता)

ललितपुर चक्रपथ, फोन नं. ५२३०७०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भगवत् प्रसन्नताको आधार हो भक्ति

– खेमराज श्रीकृष्णशरण ज्ञवाली

प्रस्तुत शीर्षक निबन्धमा सर्वप्रथम "वाक्यार्थज्ञाने पदार्थज्ञानम्, कारणम्" यस व्याकरण शास्त्रको नियमानुसार "भगवत् प्रसन्नताको आधार हो भक्ति" यस शीर्षक निबन्धमा प्रत्येक पदको र प्रत्येक पदार्थको व्युत्पत्ति सरल अर्थ एवं तात्पर्यार्थ, विश्लेषण गरी निबन्धको वाक्यार्थ प्रदर्शन गर्ने प्रयास गरिएको छ। यस निबन्धमा प्रस्तुत भगवत् शब्दको रहस्य यस प्रकारले वर्णन गरिन्छ।

"ऐश्वर्यस्य समग्रस्य धर्मस्य यशसःश्रियः।
ज्ञान वैराग्ययोश्चैव षण्णां भग इतीरितः।।"

अर्थ– समस्त ऐश्वर्य, धर्म, यश, श्री लक्ष्मी, ज्ञान, वैराग्य। यी नै ६ तत्त्वको समूहलाई भग शब्दले व्यवहार गरिन्छ जसमा यी छ वटै तत्त्व रहन सक्छन्, त्यो व्यक्ति नै भगवान् हो, यस प्रकारको भगवत् शब्दवाच्य परमेश्वरको प्रसन्नता अर्थात् प्रसन्नता भनेको सन्तुष्टि, मतलब हो कि भगवान्लाई शास्त्रोक्त सेवाविधिले प्रसन्न पार्नु त्यस्तै भगवत् प्रसन्नताको आधार हो भक्ति, भक्ति भनेको सेवा हो। "भज सेवायाम्" धातुबाट भजनं यस विग्रहमा "स्त्रियां क्तिन्" भन्ने पाणिनि सूत्रले क्तिन् प्रत्यय गरी भक्ति शब्द बन्दछ। यसरी उक्त शीर्षक निबन्धको वाक्यार्थबोध गर्नु प्रत्येक मानवको कर्तव्य हो। यस निबन्धमा भक्ति मुख पद स्थापित गरिएको छ। भजनं भन्ने विग्रहमा भक्ति शब्द व्युत्पन्न भएको छ। त्यसै भक्तिद्वारा नै भगवत् प्रसन्नताको प्राप्ति सम्भव हुन्छ। विना भक्ति भगवत् प्रसन्नता वा भगवान्को दर्शन प्राप्त हुन सक्दैन, यसै कारणले "भक्तिप्रियो माधवः" भनेर भनिएको छ।

कुनै कविले भनेका छन् कि–

"व्याधस्याचरणं ध्रुवस्य च वयो, विद्या गजेन्द्रस्य का?
का जातिर्विदुरस्य, यादवपतेरुग्रस्य किं पौरुषम्?
कुब्जायाः कमनीयरूपमधिकं किं तत्सुदाम्नो धनम्?
भक्त्यास्तुष्यति केवलं न च गुणै भक्तिप्रियो माधवः।"

अर्थ– व्याधाको कुन असल आचरण थियो, ध्रुवको आयु कति थियो? गजेन्द्रको कुन विद्या थियो? विदुरको कुन उत्तम जाति थियो? यादवपति उग्रसेनको कुन पुरुषार्थ थियो? कुब्जाको कुन राम्रो रूप थियो? सुदामासंग कुन धन थियो? भक्तिप्रिय माधव भगवान् त केवल भक्तिबाट नै सन्तुष्ट हुनुहुन्छ। भक्ति विनाको गुणहरूबाट सन्तुष्ट हुनुहुन्न। भक्तिको प्रभाववाट भक्तमा सदाचार, सद्गुणता स्वयं आइहाल्दछन्, यस कारण ईश्वरभक्तिमा सदाचार र सद्गुणको प्रधानता रहँदैन, यसको मतलब यो होइन कि ईश्वरको भक्तिमा सदाचार र सद्गुणको आवश्यकता नै छैन, जस्तै कुनै रोगीको निमित्त रोग निवृत्तिमा औषधि सेवन प्रधान हुन्छ, साथै पथ्य सेवनको पनि आवश्यकता हुन्छ। यस प्रकारले जन्म मरणरूपी भवरोगको निवृत्ति गर्न ईश्वरको भक्ति परम औषधि हुन्छ। साथै सदाचार र सद्गुणको सेवन पथ्य हुन्छ। अतः ईश्वर भक्ति भगवत् प्रसन्नताको मूल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कारण हो, भगवत् प्रसन्नताको आधार नै भक्ति हो भन्नु अतिशयोक्ति हुँदैन । भक्तिबाट नै जीवात्माको भवरोग निवृत्त हुन्छ । भक्तिरूपी औषधि सेवनले संसारको जन्म-मरणरूपी रोग निर्मूलसाथ विनाश भैहाल्छ । भक्तिका मुख्य दुई भेद हुन्छन्, एक–साधनरूपा भक्ति, दुई-साध्य-रूपा भक्ति । प्रथम साधनरूपा भक्ति, नवधा भक्ति नामले पनि व्यवहार गरिएको छ, जस्तै–

"श्रवणं कीर्तनं विष्णोः स्मरणं पादसेवनम् ।
अर्चनं वन्दनं दास्यं सख्यमात्मनिवेदनम् ।।"

भगवान् विष्णुको नाम रूप, गुण, प्रभाव, आदिको श्रवण, कीर्तन, स्मरण, चरण सेवा, अर्चन, वन्दन, दास्य, सख्य, आत्मनिवेदन, यो नवधा भक्ति हो । "भक्तिमपि परां कृत्वा मामेवैष्यत्यसंशयः ।" मेरा स्वरूपमा पराभक्ति गरेर भक्तले निःसन्देह मलाई प्राप्त गर्दछ ।

द्वितीयभेद साध्यरूपा भक्ति जसलाई प्रेम, प्रेम लक्षण आदि नामले वर्णन गरिएको छ । यस भक्तिमा सेवा साधन हो, प्रेम साध्य हो । भक्ति प्राप्त गर्न सत्संग गर्नु आवश्यक हुन्छ, "यथावरुन्धे सत्संगः सर्वसंगापहो हि माम् ।" "भागवत–एकादशस्कन्ध ।" श्रवणरूप भक्तिबाट वैकुण्ठस्थ भगवान् कृष्ण पनि भक्तलाई सुलभ हुनुहुन्छ । "श्रवणं सर्वधर्मेभ्यो वरं मन्ये तपोधनाः । वैकुण्ठस्थो यतः कृष्णः श्रवणाद्यस्य लभ्यते ।।" नारद सनकादि सम्वाद भा० माहात्म्य, अ० ६।७७ श्लोक । श्रुतिवाक्यले पनि भक्ति-द्वारा नै भगवत् प्रसन्नताको प्राप्ति हुने विषय दर्शाएको छ, "यस्य देवे राभक्तिर्यथा देवे तथा गुरौ । तस्यैते कथिता ह्यर्थाः प्रकाशन्ते महात्मनः । शिवरुष्टे गुरुस्त्राता गुरौरुष्टे नकश्चन ।" इति श्रुतिः । यसरी ईश्वरको पराभक्ति र गुरुको भक्तिमा समानता दर्शाइएको छ । वृहदारण्यकोपनिषद्मा पनि । "आत्मा वा अरे द्रष्टव्यः श्रोतव्यो मन्तव्यो निदिध्यासितव्यः ।" आत्मा ईश्वर वा भगवान भक्तिद्वारा नै प्राप्य र सुलभ हुन्छ । इत्यादि अनेक वाक्यबाट सिद्ध हुन्छ कि, भक्ति नै भगवत् प्रसन्नता-को प्रमुख आधार हो ।

ऋग्वेद, यजुर्वेद, सामवेद, अथर्ववेद, यी चारै वेदमा पनि भक्तिद्वारा नै ईश्वर प्राप्ति वा मोक्ष प्राप्ति हुने विषय वर्णित छ, जस्तै–

"ॐ प्रज्ञानंब्रह्म" ऋग्वेद महावाक्यम् ।
"ॐ अहं ब्रह्मास्मि" यजुर्वेद महावाक्यम् ।
"ॐ तत्त्वमसि" सामवेद महावाक्यम् ।
ॐ अयमात्माब्रह्म" अथर्ववेद महावाक्यम् ।

ऋग्वेद भन्दछ कि प्रज्ञान ब्रह्म हो, अर्थात् ईश्वर ज्ञान वा भक्तिद्वारा प्राप्त हुन सक्छ । यजुर्वेद प्रतिपादन गर्दछ कि म नै ब्रह्म हुँ । अर्थात् मभित्र बसेको आत्मा वा म भन्ने वस्तु किंवा आफ्नो सत्ता वा अस्तित्व नै ब्रह्म हो वा ईश्वर हो भनी सबैले मानेका छन् वा मान्नै पर्ने हुन्छ । सामवेद भन्दछ कि "आन्तरिक ईश्वर र तिमी एक हौ भनी ईश्वर र जीवको ऐक्यभक्ति दर्शाइए-को छ । अथर्ववेद भन्दछ कि यो तिम्रो आत्मा ब्रह्म हो, अर्थात् तिमी रूपले जो ईश्वर प्रतीत भएको छ, त्यही ईश्वर वा तिमी पदवाच्य, अन्तरात्मा वा तिमी भन्ने जुन सत्ता मान्छौ त्यही नै ईश्वर हो, त्यसैको भक्ति गर्नु नै ईश्वर सेवा हो । ईश्वर नै भक्ति हो, भक्ति नै भगवत् प्राप्तिको मुख्य साधन हो अतः भक्ति नै भगवत् प्रसन्नताको मूल आधार हो ।

"अहमस्मि तवैवेति प्रपन्नाय सकृत्स्वयम् ।
देवो नारायणः श्रीमान् ददात्यभयमुत्सुकः ।।"

११।। ना० प० रात्रम् ।

नारद पञ्चरात्रमा, "हे प्रभो ! म हजूरको नै हुँ, भनी शरणमा आउँने भक्तलाई नारायण देव भगवान्ले उत्सुक भै शरणागत भक्तलाई अभयदान दिनुहुन्छ । यस प्रकारको शरणागतिस्वरूप पनि भगवत्प्रसन्नताको मूल आधार हो । यसरी शरणागतिस्वरूपा भक्तिको वर्णन उपनिषद् मन्त्रमा वर्णित पाइन्छ, जस्तैः– "यो ब्रह्माणं विदधाति पूर्वं यो वै वेदांश्चप्रहिणोति तस्मै, तंहदेवमात्मबुद्धि प्रकाश मुमुक्षुर्वै शरणमहंप्रपद्ये" जुन परमेश्वरले पहिले, ब्रह्माजीलाई सृष्टि गरे र साथै चारै वेदको उच्चारण गरे, आत्मबुद्धि प्रकाशक ती देव परमेश्वरको मुमुक्षु जीवात्मा म शरणमा प्राप्त हुन्छु भनी शरण पर्नुपर्छ, यो शरणागति भक्ति नै भगवत्प्रसन्नताको आधार हो । ईश्वर भक्तिको सम्बन्धमा कविवर रविन्द्रनाथ टैगोरले गीता-ञ्जलि अंग्रेजी पुस्तकमा यसरी वर्णन गर्नुभएको छ,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जस्तैः– "दिस इज माइ प्रेयर टु वी माई लर्ड गिभ मी द स्ट्रेन्थ लाइटली टु बी अर माइ ज्वायज एण्ड स रोज गिभ मी द स्ट्रेन्थ टु मेक माइ लव फ्रुटफुल इन् सर्विस" सारांशमा भनिएको छ कि, हे मेरा ईश्वर स्वामी हजूरसँग मेरो प्रार्थना छ, मलाई सुख र दुःख सहने शक्ति दिनुहोस् । हजूरको सेवा र जनताको सेवा गर्ने कार्यमा मलाई ठूलो शक्ति प्रदान गर्नुहोस्, यसरी ईश्वरभक्तिको वर्णन गरिएको छ । अतः भक्ति नै भगवत्प्रसन्नताको मूल आधार हो ।

जगद्गुरु श्रीनिम्बार्क जयन्ती, शुभ दीपावली
एवं
नेपाल सम्बत १११३ नयाँ वर्षको उपलक्ष्यमा
हार्दिक मङ्गलमय शुभ – कामना

पूर्ण ढुंगा रोडा उद्योग (प्रा.) लि.
र
पूर्ण निर्माण कम्पनी
ग्वार्को, चक्रपथ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जगद्गुरु भगवान् श्रीनिम्बार्कजयन्ती

र

शुभ दीपावलीको उपलक्ष्यमा

हार्दिक मंगलमय शुभ-कामना

व्यक्त गर्दछ ।

महालक्ष्मी ह्यूम पाइप उद्योग (प्रा.) लि.

पाटन औद्योगिक क्षेत्र, ललितपुर

आर. सि. सि., एन. पि. २ र एन. पी. ३

विभिन्न साइजको ह्यूम पाइप आवश्यक परे

सम्पर्क राख्नुहोला ।

फो. नं. ५२२२७२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सनातनधर्मको संरक्षणमा भगवान् निम्बार्कको योगदान

प्रा. रामहरि दाहाल

विष्णुभक्तिलाई महत्त्व दिने सम्प्रदायलाई वैष्णव सम्प्रदाय भनिन्छ । यस सम्प्रदायमा भगवान् विष्णुको भक्तिभावनाको आदर्शलाई अत्यन्त ठूलो महत्त्व दिइएको छ । यहाँ भक्त श्रवण, कीर्तन, स्मरण, पादसेवन आदि नवधा भक्तिको माध्यमबाट शुद्ध आचरणमा रही भगवान् सर्वेश्वर विष्णुको आराधना गर्दछ । अहिंसा, निर्लोभता, अर्थ आदिमा शुद्धता, प्राणीमात्रमा समता, सबैको हित-चिन्तन गर्नु वैष्णव सम्प्रदायका मूल मान्यताभित्र पर्दछन् । 'ईशावास्यमिदं सर्वम्', सर्वं विष्णुमयं जगत्' भन्ने सिद्धान्त सम्पूर्ण हिन्दूमात्रको हो, तैपनि वैष्णव धर्ममा यो बढी प्रधान रूपमा प्रतिष्ठित छ । यसै कारण विष्णुमतानुयायीहरू प्राणीमात्रमा ईश्वरको वास भएको ठान्दछन् र कुनै पनि प्राणीको कुभलो चिताउँदैनन् ।

विष्णु पालकदेवता हुनुहुन्छ । उहाँ सम्पूर्ण चर अचर जगत्को पालन गर्नुहुन्छ । कसैको संहार गर्नुहुन्न । हो, धार्मिक कुभावनाको संहार भने गर्नुहुन्छ । त्यो पनि धर्म-पालक नै हो । यहाँ शास्त्रीय, अशास्त्रीय कुनै पनि रूपमा जीवहत्या गर्ने प्रश्न नै उठ्दैन भने मासु खाने कुप्रथा यसमा रहने कुरै भएन । मत्स्य, मदिरा, मानिनी आदि सेवनद्वारा सिद्धि लिन खोजिने बाम मार्गको जस्तो तमोगुणी प्रक्रिया पनि यसमा रहन्न । यो भक्तिप्रधान धर्म हो । यसले सम्पूर्ण प्राणीमा भगवान्को वास देख्दछ । मृग, ऊँट, गधा, वानर, मूसो, सर्प, चरा, किंगासम्मलाई आफ्नो पुत्र समान सम्झनुपर्ने अत्यन्त उदार शिक्षा यसै धर्मले प्राणीलाई दिन्छ । यी जीवजन्तु र आफ्नो पुत्रमा फरक कति छ ? सबैमा जीवन छ, आत्मा छ र सबै धर्तीका प्राणी हुन्, भगवान्का सन्तान हुन्, तसर्थ मानव-मानवमा एक आपसमा द्वेष रहनु अत्यन्त दुभविनाको विषय हो । यही कुरा श्रीमद्भागवतको सप्तम स्कन्धको अध्याय १४ अन्तर्गतको नवौं श्लोकमा देवर्षि नारदको मुखबाट भगवान् वादरायणले उल्लेख गर्नुभएको छ ।

मृगोष्ट्रखरमर्काखुसरीसृप्खगमक्षिकाः ।
आत्मनः पुत्रवत् पश्येत्तैरेषामन्तरं कियत् !

नारदजी युधिष्ठिरलाई बताउनुहुन्छ— मनुष्यको सम्पत्तिमा त्यति मात्र अधिकार छ, जतिले उसको भोक मेटिन्छ । भोलिलाई थुपार्नको लागि जसले सम्पत्ति जोर्छ त्यो चोर हो, किनभने उसले अर्को प्राणीको गाँस लुटेको छ । त्यस्तालाई दण्ड दिनु धर्मको क्षेत्रभित्र पर्दछ ।

यावद् भ्रियेत जठरं तावत्स्वत्वं हि देहिनाम् ।
अधिकं योऽभिमन्येत स स्तेनो दण्डमर्हति ।।
भा. ७ स्कन्ध, १४ अ. ८ औं श्लोक

यसले सबै प्राणीप्रति दयाभावमा, निर्लोभतामा तथा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क्षमाशीलतामा जोड दिन्छ। शाप दिनेलाई पनि क्षमा गर्न सिकाउँछ।[1] मार्न कृत्या प्रयोग प्रर्नेप्रति पनि भलो चिताउँछ।[2] वैष्णवधर्मको मूल सिद्धान्त यही हो। यसले ईश्वरप्रति प्रगाढ अनुराग लिने निर्देश दिन्छ। यो अनुरागमा सकामभाव हुनुहुँदैन। काया, कान्ता, कनक आदि क्षुद्र भौतिक तथा नश्वर स्वार्थपूर्तिको लागि भगवान्लाई गुहार्ने भक्त सच्चा भक्तमा गनिँदैन। वैष्णव धर्मले ग्रहण गर्ने भक्ति अहैतुकी हुनुपर्छ — कुनै हेतु, कारण नभएको। आत्मामा रमण गर्ने हृदयग्रन्थि छेदन गरिसकेका मुनिहरू भगवानमा अहैतुकी भक्ति गर्छन् —

आत्मारामाश्च मुनयो निर्ग्रन्था अप्युरुक्रमे।
कुर्वन्त्यहैतुकीं भक्तिमित्थम्भूतगुणो हरिः ॥
(भाग. प्रथमस्कन्ध ७ अ. १० औं श्लोक)

यो शाश्वत सत्य हो कि जतिसुकै अद्वैतको अवलम्बन गरे पनि, पुराण, इतिहासका पात्र अथवा कर्मलाई अद्वैत परक रूपले व्याख्या गरे पनि व्यवहारमा द्वैतलाई पनि समान रूपमा स्थान दिनुपर्ने हुन्छ। गुरु र चेलामा रहने आत्मा समान भए पनि गुरुलाई देख्दा चेलाले ढोग्नैपर्छ। भगवान् र भक्त एकाकार भए पनि भगवान्प्रति शरणागति भावद्वारा नै भक्तलाई सन्तुष्टि मिल्छ। भगवान्का निर्गुण तथा सगुण रूपको प्रतिपादन वेदबाटै प्रारम्भ भएको हो भने पुराणादिमा यो पुष्पित तथा पल्लवित हुन पुगेको छ। वैष्णवधर्म, द्वैत तथा द्वैताद्वैत मान्यतामा आधारित भएकाले यसले भगवान्लाई निर्गुण तथा सगुण दुवै रूपमा विश्लेषण गर्दछ। भगवान्लाई "अपाणिपादो जवनो ग्रहीता, अद्वैतं सच्चिदानन्दमवाङ्मनसगोचरम्" आदि वाक्द्वारा निर्गुण निराकार रूपमा चिनाइएको छ त सशङ्खचक्रं सकिरीट कुण्डलम् आदि। स्तोत्र, सहस्रशीर्षा पुरुषः सहस्राक्षः आदि वाक्य तथा—

ऐश्वर्यस्य समग्रस्य धर्मस्य यशसः श्रियः।
ज्ञानवैराग्ययोश्चैव षण्णां भग इतीरितः ॥

सम्पूर्ण ऐश्वर्य, धर्म, यश, श्री, ज्ञान, वैराग्यरूपमा चिनाएर मत्स्य, कूर्म, बराहादि अवतारका अनन्त लीला रूपहरूको वर्णन गरी पुराणादिहरूले व्यापक रूपमा साकार रूपको परिचय पनि दिलाएका छन् र पुराणादिहरू वेदव्याख्याकै रूपमा पर्यवसित भएका मानिन्छन्। ब्रह्म सत्यं जगन्मिथ्या भन्ने वेदान्तले पनि व्यावहारिक सत्ता स्वीकार गरेकै छ। त्यसकारण द्वैताद्वैतवादकै अवलम्बनबाट साधारणदेखि विशिष्ट स्तरसम्मका साधक भक्तहरूलाई लक्ष्यसम्म पुग्न सहज हुने देखिन्छ।

ज्ञान, उपासना आदि विद्याको जस्तै भक्तिको पनि उद्गम स्थल वेद हो। वेद हिन्दू दर्शन, संस्कृति, कला, ज्ञान आगम विज्ञानको अक्षय भण्डार हो। ऋग्वेदका प्रायः सबै मण्डलमा भक्तिको स्थिति पाइन्छ। त्यहाँ कतै अग्निको स्तुति छ त कतै इन्द्रको। अनि कतै वसुको, कतै अदितिको र रुद्रको। विष्णुका स्तुतिपरक मन्त्रहरू पनि त्यहाँ पर्याप्त छन्। "इदं विष्णुर्विचक्रमे त्रेधा निदधे-पदम्" भगवान् विष्णुले समग्र ब्रह्माण्डलाई तीन पाउले नाप्नुभएको छ। यही वैदिक क्रियाको मान्यतामा वामन-पुराण खडा भएको छ।

"तद् विष्णोः परमं पदं सदा पश्यन्ति सूरयः।
दिवीव चक्षुराततम् ॥"
(ऋक्. १।२२।२०)

यस्तै ब्राह्मण उपनिषद् संहिता ग्रन्थ, तन्त्र, रामायण, पुराण ग्रन्थहरू तथा महाभारतमा त भक्तिको व्यापक महत्त्व दर्शाइएको छ नै। वैदिक सिद्धान्तलाई अंगालेर

---

१) देवी पार्वतीले श्राप दिंदा सिद्धराज चित्रकेतुले श्राप फर्काउनुको वदला पार्वती माताको चरण स्पर्श गरी क्षमायाचना गरे। महाराज इन्द्रद्युम्न अगस्त्य मुनिको श्रापमा समेत मौन रहे।

द्रष्टव्य— श्रीमद्भागवत षष्ठ तथा नवम स्कन्ध।

२) अम्बरीष राजाले कृत्या प्रयोग गर्ने दुर्वासाप्रति भलो नै चिताए। ययाति महाराजले वार्धक्यको श्राप दिंदा समेत शुक्राचार्यसँग क्षमायाचना गरे।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कुनै पनि पुराणादिसँग न बाझिनेगरी रहेको विष्णुभक्ति सिद्धान्तलाई केही प्रसिद्ध आचार्यहरूले अगि बढाउँदै विश्वसामु प्रतिष्ठित पार्नुभएको छ । त्यसमा रामानुजको श्रीवैष्णव सम्प्रदाय, मध्याचार्यको माध्व सम्प्रदाय, स्वामी रामानन्दको रामावत सम्प्रदाय, राधावल्लभको राधावल्लभीय सम्प्रदाय तथा भगवान् श्रीनिम्बार्कको निम्बार्क-सम्प्रदाय प्रसिद्ध छन् । यस लेखमा निम्बार्क भगवान्को सनातनधर्ममा योगदान भन्ने विषयमा यथामति छोटकरीमा विवेचना गरिन्छ—

वैष्णव सम्प्रदायमा निम्बार्कीय मतको विशिष्ट स्थान छ । यस मतका सर्वप्रथम उपदेष्टा हंसावतार भगवान् हुनुहुन्छ । उहाँबाट ब्रह्माजीका मानस पुत्र योगीश्वर सनकादिहरूले तत्त्वग्रहण गर्नुहुन्छ र सनकादिबाट देवर्षि नारदजीले उपदेश पाई त्यही उपदेश भगवान् देवर्षि नारदबाट सुदर्शनावतार श्रीनिम्बार्कज्यूले प्राप्त गर्नुभएको हो । ब्रह्माजीसहितका सनकादिहरूलाई हंसावतार भगवान्ले उपदेश दिनुभएको तत्त्वग्रामको विवेचना श्रीमद्भगवतमा पनि उल्लेखित छ । तदनुसार यो मनको प्रवर्तन सृष्टिको आदिबाट नै भएको मान्नुपर्ने देखिन्छ । भगवान् निम्बार्कको काल कलियुगको प्रारम्भमा वेदव्यासको आविर्भावको लगत्तै भएको मानिन्छ । उहाँले सनातन धर्मको संरक्षणक्रममा दिनुभएका योगदानहरूमा ग्रन्थरचना, धर्म प्रचार, मन्त्रदीक्षाप्रदान आदि प्रमुख छन् । निम्बार्काचार्यले रचना गर्नुभएका ग्रन्थहरूमा वेदान्त पारिज सौरभ, श्रीकृष्णस्तवराज, मन्त्ररहस्यषोडशी, प्रपन्नकल्पवल्ली, गीतावाक्यार्थ, प्रपत्तिचिन्तामणि तथा सदाचारप्रकाश प्रमुख छन् । ती मध्ये गीतावाक्यार्थ, प्रपत्तिचिन्तामणि तथा सदाचारप्रकाश ग्रन्थ हाल अनुपलब्ध छन् भने अन्य ग्रन्थहरू उपलब्ध छन् । यसमध्येमा पारिजात सौरभ ग्रन्थमा ब्रह्मसूत्रप्रति द्वैताद्वैत सिद्धान्तको आधारमा संक्षिप्त व्याख्या प्रस्तुत गर्नुभएको छ । यस ग्रन्थमा उहाँले अन्य कुनै मतको पनि खण्डन गर्नुभएको छैन । यसबाट पनि निम्बार्क दर्शनको प्राचीनता पुष्टि हुन्छ । निम्बार्क सिद्धान्तप्रतिपादक दशश्लोकी स्वल्पकाय भएर पनि महत्त्वपूर्ण ग्रन्थ मानिन्छ ।

श्रीकृष्णस्तवराज ग्रन्थ जहाँ भगवान् श्रीकृष्णको स्तुति छ, जो सुन्दरतम् २५ श्लोकहरूको संग्रहको रूपमा उपलब्ध छ । मन्त्ररहस्यषोडशीमा १८ श्लोक छन् । जसमा पूज्य अष्टादशाक्षर गोपालमन्त्रको व्याख्या छ । प्रपन्नकल्पवल्लीमा शरणागतमन्त्रको रहस्य बताउनुभएको छ ।[१] जीव अवस्थाभेदले ब्रह्मसँग भिन्न पनि छ र अभिन्न पनि । सांसारिक अवस्थामा जीवमा नानात्व पाइन्छ, तर ज्ञानको अवस्थामा, मुक्तिको अवस्थामा चैतन्यात्मक भएकोले जीव ब्रह्ममा अभेदता पनि छ । कारणात्मना जीव र ब्रह्ममा एकता छ त कार्यात्मना अनेकता । जस्तो कारण रूपमा सुवर्ण एक छ त कार्यरूपमा कटक कुण्डलादि भेदले अनेक ।[२] यसरी भेदाभेद सिद्धान्तलाई निम्बार्क दर्शनले महत्त्वपूर्ण स्थान दिएको छ । श्रुति, ब्रह्मसूत्र तथा स्मृतिको आधारमा निम्बार्काचार्य ज्यूले ब्रह्मलाई चतुष्पात् सिद्ध गर्नुभएको छ । ब्रह्मलाई सच्चित् आनन्द रूपमा मान्दा स्थूल, सूक्ष्म, ह्रस्व, दीर्घ, कर्तृत्वादि धर्मरहित, ईश्वर रूपमा मान्दा सर्वशक्तिमान सर्वनियन्ता, सर्वव्यापी तथा सर्वरूपी । श्रीब्रह्मले आफ्नो चित्लाई अनन्त क्षेत्रमा प्रसारण गरेर वृहत् वृहत्तर प्रत्येक अंशमा प्रविष्ट भई जीवनामले चिनाउँछन् र प्रत्येक चिदंशमा अनन्त रूपले पूर्ण ब्रह्म प्रविष्ट भई जगत् रूपमा पनि परिचित हुन्छन् । यहाँ परम उपास्य देव

---

१) आचार्य बलदेव उपाध्याय— वैष्णव सम्प्रदायका साहित्य और सिद्धान्त, प्रकाशक–चौखम्भा, अमर भारतीय प्रकाशन वाराणसी पृष्ठ ३००–३०१ ।

२) वार्यरूपेण नानात्वमभेदः कारणात्मना ।
हैमात्मना यथाऽभेदः कुण्डलाद्यात्मना भिदा ।।
(भाष्करभाष्य १।१।४, उद्धृत, पूर्ववत्, पृ. ३१४ ।)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सर्वशक्तिमान् सर्वेश्वर श्रीकृष्ण तथा उनकी आह्लादिनी शक्ति अनुरूप सौभगा श्रीराधा हुनुहुन्छ । यो युगलमूर्तिको उपासना दास्य सख्य तथा माधुर्य भावले साधकले गर्न सक्छ । यस निम्बार्क मतलाई श्रीनिवास, औदुम्बर, लक्ष्मण भट्ट आदि आचार्यहरूले अनेकौं कृतिद्वारा समृद्धिशिखरमा पुऱ्याउनुभएको छ ।

भगवान् निम्बार्क जो चक्रावतारको रूपमा सम्मानित हुनुहुन्छ । उहाँ गोदावरीको तीरमा अवस्थित अरूण मुनि तथा जयन्ती देवीको आश्रममा पुत्ररत्नको रूपमा प्रकट हुनुहुन्छ । नियमानन्द नामले बालक कालमा चिनिनुभएका भगवान्ले अतिथि सत्कारको महत्त्व लोकमा प्रख्यापिक गराउन सन्ध्या कालमा आएका अतिथिको रात्रिभोजन नगर्ने नियम देखी निम्बवृक्षमा सूर्यको दर्शन गराउनुभयो । निम्बमा अर्कको दर्शन गराउनुभएकाले उहाँको नाम निम्बार्क रहयो भन्ने जनप्रसिद्धि छ । यसरी उहाँले अतिथि–सत्कारको महत्त्वलाई माथिल्लो स्थान दिनुभएको छ । निम्बार्क भगवान्को योगदान अवर्णनीय देखाउँदै औदुम्बर ऋषि भन्नुहुन्छ—

तुभ्यं नमः कृष्णनिदेशभाजे श्रीकृष्णसर्वप्रतिमानुकर्त्रे ।
आद्यावताराय गिरेरिताय आचार्यरूपाय सुदर्शनाय ।।

(श्रीकृष्णको आदेशका अग्रणीरूपमा प्रतिपालक, श्रीकृष्णका समस्त अवतारहरूको अनुकरण गर्ने, निगम आगमनद्वारा प्रतिपाद्य आद्य अवतारका रूपमा सुदर्शनावतार हुनुहुन्छ, उहाँ निम्बार्क आचार्यलाई नमस्कार ।)

सांसारिक तापले पिल्सिएका जनतालाई ज्ञानगङ्गा पिलाएर आत्यन्तिक मुक्ति दिलाउन तत्पर भगवान् निम्बार्कका उपदेशबाट आज भारतवर्ष धन्य धन्य भएको छ । दिन्दूहरू कृतकृत्य बनेका छन् । असुरहरू आसुरी प्रकृति फैलाउन असमर्थ भएका छन् । उहाँका आदर्शलाई प्रतिपादन गर्ने गरौं । यसैमा सबैको कल्याण छ ।

सन्दर्भ–ग्रन्थ

आचार्य बलदेव उपाध्याय– वैष्णव सम्प्रदायोंका साहित्य और सिद्धान्त चौ. वि. वाराणसी ।
श्रीऔदुम्बर ऋषि– निम्बार्क–विक्रान्ति ।
श्रीकृष्णद्वैपायनः– श्रीमद्भागवत महापुराणम् ।
श्रीऋग्वेदः– सायण भाष्यम् ।

नेपाल सम्बत ११११३ न्हुँ दँया
लसताय
सकल नेपाली पिन्त
भिंजुन्ना
कीर्तिबहादुर श्रेष्ठ
महापाल (ललितपुर)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गीतामा भक्तियोग

– सहायक रथी डा. ठाकुरनाथ भट्टराई

श्रीमद्भगवद्गीता संपूर्णको सारांशमा परिचयको पृष्ठभूमिमा व्याख्या गर्नु उपयुक्त भन्ने सम्झेर सर्वप्रथम दुई शब्द व्यक्त गर्दछु ।

श्रीमद्भगवद्गीता महर्षि वेदव्यासले लेख्नुभएको महाभारत भीष्म पर्वको २५ देखि ४२ अध्यायमा वर्णित छ । गीति कवितामा छन्दवद्ध भएवाट चलन चल्तीको बोलीमा पनि गीता नाउँबाट सुप्रसिद्ध छ । सम्पूर्ण वेद र उपनिषद्को सार रूपमा रहेको यो ग्रन्थ युद्धभूमि कुरुक्षेत्रमा युद्ध प्रारम्भ हुनुभन्दा केही समय अघि भगवान् श्रीकृष्ण र अर्जुन वीच भएको संवाद हो । ७०० श्लोकको यो ग्रन्थ १८ अध्यायमा विभाजित छ । यसमा १ देखि ६ अध्यायसम्म कर्मकाण्ड, ७ देखि १२ सम्म उपासना काण्ड र १३ देखि १८ सम्म ज्ञानकाण्डको दिव्य उपदेश छ । यो महासागररूपी महान् ग्रन्थ अति सानो भैकन ज्यादै सरल र सरस भाषामा जप, तप, यज्ञ, कर्म, ध्यान आदि कुनै पनि साधानलाई नछोडी समन्वयात्मक दृष्टिले भगवान् श्रीकृष्णले द्वैत, अद्वैत, द्वैताद्वैत आदि मत मात्रलाई मिल्ने नभै विश्वका संपूर्ण धार्मिक मत मतान्तर, सम्प्रदाय, गुण र कर्मका हिसाबले जाति (चातुर्वर्ण मया सृष्टं गुण कर्म विभागशः गीता) वर्ण, लिङ्ग, उमेर, सामाजिक तथा राजनैतिक गुट आदि सबैका लागि मिल्ने-गरी निष्काम कर्मयोग युक्त भक्ति प्रधान ज्ञानपूर्ण विश्व प्रसिद्ध दर्शन शास्त्रको रूपमा हामी समक्ष राखिदिनु-भएको छ ।

गीतामा १२ औं अध्यायलाई मात्र भक्तियोग नाम-करण गरिएको छ । भक्ति र उपासनाको तात्पर्य एउटै हो । भक्ति शब्द सेवा अर्थ भएको धातुबाट बनेको हुनाले भजनबाट अर्थात् श्रवण, कीर्तन, स्मरण, पादसेवन, अर्चन, वन्दन, दास्य, सख्य आदि साधनबाट भक्ति शब्दको, अर्थको र भगवान्को सामीप्य प्राप्त हुनमा पर्यवसान हुन्छ । उपासना शब्दको पनि उप नगीचमा आसना वस्नु अर्थ भएवाट भक्ति र उपासनाको एकै भाव हो भन्ने कुरा स्पष्ट हुन आउँछ । साथै भक्ति र योग सामान्यतः दुवै पूर्ण साधनको रूपमा छन् तर पनि भक्ति र योग दुवैको अर्थ स्थिर रहनु, जोडिनु नै छ तापनि, भक्ति ज्ञानको साधनको रूपमा (ऋते ज्ञानान्नभक्ति र योग तत्त्व ज्ञान विशेष ज्ञान जोडेर भक्ति योग श्रुति) अरू पूर्ण साधनको क्रममा भगवान्को नजिक पुग्ने मात्र नभएर भगवत्प्राप्ति पनि गर्ने र मुक्त हुने साधनको रूपमा वर्णन भएको हो भन्न पनि सकिन्छ । यसर्थ ज्ञान विज्ञानको आधारमा भगवान्लाई सरल तरिकावाट पत्र, पुष्प, फलफूलबाट पनि भक्ति गर्ने भक्तले चढाएको वस्तु ग्रहण गर्नुहुन्छ । (गीता ११।५) कीर्तन गर्नेलाई मस्त पारि-दिनुहुन्छ, जान्न खोज्नेलाई त दिव्य चक्षु प्रदान गर्ने र विश्वको रूपमा आफ्नो दर्शनै पनि दिनुहुन्छ । (गीता ११।८) साथै जन्ममरणको चक्रबाट मुक्त गराएर भग-वानकै स्वरूपमा मिलाइदिनु पनि हुन्छ ।

(गीता ९।१४–१५, ११।५४)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसर्थ गीतामा वर्णन गरिएको भक्तियोग विश्वका सबै तहका व्यक्तिलाई पनि मिल्न सक्ने साधन हो । यस्तै भक्तियोगलाई समन्वयात्मक हिसाबले कर्मयोग र ज्ञान योगको बीचमा रहेर निःस्वार्थ कर्म योगबाट चित्त शुद्ध भएका भक्तलाई ज्ञानको तहमा स्थिर राख्न बीचको खुड्किलो जस्तो साधनको रूपमा रहेको भन्न पनि सकिन्छ ।

यो व्याख्या वस्तुतः तत्त्व ज्ञानको आधारमा सरस र सरल भक्ति योगको तरिकाबाट भगवान्को व्यक्ता-व्यक्त र अव्यक्त स्वरूप, साधन र फलको आधारमा भएको वचनलाई संक्षेपमा निम्न तालिकाबाट दर्शाउन प्रयास गरेको छु ।

भगवानको

(क) स्वरूप	
व्यक्त स्वरूप	अव्यक्त स्वरूप
१) सगुण साकार ।	निर्गुण निराकार ।
२) भक्ति प्रधान ज्ञानमा आधारित ।	शुद्ध ज्ञानमा आधारित ।
३) प्रवृत्ति ज्ञान-शरणागत हुने, भक्तको संरक्षक भगवान् हुने । (गीता १२।६–११)	निवृत्ति ज्ञान भक्तिले श्रवण, मनन, निदिध्यासनबाट चित्त निर्मल शुद्ध गराएर (गीता १०।१०) वा अनन्य भक्ति-बाट (गीता ११।५४) भगवान्को स्वरूपको ज्ञान हुनेछ ।
दृष्टान्तः– विरालोको बच्चाको आमामाथि आत्म-समर्पण ।	दृष्टान्तः– बाँदरको बच्चाको आमामाथि र आमाको बच्चामाथि सदा प्रयास ।
(ख) साधन	
भगवानसँग सिधै सम्पर्क हुने साधन ।	बुद्धि (विवेक) को तहबाट मात्र भगवान्सँग सम्बन्ध हुने साधन । (गीता १०।१०)
विश्वका जुनसुकै स्तरका समस्त व्यक्तिलाई मिल्ने एक सरल र सरस साधन ।	हजारौंमा एकलाई मात्र लाग्न सक्ने साधन । (गीता ७।३)
	त्यसमाथि पनि देहाभिमानीका लागि त कठिन मात्र न भै दुःखदायी पनि । (गीता १२।५)
ईश्वरले नै चलाइराखेको छ, आफूले गर्नुपर्ने केही छैन भनी भगवान्को न्यानो स्पर्शमा आत्मसमर्पण गरेर भक्त हरबखत रमाएर मग्न भएर रहन्छ, एक क्षण पनि एक्लो रहन चाहँदैन, रहँदैन पनि ।	भक्त भगवानको न्यानो ज्ञान नपाउन्जेल कस्सिएर एकै साधनमा व्यस्त रहन्छ । (गीता ५।१३)
(ग) फल	
मुक्ति	मुक्ति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भक्तियोगको महिमा–

अन्त्यमा भक्तियोगको महिमा बारे श्रीकृष्ण भगवानले अर्जुनलाई भन्नुभएको प्रभुकै शब्दमा:—

ईश्वरः सर्वभूतानां हृद्देशेऽर्जुन तिष्ठति ।
भ्रामयन् सर्व भूतानि यन्त्रारूढानि मायया ।।

गीता १८।६१

फेरि:

सर्व गुह्यतमं भूयः शृणु मे परमं वचः ।
इष्टोऽसि मे दृढमिति ततो वक्ष्यामि ते हितम् ।।

गीता १०।६४

अन्त्यमा दिव्योपदेश रूपमा भन्नुहुन्छः—

मन्मना भव मद्भक्तो मद्याजी मां नमस्कुरु ।
मामेवैष्यसि सत्वं ते प्रतिजाने प्रियोऽसि मे ।।

गीता १०।६५

सर्व धर्म्मान्परित्यज्य मामेकं शरणं व्रज ।
अहं त्वा सर्वपापेभ्य मोक्षयिष्यामि मा शुचः ।।

भक्तको स्वरूप गीता १०।६६

अन्त्यमा गीताको भक्तियोगको अभ्यास गर्ने भक्त कस्तो हुन्छ सारांशमा स्वरूपको वर्णन गर्दै व्यक्त स्वरूपको उपासक (भक्त) ले बिरालोको बच्चाले आमामाथि आत्मसमर्पण हुँदा ईश्वररूपी आमाले आफ्नो दाँतले सो कलिलो बच्चालाई चोट नलाग्ने गरी दाँतको बीचमा च्यापेर एक ठाउँबाट अर्को ठाउँमा संरक्षणको दायित्व पूरा गरेझैं (दृष्टान्त स्वरूप–भक्तप्रह्लाद, मीरा आदि) र अव्यक्त स्वरूप भगवान्को उपासक (भक्त) रूपी बाँदरको बच्चालाई ईश्वररूपी उसकी आमाले आश्रय दिने जस्तो बुद्धि दिने र बच्चारूपी भक्तले पकडने क्रियारूपी उपासना गरेर उही ईश्वरबाट प्राप्त मन बुद्धिको साथै कर्मफल समेत उही ईश्वरलाई अर्पण गर्दै उही ईश्वरबाट प्रदान भएको अनन्य भक्तिद्वारा अहंता ममतालाई पार गर्दै ध्याता ध्यान ध्येय सबैमा ईश्वरलाई देख्ने, व्यवहार गर्ने तथा ईर्ष्या द्वेषबाट रहित भएर एक मात्र भगवानमैं रमाउने (गीता ११/५४) एक छिन पनि भगवानबाट बिछोड हुँदा पनि छटपटाउने अतिभक्त र बिछोड हुँदा त विह्वल भै खोजी तलासी गर्ने जिज्ञासु व्रजाङ्गना (गोपिनीको भक्ति) यस्तै जड भरत जस्ता ज्ञानी भक्तका नाम उल्लेखनीय छन् । यस्तै आफूसँग जे जति छन् ती पनि भगवानकै हुन् (गीता ११/५५) । सुख दुःख मान अपमान आदि द्वन्दलाई समान दृष्टिले हेर्न सक्ने जड भरत जस्तो ज्ञानी भक्त जस्तै सच्चरित्र निर्माण भएको भगवच्चिन्तनमैं स्थिर रही सेवा नै परमधर्म सम्झी ("सर्वभूतहितेरताः") भगवानमै रत रहँदै परम आनन्दको जीवन यापन गर्नुको साथै "पुनरपि जननं पुनरपि मरणं" को चक्रबाट पनि मुक्ति नै पाइन्छ ।

□

तमीश्वराणां परमं महेश्वर्,
तं देवतानां परमं हि दैवतम् ।
पतिं पतीनां परमं परस्ताद्,
विदाम देवं भुवनेशमीड्यम् ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भक्ति दर्शनको क्षेत्रमा आचार्य निम्बार्क

– अच्युतराज रेग्मी

जीवमात्रको एक मात्र उद्देश्य आफूलाई चिन्नसक्नु हो । मानवदेह धारण गर्न समर्थ भएको जीवको त कर्तव्य नै यही हो । म शरीर मात्र हुँ कि शरीरदेखि पृथक् पनि मेरो अस्तित्व छ ? भन्ने जिज्ञासा मात्र देखियो भने पनि त्यस्तो जिज्ञासुको जीवनचर्या सामान्य जनकोभन्दा फरक देखिन्छ ।

चेतन विशिष्ट शरीरमा नै जीवन हुन्छ । शरीरमा अनुभव हुने, जीवनतत्त्वको खोज गर्ने प्रवृत्तिलाई सहायता पुऱ्याउनका निमित्त नै विभिन्न दर्शन शास्त्रहरूको निर्माण भएको छ । सनातन हिन्दूधर्म ग्रन्थहरूमा पनि उपर्युक्त जिज्ञासाको समाधानका लागि परमात्मा, आत्मा, जीव, जगत्, मायाका विषयमा विस्तृत चर्चा परिचर्चा गरिएको पाइन्छ ।

जीवात्मा, परमात्मा दुवै चैतन्य स्वरूप छन् । यी दुईको परस्परमा अंश अंशीभावको सम्बन्ध छ । यी दुईको बीचमा मायारूपी पर्दा रहेको हुनाले जीव भेददर्शी भएर विभिन्न योनिमा जान्छ र जन्म मरणरूपी संसारको बन्धनमा आबद्ध हुन्छ । चेतन विशिष्ट शरीरमा जीवात्माको अस्तित्व हुन्छ । विना शरीरको जीव हुँदैन । जीवको उत्पत्तिको लागि देहको आवश्यकता पर्दछ । जीव परमात्मा ब्रह्मबाट पृथक् भई हजारौं जन्म मरणको प्रवाहमा परेर एक पछि अर्को शरीर त्याग्दै असंख्य सुख दुःख पापपुण्यहरूको अनुभव गरेपछि अन्त्यमा पुनः परब्रह्म परमात्मामै लय हुन्छ भन्ने शास्त्रकारहरूको कथन छ । जीव ब्रह्मदेखि बाहेक पृथक् वस्तु नभए पनि अज्ञान वश नै जीवको जन्म मरणको चक्र चल्दछ भन्ने पनि दार्शनिकहरूको भनाइ छ । जीव देहको संसर्गमा रहँदासम्म यो जन्ममृत्युको क्रम चलिरहन्छ । जीवले वास गर्ने यो शरीर त्रिगुण निर्मित हुनाले त्रिगुणबाट विकसित भएका इन्द्रियहरूको वशमा जीवलाई पर्नु पर्दछ । इन्द्रियहरूको काम आ–आफ्नो विषय ग्रहणमा सीमित हुनाले जीव पनि इन्द्रियकै पछि लागेर विभिन्न संस्कारहरू निर्माण गर्न थाल्दछ र यही संस्कारले नै उसलाई निरन्तर आवागमनको चक्रमा फसाउँछ । इन्द्रियहरूको पछि लागेर संस्कारहरूको सिर्जना गर्न थालेपछि जीवलाई आफ्नो वास्तविक स्वरूपको बोध हुन सक्दैन । यसरी इन्द्रियमुखी भएर अज्ञानको अन्धकारमा डुबेको जीवलाई आफ्नो वास्तविक स्वरूपको बोध गराउने उद्देश्यले नै अध्यात्म विद्याको प्रादुर्भाव भएको हो । विभिन्न ऋषिमुनि आचार्यहरूले गम्भीर मनन चिन्तनबाट थरि थरिका मार्गहरू बनाएका छन् । यी सबै मार्गहरूको गन्तव्य स्थान चाहिं जीवलाई परमात्मामा पुऱ्याउनु नै हो । यी मार्गहरू मध्ये ज्ञान मार्ग, कर्ममार्ग र भक्ति मार्गको विशिष्ट स्थान छ ।

भगवान् श्रीकृष्णले श्रीमद्भागवतमा उद्धवजीलाई यी तीन मार्गको विषयमा यसरी बताउनु भएको छः—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

योगास्त्रयो मया प्रोक्ता नृणां श्रेयो विधित्सया ।
ज्ञानं कर्म च भक्तिश्च नोपायोऽन्योस्ति कर्हिचित् ।।

आद्य शंकराचार्यले अद्वैत सिद्धान्तको प्रतिपादन गरेर ज्ञानको मार्गलाई उत्कृष्ट बताउनुभएको छ । श्री-मध्वाचार्यले द्वैत सिद्धान्तको प्रतिपादन गरेर भक्ति मार्गलाई अघि भढाउनुभएको छ । यी दुवै ज्ञान र भक्ति मार्गको समन्वय गरेर आचार्य श्री निम्बार्कले द्वैताद्वैत सिद्धान्तको प्रतिपादन गर्नुभएको हो । आचार्य निम्बार्क-प्रणीत वेदान्त सूत्रको भाष्यलाई वेदान्त पारिजात सौरभ भन्दछन् र यो उहाँको मूल ग्रन्थ पान हो ।

दक्षिण भारतको गोदावरी तटमा जन्म भएका श्री नियमानन्दजी नै पछि आचार्य निम्बार्कको नामबाट प्रसिद्ध हुनुभयो । उहाँलाई देवर्षि नारदजीले नै गोपाल-मन्त्रको दीक्षा दिनुभए कोथियो भन्ने किंवदन्ती छ । उहाँका अनुयायी विरक्त एवं गृहस्थी दुवै छन् । प्रस्थान-त्रयी (गीता, उपनिषद्, वेदान्त) को ठाउँमा श्रीमद्भाग-वतलाई पनि प्रमाण स्वरूप मानेर उहाँले गीता-उपनिषद् वेदान्त एवं श्रीमद्भागवत समेतलाई प्रस्थान चतुष्टयको संज्ञा दिनुभयो । उहाँको दर्शनअनुसार जगत् ब्रह्मको परिणाम हो, ब्रह्ममा परिणाम भएपनि ऊ विकृत हुँदैन । किनकि ब्रह्म सर्वशक्तिमान् छ । जीव र जगत् दुवै सर्व-शक्तिमान् ब्रह्मका सगुण परिणाम हुन् । जगत्देखि माथि ब्रह्म निर्गुण पनि रहन्छ ब्रह्मको सगुण परिणामको रूपमा पृथक् देखिएको जीव देहाध्यासी भएर अज्ञानी बन्दछ । देहाध्यासबाट मुक्त भएर ब्रह्ममा एकाकार हुनको लागि जीवले सगुण ब्रह्मको उपासना गर्नु पर्दछ । उपासनाको मूल बाटो नै भक्ति हो । सगुण ब्रह्मको उपा-सनाबाट मुक्त अवस्थामा पुगेपछि मात्र जीवले आफ्नो र जगत्को ब्रह्ममा अभिन्नताको अनुभव गर्दछ । आचार्य निम्बार्कको उपर्युक्त विश्लेषणले भक्तिमार्गमा एउटा नयाँ आयाम थपेको छ ।

देहको संसर्गले गर्दा जीवात्मालाई ऊ जसको परि-णाम हो त्यसको ज्ञान हुँदैन । ऊ सधैं बहिर्मुखी रहन्छ । शरीरको सम्बन्धले गर्दा बहिर्मुख भएको जीवलाई अन्तर्मुखी तुल्याउन भक्ति योगको साधन खास गरेर वर्तमान कलियुगमा अति उपयुक्त छ । भक्ति योगले सर्व प्रथम मनलाई शुद्ध गराउँछ शुद्ध मनको माध्यमबाट जीवले ऊ आफू बिस्तारै परमात्माको नजीक हुँदै गएको अनुभूति प्राप्त गर्दछ ।

श्री मद्भागवत्मा भनेको पनि छः—

सर्वे मनो निग्रह लक्षणान्ताः ।
परो हि योगो मनसः समाधिः ।।

शुद्धमन स्वतः भगन्नाम, लीला गुणकीर्तन आदि प्रति आकृष्ट हुन्छ । भक्ति साधनमा नवधा भक्तिको विशेष चर्चा छ । नवधा भक्ति मध्ये ईश्वरको नाम साधन र कीर्तनको विशेष महत्व छ । नाम स्मरण र कीर्तनको माध्यमबाट धेरै साधकहरूले भगवत्प्राप्तिको अनुभूति गरेका छन् । भगवानको नामसँग भगवत्स्वरूपको सम्बन्ध रहन्छ । नामले नामीलाई खिचेर ल्याउँछ । भगवन्नामबाट भगवत्स्वरूपको अनुभूति गर्न सक्षम भएकाहरूले नै सारूप्य र सायुज्य मुक्तिको तहलाई आत्मसात गर्न सक्दछन् । मोक्ष कामीले तीव्र भक्ति योगको आश्रय लिनु पर्दछ भन्ने श्री भद्भागवत्को निम्न उक्ति पनि यस प्रसंगमा सान्दर्भिक छ ।

अकामः सर्वकामो वा मोक्षकाम उदारधीः ।
तीव्रेण भक्तियोगेन भजेत पुरुषं परम् ।।

□

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शुभ–दीपावली

२०४९ को उपलक्ष्यमा

हार्दिक मंगलमय शुभ–कामना

व्यक्त गर्दछ ।

गोरखकाली रबर उद्योग लि. परिवार

" मुख्य कार्यालय "

मजुवा देउराली, गोरखा

" काठमाडौं कार्यालय "

कालीमाटी, काठमाडौं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लं. पु.

– श्याम मलेकू

धर्मया मर्म थुइका वन्यत
बुद्धया शरणे क्वीवन्यवा
अकर्म तोता धर्मे जुइत
सङ्घया शरणे क्वी च्वनेवाः

सत्य अहिंसा पालन याय्त
कष्ट अनेक सह याय्मा
बुद्धं ब्युगु ज्ञान थ्वहे खः
पाप विनाशक क्वी जुइमा

महा मानव गौतम बुद्ध
जिमिगु पुकार छं न्यो वा
छंगू भक्तो मन भिं मजुल
ज्ञानया पर्दा चाय्कः वा

बुद्धया धर्म ब्यापकः जुल थौं
गुलिफु स्वार्थ तोते वा
शान्ति क्षेत्र नेपाल याय्त
मानवताः या ख्वाः व्ययवाः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जगद्गुरु श्रीनिम्बार्क जयन्तीको उपलक्ष्यमा

सबैमा सन्मार्गमा लाग्ने प्रेरणा मिलोस्

र

२०४९ सालको दीपालीको सबैलाई

सुख, समृद्धि र प्रगतिको शुभ कामना

व्यक्त गर्दछौं ।

अमर शिशु विद्यालय

परिवार

ललितपुर, कोपुण्डोल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दीपावली

एवं

नेपाल सम्वत् १११३ नयाँ वर्षको शुभ

उपलक्ष्यमा सम्पूर्ण ग्राहक वर्गहरूमा

हार्दिक मंगलमय शुभ–कामना

व्यक्त गर्दछ ।

स्वजन

साझा किनमेल केन्द्र

लगनखेल, ललितपुर

फोन नं. ५–२५९६३

दीपावलीको उपलक्ष्यमा

हार्दिक मंगलमय

शुभ–कामना

सेनोन ह्याण्डीक्राफ्ट इण्डष्ट्रीज

जाउलाखेल (ललितपुर)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दीपावलीको उपलक्ष्यमा

हार्दिक शुभ–कामना

कुनै पनि कृषि उत्पादनशील कार्य वा व्यवसाय
सञ्चालन गर्नका लागि हामीकहाँ सम्पर्क
राख्नुहोस् – सेवा गर्न हामी तत्पर छौं।

सीप किसानको–सहयोग बैंकको
सेवा काल पच्चीस वर्ष

कृषि विकास बैंक

परिवार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

KISHOR ADVERTISING
Kopundole, Lalitpur
Ph 522-396, 523336

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रकाशकीय

ईश्वर प्राप्तिको लागि मानिसहरूले विभिन्न मार्गहरू अपनाउँछन् । ऋषि मुनिहरू सयौं वर्ष तपस्या गरी ईश्वर प्राप्त गर्दछन् । ज्ञानीले ज्ञानबाट प्राप्त गर्दछ भने हामीजस्तो सर्वसाधारण प्राणीले केवल भक्ति, सत्संगत, प्रवचन एवं यस्तै धार्मिक पुस्तक प्रतिका हेरेर मनलाई वशमा राखी ईश्वरभक्तिमा अर्पण गरी केही समयसम्मको लागि भएपनि मन ईश्वरप्रति समर्पण गरे मन एकदम शान्त हुन्छ ।

विभिन्न पुराण गीता, भागवत, रामायण, महाभारतमा स्तोत्रका पुस्तकहरू पढी मानिसले ईश्वर चिन्न खोज्दछ । धार्मिक ज्ञानका कुराहरू अध्ययन नगरी त्यसको महत्त्व बुझ्न सकतैन । त्यसको लागि यस्ता पुराणहरू सबैले पढेर पढ्न पनि सकिंदैन, यो विशाल छ । तर छोटो लेखबाट ईश्वर चिनिने बाटो पत्र पत्रिकामा प्रकाशित हुने धार्मिक ज्ञानका कुराहरूबाट पनि सर्वसाधारण मनुष्यले बुझ्न सकिन्छ । कारण यस्ता पत्र पत्रिकामा प्रकाशित हुने लेख रचनाहरू सरल भाषाबाट प्रकाशित भै छोटो र मिठासपना हुनु आवश्यक छ । पत्रिकामा प्रकाशित भएका लेखहरू जहाँ तहीं पढ्न पनि सजिलो हुने भएकोले मानिसहरू बोकेर हिंडेका हुन्छन् ।

आज देशको बदलिंदो व्यवस्थामा हिन्दूधर्मालम्बीहरूलाई जताततैबाट पछार्ने काम भैरहेको छ । आफूलाई जन्म दिने आमा सबैलाई आपनो प्राणभन्दा पनि प्यारो हुन्छ । आमा रोगी हुनुभयो भन्दैमा औषधि उपचारै नगरी, अब आमाले हामीलाई माया प्रेम पालन पोषण गर्न सक्दैन भनी छोड्नु के पुत्र पुत्रीहरूको धर्म हुन्छ र ? त्यस्तै आज यस हिन्दूधर्मावलम्बीहरूलाई विभिन्न किसिमको प्रलोभन देखाई धर्म परिवर्पन गराउने जुन लहर आएको छ, यसले देशलाई भलो गर्दैन । समयमै हिन्दू धर्मका ज्ञाता, हिन्दू धर्म रक्षा गर्न खडा भएका ठूला ठूला साइनबोर्डभित्र बस्ने विद्वान एवं धर्मगुरुहरूले हिन्दूधर्मलाई सरल एवं सम्पूर्ण मानवजातिलाई अटाउने किसिमले विद्या विधानको तर्जुमा गरी हिन्दू धर्मद्वार खुल्ला गर्नुपरेको छ ।

धर्मको प्रचारलाई अझ विस्तृत तुल्याउने बाटोमा यस "सत्यमार्ग" पनि एक पाइला बढाउन सकुँलाकि भन्ने अभिप्रायले जगद्गुरु भगवान् श्रीनिम्बाकिचार्यको जयन्तीको पावनपर्व कार्तिक शुक्ल पूर्णिमाको दिनमा प्रथम पटक प्रकाशमा आएको छ । "सत्यमार्ग" तपाईंको हातमा छँदैछ । हामी कत्तिको सत्यमार्गमा हिड्न सकिन्छ वा हिडाउन सकिएला त्यो मृत्यु शैय्यामा पुग्दा भगवान् ईश्वरको स्मरण गर्न सबने र नसबने समयले मात्र बताउने छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रीनिम्बार्क सेवासमिति वर्तमान कार्यसमितिमा

अध्यक्ष– महन्त श्री खगेश्वर दास

उपाध्यक्ष– प्रा. खेमराज श्रीकृष्णशरण ज्ञवाली

सचिव– श्री मुकुन्द प्रसाद निरौला

कोषाध्यक्ष– श्री आशावहादुर नुगः

सहसचिव– श्री मुरली निरौला

सदस्य– श्री धनकान्त राजोपाध्याय
,, श्री श्याम मलेकू
,, श्री मोहनप्रसाद जोशी
,, श्री गोपालप्रसाद पाठक
,, श्री मोहन श्रेष्ठ
,, श्री गोपालराज अग्निहोत्री
,, श्री लक्ष्मीनारायण श्रेष्ठ
,, श्री नगेन्द्रवहादुर अमात्य
,, श्री कुमारघर शर्मा "ज्ञानी"
,, श्री गोविन्दमान श्रेष्ठ

सल्लाहकार– आ. खेमराज केशवशरण
,, पं. श्री सोमनाथ घिमिरे "व्यास"
,, श्री वद्री विक्रम थापा
,, श्री जगदीशलाल श्रेष्ठ हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री लक्ष्मीनारायण मन्दिर
शंखमूल आसन, ललितपुर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu